# चासुवा

वर्ष : २, अङ्कः १, २०७९

किरात बायुङ राई सुम्निखिम

केन्द्रीय कार्यसमिति

**संरक्षक**

किरात बायुङ राई सुम्निखिम

**सल्लाहकार**

आङ बहादुर राई (बुद्धिजीवि), बुद्धि कुमार ह्वाङ्गु राई (नक्सो),
यस बहादुर राई (समाजसेवी), मान बहादुर रूम्दाली राई
(वरिष्ठ अधिवक्ता), चक्रशेर राई (अधिवक्ता),
रसिक सम्यक किरात (उप-प्राध्यापक)

**प्रधान सम्पादक**

लोक बहादुर बायुङ राई

**सम्पादन**

नविन बायुङ राई, वसन्त बायुङ राई, किशोर बायुङ राई

**व्यवस्थापक**

रबिन बायुङ राई, दिपक बायुङ राई

**प्रकाशक**

किरात बायुङ राई सुम्निखिम
केन्द्रिय कार्य समिति, काठमाडौँ
Email: bayungsumnikhim@gmail.com

**डिजाईन, सेटिङ तथा छपाईः**
**अग्नी छापाखाना**

पुरानो बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४४६४५०६, मो.नं.: ९८५१०७६७२२

**मूल्य**

व्यक्तिगत - रू. १५०।-
संस्थागत - रू. २५०।-

# सम्पादकीय

हिरा खोज्न, हिरा पाउने पहाडमै पुग्नुपर्छ । अरू पहाडमा खोजेर पाइँदैन । बायुङ राईले बोल्ने मातृभाषाको जगेर्ना स्वयम् भाषीले गर्नुपर्छ । स्वभाषीले बेवास्ता गरेर अरू कसैले बचाइ देलान भन्नु दिवास्वप्ना हुनेछ भन्ने लागेर, अर्को कुरा बायुङ राईसँग हजारौं वर्षदेखि आजसम्म श्रुति परम्परामै बाँचेको र सामाजिक मुल्य, मान्यता, आदर्श र नैतिकता आदि स्थापित गर्न सहयोग गर्ने र हाम्रो संस्कृति, संस्कार र मर्यादको मुल स्रोत तुम्लो (मुन्दुम)को संरक्षण, सम्वर्द्धन र उत्थान गर्नको लागि लिपिबद्ध गर्दै जाने उद्देश्यका साथ सुम्निखिमको स्थापना गरिएको हो ।

अनुमान कल्पना हो भने अनुभव जीवनको सिकाइ हो । त्यसैले अनुभव सत्य हुन्छ । हाम्रो वास्तविकता, हाम्रो मातृभाषा बोलीचाली, व्यवहारमा छ, तर लिपिबद्ध सामग्री प्रकाशित पुस्तक या पत्रपत्रिका छैन । औपचारिक रूपमा पठनपाठन गर्न गराउन कठिन भएको छ । बायुङ स्वभाषीले आफैँले केही लेखेको छैन भने अरूले लेखि दिँदैन । कसैले लेखि दिए पनि त्यो अभिलेखको रूपमा मात्र रहन्छ । भाषा समाजमा क्रियाशील हुने विषय भएकोले स्वभाषीले चासो राख्नुपर्छ भन्ने अभियानमा सुम्निखिम लागेको छ । मातृभाषालाई जीवन्त दिन पठनपाठनको लागि आवश्यक पर्ने पाठ्य सामग्री पाठ्यपुस्तक निर्माण कार्यमा पनि जुटि सकेको छ ।

सुम्निखिमले राज्यसत्तासित राष्ट्रिय सवालहरू, जातीय अस्तित्वहरूका विषयमा समेत आवाज उठाउने गर्छ र उठाउँदै आएको पनि छ । मुख्य रूपमा मातृभाषा र तुम्लो (मुन्दुम) वाङ्मयका ज्ञानवर्द्धक मोतिहरू लोप हुन दिनु हुँदैन भन्ने पहिलो

कदम भएकोले यसलाई संस्थागत विकास गर्दै लैजानु पर्छ भन्ने तर्फ सुम्निखिमको ध्यानकेन्द्रित छ ।

बायुङ मातृभाषी हुन भन्ने राज्यले बुझेको छ । तर विगतको राष्ट्रिय जनगणनामा बायुङ भाषी कोड उल्लेख गर्न छुटेको हुनाले सुम्निखिमले त्यो विषयमा तथ्याङ्क विभागमा विनम्र अनुरोध गरेको छ । २०७८ सालको १२ औं राष्ट्रिय जनगणनाले अवश्य सच्याउने छ भन्ने सुम्निखिमको विश्वास छ ।

**सम्पादक मण्डल**

# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)

शङ्खमूल, काठमाडौं

प.सं. ७९/८०
च.नं. १२१

भाषा आयोग
शङ्खमूल, काठमाडौं
२०७३

मिति :२०७९/०८/२६

विषय : शुभकामना ।

किरात बायुङ राई सुम्निखिमले बायुङ राई भाषाको मुखपत्र **"चासुवा"**को दोश्रो अंक प्रकाशन गर्न लागेको थाहा पाँउदा मलाई खुशी लागेको छ । यस प्रकाशनले बायुङ राई समुदायको भाषा, इतिहास, धर्म, संस्कृति, परम्परा, दर्शन, मुन्दुम आदिको खोज अनुसन्धानमा उल्लेखनीय सहयोग पुर्‍याउने छ भन्ने मलाई लागेको छ । यसले बायुङ राई भाषाको मौलिक शब्दहरुको संरक्षण गर्नुको साथै बायुङ राई भाषालाई संवर्धन गर्नमा पनि मद्दत पुग्ने देखिन्छ।

नेपालको संविधानले नेपालमा बहुभाषिक समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । नेपालका सबै मातृभाषालाई राष्ट्रभाषाको रूपमा अङ्गीकार गरिएको सन्दर्भमा हाम्रा भाषाहरूको संरक्षण, संवर्धन गरी शिक्षा र कामकाजमा प्रयोग विस्तार गर्ने दिशातिर हाम्रो प्रयास केन्द्रित हुनु जरुरी छ । भाषाको सन्दर्भमा सबभन्दा महत्त्वपूर्ण पक्ष भनेको परिवारमा आफ्नो भाषाको प्रयोग नै हो । हाम्रा पुर्वजहरुले विश्वाससाथ हामीलाई सुम्पेर गएका हाम्रा भाषाको सगर्व प्रयोग गर्ने वातावरण निर्माणमा बायुङ राई भाषामा "चासुवा" जस्ता प्रकाशनले महत्त्वपूर्ण योगदान पुर्‍याउने छ भन्ने कुरामा म विश्वस्त छु ।

किरात बायुङ राई सुम्निखिमले "चासुवा" मुखपत्र प्रकाशन गर्ने कार्य सराहनीय एवं प्रशंसनीय रहेको छ । भाषा आयोगको तर्फबाट किरात बायुङ राई सुम्निखिमलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

उषा हमाल
का.वा.अध्यक्ष

फोन नं. ०१-५२४२२३३, ०१-५२४२५३४, ०१-५२४२०४८, अडियो नोटिसबोर्ड नं. १६१८०७०७२४२७२ फ्याक्स नं. ०१-५२४२२३१
इमेल: languagecommission2016@gmail.comवेबसाइट: www.languagecommission.gov.np

# आदिवासी जनजाति आयोग
## पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति :
२०७९।०९।०७

श्रीमान अध्यक्ष ज्यू,
किरात बायुङ राई सुम्निखिम,
केन्द्रीय कार्य समिति,काठमाडौ ।

विषयः शुभकामना ।

बायुङ भाषि राईहरूको साझा संस्था किराँत बायुङ राई सुम्निखिमको मुख पत्र **चासुवा** को दोश्रो अङ्क प्रकाशन गर्न लागेको जानकारी पाउदा अत्यन्तै हर्ष र गौरवको अनुभूति भएको छ । बहुजातीय, बहुभाषीक र बहुसाँस्कृतिक देश नेपालमा विभिन्न आदिवासी जनजातिले विभिन्न प्रकारका भाषा, संस्कृति, धर्म र परम्परा अङ्गालेका छन् । नेपालका आदिवासी जनजातिका भाषा, संस्कृति, संस्कार, धर्म लगायतका ज्ञान र पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि राज्यद्धारा स्थापित संवैधानिक निकाय आदिवासी जनजाति आयोग तपाईहरूको संस्था र समुदायलाई सशक्त बनाउन र संरक्षण गर्नको लागि सदैव प्रयत्नशील छ । तपाईहरूको हरेक कार्यमा आयोगको सहयोग र समर्थन रहने भएकोले यस्तो रचनात्मक काम निरन्तर भइरहोस भन्ने आशा गर्दछु ।

बायुङ भाषामा नामाकरण गरिएको यो पत्रिका **चासुवा** अर्थात खस नेपाली भाषामा यसको अर्थ छोरी चेलिलाई माइती मावलीले दिने **रीत** भन्ने हुन्छ । छोरी चेलीलाई माइतीले दिने मुन्दुमी रीत **चासुवा** आफैमा सुन्दर संस्कार र बहुमूल्य कोशेली हो । तपाईहरूले यो पत्रिका मार्फत किरात बायुङ राई समुदायको ज्ञान, भाषा, संस्कृति, धर्म जस्ता विभिन्न चासुवा या रीत, उपहार तथा कोशेलीको रूपमा राज्य र समाजको लागि दिदै आउनु भएको छ । आदिवासी जनजाति समुदायमा पहिचानको रूपमा स्थापित भएका अमूल्य ज्ञान, प्रथा र परम्पराहरू मासिदै गएको अवस्थामा त्यस्ता निधिहरूलाई संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि स्थापित किराँत बायुङ राई सुम्निखिम संस्थाले यस्ता प्रकाशन निरन्तर गरिरहोस र प्रकाशित **चासुवा** बायुङ् समुदायको साथै अन्य आदिवासी जनजाति र सम्पूर्ण नेपाली समुदायलाई पनि **चासुवा** (कोशेली) बनोस भन्ने **शुभकामना** आयोगको तर्फबाट व्यक्त गर्दछु । धन्यवाद ।

रामबहादुर थापामगर
(अध्यक्ष)

# विषयसूची


| सि.नं. | शिर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | जाति सूचीकरणको विस्तृत वृतान्त | ज्ञान बायुङ राई (सेचोचा) | १–११ |
| २. | परलोक | लोक बहादुर बायुङ राई | १२–२२ |
| ३ | किराती भाषाहरूमा पठनपाठनको अवस्था | डा. तारामणि राई | २३–३७ |
| ४. | बायुङ राईः जन्मदेखि मृत्यु संस्कारको संक्षिप्त चिनारी | किशोर राई बायुङ | ३८–५३ |
| ५. | याक्थुङ (लिम्बू आदिवासीको प्रथाजनित संस्था 'चुम्लुङ | डा. कमल तिगेला | ५४–७१ |
| ६. | ज्ञानी बन्नु छ | सिमांकन बायुङ राई | ७१ |
| ६. | रिब्जुङबाट यसरी खेदियो जोगी | खुक्सङ खम्बु राई | ७२–७७ |
| ७. | सुम्नि ब्यार्बाको मिथक | पुण्यबहादुर बायुङ राई | ७८–८२ |
| ९. | किरात बायुङ राई सुम्निखिमको सांगठनिक अवस्था, गतिविधि र दृष्टिकोण | युवराज बायुङ राई | ८३–१०८ |
| १०. | किसन राई र किरात बायुङ राई सुम्निखिम हङकङ | ज्ञान बहादुर बायुङ राई | १०९–११३ |
| ११. | बायुङ रदु (राई को उत्पत्ति र झाम्चा (सेलेमि) र नक्सोको भुमिका | नरभक्त बायुङ राई | ११४–११९ |
| १२. | बल वहादुर राईको संक्षिप्त चिनारी | साभार | १२०–१२३ |
| १५. | बायुङ भाषाको कविता "मिम्तङ" | आइती बहादुर बायुङ राई | १२४ |
| १३ | गजल | प्रशान एलुङ राई | १२५ |
| १४. | मुक्तकहरूः | युम्बुमि अलिम्चा | १२६ |
| १६. | बायुङ राई भाषा सिकाई | वसन्त बायुङ राई | १२७–१३८ |
| १७. | गजल | जे.बि. जिज्ञासु | १३८ |
| १८. | आमा (कविता) | सुष्मा बायुङ राई | १३९ |
| १९. | आर्थिक प्रतिवेदन | पार्वती (रिम्वाफुङ) राई | १४०–१४८ |
| २०. | संस्थागत कार्यक्रमका झलकहरू | वसन्त राई | १५९–१५२ |

# जाति सूचीकरणको विस्तृत वृतान्त



- ज्ञान बायुङ राई सेचोचा
अध्यक्ष

## क) विषय प्रवेश:

प्रयोगात्मक नेपाली शब्दकोश अनुसार आदिवासी भन्नाले कुनै भूभागमा प्रचीन समयदेखि बसोबास गरेको जाति तथा कुनै देश वा प्रदेश बन्नुभन्दा पहिले देखि बसोबास गर्दै आएको जाति भनेर परिभाषित गरिएको छ । त्यसैगरी जनजाति भन्नाले भाषा, संस्कृति आदिले मूलधार भन्दा भिन्न जीवनशैली भएको जाति भनेर परिभाषित गरेको छ । त्यसैगरी नेपालको 'आदिवासी जनजाति' राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन-२०५८ ले निम्नानुसार परिभाषित गरेको छ:

> "आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ ।

त्यस्तै गरी आदिवासी जानजातिको परिभाषा दिनेक्रममा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) र UNO Centre for Human Rights ले निम्नानुसार परिभाषित गरेका छन्:

> *Indigenous peoples are descendants of the original inhabitants of many lands, strikingly varied in their cultures and patterns of social and economical organizations............ all indigenous peoples retain a strong sense of their distinct cultures, the most salient features of which is special relationship to the land.*
>
> *UNO's draft declaration*

> *Indigenous or aboriginal peoples are so called because they were*

*living on their lands before settlers came from elsewhere, they are the descendants according to one definition of those who inhabited a country or a geographic region at the time when people of different cultures or ethnic origin arrived, the new arrivals later bearing dominant through conquest, occupation, settlement or others means.........*

*(Human Rights, Fact Sheet No=9M1)*

यसरी उल्लेखित विभिन्न परिभाषाहरूले आदिवासी जनजातिको विभिन्न विशेषताहरूमा जोड दिएका छन् । जसमध्ये आदिवासीपन, ऐतिहासिक भूमि, मौलिक संस्कार र संस्कृति, आफ्नै भाषा, आफ्नै जीवन दृष्टि र जीवन पद्धति रहेका छन् ।

### ख) नेपालको सन्दर्भमा आदिवासी जनजाति सम्बन्धी व्यवस्थाः

विश्व विकासक्रमको इतिहास पल्टाउदै जाँदा आदिवासी तथा मुलवासीहरू आफ्नै ऐतिहासिक थलोमा छायाँमा परेको देखिन्छ । आफ्नै देवी देउराली अघि निरीह जीवन बिताउन बाध्य परिएको हुन्छ । आफ्नै भूमिमा शासित भएर कसैको अधीनमा रहेर बस्नु परेको तितो यथार्थहरू प्रशस्तै देखिन्छ । जसले गर्दा उनीहरूको आदिवासीपनको बास्ना दिनानुदिन घट्दै जाँदै छ । उनीहरूको भाषा, कला, धर्म, संस्कार र संस्कृतिहरू लोप हुने दिशातिर अग्रसर भइरहेको छ । जुन आजको एक्काइसौं शताब्दीको उत्तरार्द्धमा पनि विभिन्न रूपमा चलिरहेको छ ।

यही कुरालाई मध्यनजर राखी विश्वभरका आदिवासी मुलवासीहरूको हकहित र उनीहरूको विकासको मुख्य उद्देश्य राखेर संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले सन् १९८९ को २७ तारिखको दिन ILO convention 169 घोषणापत्र पारित गरेको छ भने उक्त घोषणपत्रमा विश्वका करिब २०० मुलुकहरूमध्ये नेपाल लगायत १९ देशहरूले हस्ताक्षर गरेका छन् । संयुक्त राष्ट्रसंघीय तथ्यांकअनुसार हाल विश्वमा ३७० मिलियन आदिवासीहरू विभिन्न ७० भन्दा बढी देशहरूमा बसोबास गरिरहेका छन् भने यो विश्वको

जनसंख्याको करिब ६ प्रतिशत रहेको छ । त्यस्तैगरी विश्वभर लगभग ५,००० भन्दा बढी आदिवासीहरू रहेको अनुमान गरिएको छ ।

नेपालको सन्दर्भमा भने वि.सं. २०५८ सालमा "आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८" जारी गरेपछि राज्यस्तरबाट औपचारिकरूपमा आदिवासी जनजातिको हक अधिकारको सन्दर्भमा ठोस कार्यहरू गर्न कानुनी ढोका खुलेको छ भने उक्त ऐनले जाति बन्ने मुख्य सातवटा आधारहरू निम्नानुसार निर्दिष्ट गरेको छः

(क) जसको आफ्नो छुट्टै सामुहिक साँस्कृतिक पहिचान छ,
(ख) जसको परम्परागत भाषा, धर्म, रितीरिवाज र संस्कृति छ,
(ग) जसको आफ्नो लिखित वा अलिखित इतिहास छ,
(घ) जसको परम्परागत सामाजिक संरचना समानता छ,
(ङ) जुन समुहको आधुनिक नेपालीको राजनिती र शासन व्यवस्थामा निर्णायक भुमिका छैन,
(च) जो चार वर्णको हिन्दु वर्णाश्रम व्यावस्थाभित्र पर्दैनन् र
(छ) जो आफुलाई आदिवासी भनी दाबी गर्छन्

नेपालको सन्दर्भमा माथि उल्लेख मापदण्ड अनुसार कुनै पनि आदिवासी तथा जनजातिहरू औपचारिकरूपमा कानुन संवद्धरूपले नयाँ जातिको मान्यता पाई सुचीकरण हुन सक्दछ । "आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८" अनुसार हाल सम्म नेपालमा ५९ जातिहरू आदिवासी जनजातिको रूपमा सुचीकृत भएका छन्, जुन निम्नानुसार रहेका छन्ः

१) किसान, २) कुमाल, ३) कुशवाडिया, ४) कुशुण्डा, ५) गनगाई, ६) गुरूङ, ७) चेपाङ, ८) छन्त्याल, ९) छैरोतन, १०) जिरेल, ११) झाङगड, १२) डोल्पो, १३) ताङ्वे, १४) ताजपुरिया, १५) तामाङ, १६) तीन गाउले थकाली, १७) तोप्केगोला, १८) थकाली, १९) थामी, २०) थारू, २१) थुदाम, २२) दनुवार, २३) दराई, २४) दुरा, २५) धानुक (राजवंशी), २६) धिमाल, २७) नेवार, २८) पहरी, २९) फ्री, ३०) बनकारिय, ३१) बरामो, ३२) बाह्र गाउले, ३३) बोटे, ३४) भुजेल, ३५) भोटे, ३६) मगर, ३७) माझी, ३८) मार्फाली थकाली, ३९) मुगाली,

४०) मेछे (वोडो), ४१) याक्खा, ४२) राई, ४३) राउटे, ४४) राजवंशी (कोछ), ४५) राभ्fी, ४६) लार्के, ४७) लिम्बू, ४८) लेप्चा, ४९) ल्होपा, ५०) ल्होमी (शिङ्सावा), ५१) वालुङ, ५२) व्यासि, ५३) शेर्पा, ५४) सतार (सन्थाल), ५५) सियार, ५६) सुनुवार, ५७) सुरेल, ५८) हायु (वायु) र ५९) ह्याल्मो आदि ।

## ग) जाति सूचीकरणको अभियानः

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र "आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८" जारी भएपछि नेपालको सन्दर्भमा विभिन्न भूगोलमा बसोबास गरेको आदिवासी वा मुलबासीहरू निश्चित स्वार्थको साथ तीव्र गतिमा जागरूक हुन थालेको पाइन्छ भने कतिपय फेरि पनि नयाँ-नयाँ जाति बनाउनुको लागि पर्याप्त मापदण्ड र आधारहरू पुरा नगरी केही सा-सानो झुन्ड संगठन बनाई मुल जातिबाट चैटिएर जानको लागि सूचीकरणको ठूलो अभियान अग्रसर भएका तथ्यहरू पाईन्छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापन पछि विशेषगरी मगर जातिबाट पुन मगर, गुरूङ जातीबाट घले, नेवार जातिबाट देउला, थारू जातिबाट राणा थारू र राई जातिबाट १४ किसिमको राईहरू अलग भएर सूचीकरणको प्रक्रियामा छन् । उनीहरू सुचीकरणको अभियानमा लागेर सम्बन्धित कार्यलय तथा निकायहरू आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रातिष्ठान, आदिवासी जनजाति आयोग, केन्द्रिय तथ्यांक विभाग, मानव अधिकार कार्यलय र विभिन्न राजनैतिक पार्टीको कार्यालयमा औपचारिक रूपमा ज्ञापनपत्र पटक - पटक बुझाएर प्रयास गरिरहेको छन् । यसरी कदम चालिनु पछाडिको उद्देश्य सूचीकरण पश्चात्को लोपोन्मुख, अल्पसंख्यक र पिछडिएकाको समुदायको नामबाट ठूलो लाभ लिने प्रलोभनमा देखिन्छ ।

### घ) सुचीकरणमा गएको गैर राई (Non – Rai) हरुको अवस्था

नेपालको बारेमा अध्ययन गर्दा विशेषगरी मातृभाषा, तुम्लो (मुन्दुम), प्रथाजनिक चालचलन, सँस्कृति, भुगोल, इतिहास, आर्थिक जीवन, जीवन प्रणाली, सामाजिक जीवन, र मानव विकास र बिस्तारको बारेमा गहन अध्ययन नगरी आ–आफ्नै पाराले विश्लेषण गरियो भने त्यसले पूर्णत पाउन सक्दैन । यसै क्रममा, जब आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान २०५८ मा स्थापना भए पश्चात् केही राईहरू हामी राई हैन भनेर नयाँ संस्था स्थापना गरी संस्थाको सबै प्रमाणपत्रमा राई उल्लेख नगरी राई जातिबाट टुक्रिएर सूचीकरणको प्रकृया गएका छन् । अध्ययन अनुसार, करिब ३३ किसिमको राईहरूको भाषा, धर्म, लिपि, भुगोल, सँस्कृति, सामाजिक अस्तित्व, इतिहास, मनोवैज्ञानिक र विकास उस्तै, साझा र परिपुरक छन् । सुचीकरण उन्मुख समुहहरूले विभिन्न सम्बन्धित कार्यलयहरूमा गई पटक – पटक ज्ञापनपत्र बुझाई नयाँ जाति निर्धारण गर्न माग गरेको देखिन्छ । उनीहरूको मागलाई अध्ययन गर्दा ILO – 169 र प्रतिष्ठान २०५८ ऐन अनुसार कुनै हालतमा नयाँ जाति बन्न सक्दैन । अर्कोतिर प्रतिष्ठानले अनुसन्धान नगरी र सिफारिस नगरी केन्द्रिय तथ्यांक विभागले नयाँ जाति कोड दिन मिल्दैन । यसै क्रममा, कुनै समयमा थारू जातिबाट राणा थारूलाई जबर्जस्त नियम मिचेर नेपाल राज्य सत्ताले संसद वा क्याबिनेटबाट सुचीकरण गरे तापनि अहिलेसम्म वैधानिक तवरले नयाँ जातिकोरूपमा सुचीकृत हुन सकेको छैन । राणा थारूको अवस्था गम्भीर छ न त ओकल्नु न त निल्नु जस्तो भएको छ । न त मुल जाति थारूमा मिसिनु न त चैटिएर जानू अवस्थामा पुगेको देखिन्छ । विधि र प्रक्रिया पूरा नगर्दा यो दुर्घटना भएको छ ।

किरात राई समुदाय भित्र निरन्तर सुचीकरणको अभियान संचालन गर्ने क्रममा २०६८ सालको जब बाह्रौं राष्ट्रिय जनगणना आयो

त्यो समयमा जातिको महलमा 'राई' लेख्नु र लेखाउनु पर्नेमा सुचीकरण उन्मुख टोलीले भाषिक नाम लेखाए । जस्तो जातिको महलमा 'बाहिङ, कुलुङ, थुलुङ, खालिङ' आदि लेखाए । अन्तमा, केन्द्रिय तथ्यांक विभागले विज्ञ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सङ्ग समन्वय नगरी भाषिक समुहलाई भटाभाट नयाँ जातिकोड नं. दियो । यो कदम विधान र ऐन सङ्ग मेल नखाएको अवस्था छ । यसरी १४ किसिमको राईहरूले राई जातिबाट फुट्न पाऊँ भन्दा १२ किसिमको समुदायहरूलाई नयाँ जाति बनाएको देखिन्छ र नयाँ जाति कोड नं. पाउने राई भित्रका भाषिक समुदाय निम्नानुसार छन्ः

१) जाति - कुलुङ - कोड (६२),
२) जाति - नाछिरिङ - कोड (८५),
३) जाति - याम्फु - कोड (८६),
४) जाति चाम्लिङ - कोड (८८),
५) जाति- आठपहरिया - कोड (८९),
६) जाति- बान्तावा - कोड (९४),
७) जाति- थुलुङ - कोड (१००),
८) जाति- मेवाहाङ - कोड (१०३),
९) जाति- बाहिङ - कोड (१०४),
१०) जाति- साम्पाङ - कोड (११४),
११) जाति- खालिङ - कोड (११७) र
१२) जाति- लोहरूङ - कोड (१२९) आदि ।

हालसम्म जो जो राई जातिबाट चैटिएर सूचीकरणमा गएका छन् उनीहरू प्रतिष्ठानको ऐन २०५८ को प्रावधान अनुसार नयाँ जातिको रूपमा मान्यता पाइसकेको अवस्था छैन । उनीहरूलाई प्रतिष्ठानले नयाँ जातिको रूपमा सिफारिस गरेको छैन । वि.सं. २०५८ साल देखि २०७८ साल सम्म गरेको प्रयास स्वरूप भाषिक र जातिय रूपमा लोपोन्मुख र अल्पसंख्यक हुन पाएको छन् ।

## ङ) सूचीकरणमा जानुको प्रलोभनः

पछिल्लो समयमा, जो जो सूचीकरणको अभियान चलाएर गएका छन् उनीहरूले जातिको महलमा 'राई' उल्लेखित नागरिकताको प्रमाणपत्र बोकेको छन् । यद्यपि कतिपय अवस्थामा 'राई' जाति नै उल्लेखित नागरिक प्रयोगगरी किरात राई यायोख्खा, जिमि (राई) उत्थान सोलु, र किरात बायुङ राई सुम्निखिम लगायतका किरातजन्य संघसंस्थाहरूबाट फाइदा पनि प्राप्त गरि रहेको छन । तर सुचीकरणको नारा र मुद्दा बोकेर निरन्तर हिँडी रहेको पनि अवस्था छ । यसरी दोहोरो चरित्रको खेलले हाम्रो समाज भलखाँडोमा पुराइरहेको अवस्था छ  भने सूचीकरणमा गए पश्चात राज्यसत्तले अल्पसंख्यक र लोपोन्मुख जातिको निम्ति प्रदान गर्ने सेवा, सुविधा, भात्ता, र आरक्षण आदिको लोभ र मोहको स्वार्थ साथै स्थानीय तह देखि लिएर केन्द्रसम्म आफ्नो राजनीति पहुँज हुन्छ भन्ने दिवास्वाप्ना ले गर्दा सोझो सीधा आदिवासीको समुदायलाई तहस नहस बनाइरहेको तथ्यले देखाउछ । जातिको महलमा 'राई' अंकित नागरिकता बोकेर फेरि राईको नै विरोध गर्दै हिँड्नु कति औचित्यपूर्ण छ? त्यो त समयले प्रस्ट पार्दै लानेछ ।

## च) केन्द्रिय तथ्यांक विभागको कमजोरी पक्षः

राष्ट्रिय स्तरको तथ्यांक विभागले नेपालको आदिवासी जनजातिको हकमा कुनै तथ्यांकहरू प्रकाशन गर्दा गहिरो अध्ययन अनुसन्धान नगरी प्रकाशन गर्ने कमजोरीहरू गरेको अवस्था रहेको छ । उदाहरणको निम्ति भाषाशास्त्रीहरूको मतअनुसार बायुङ भाषा र सुनुवार (कोइँच) भाषा १४ औ शताब्दीसम्म एउटै भाषा थियो । बायुङ भाषा सुनुवार (कोइच), वाम्बुले, थुलुङ, जेरूङ भाषासँग केही हदसम्म मिल्न जान्छ । यी भाषाहरूको गहिरो अध्ययन गर्नु आवश्य रहेको छ । त्यस्तैगरी कुलुङ र नाछिरिङ मातृभाषा पनि करिब मिल्दछ । उस्तैगरी आठपहरिया, बान्तावा, लिम्बु र याख्खा

मातृभाषाबीचमा पनि सामीप्यता पाइन्छ तर पनि खोज अनुसन्धान नगरी तथ्यांकहरू प्रकाशन गरिएको अवस्था रहेको छ । कतिपय अवस्थामा प्रकाशित तथ्यांकहरू मिथ्यांकको रूपमा परिणत हुने अवस्था रहेको छ ।

## छ) के हो पहिचान ?

मानव जातिको अध्ययन गर्ने क्रममा Hobel (1996) ले मानवलाई तीन जातिमा विभाजन गरेका छन् । जसमध्ये पहिलो मङ्गोल नश्ल (Mongloid), दोस्रो हब्सी नश्ल (Negroid), र तेस्रो आर्य नश्ल (Caucasoid) रहेका छन् । उक्त वर्गीकरणअनुसार हेर्नुपर्दा किरात राई जातिहरू मङ्गोल नश्ल (नाक थेप्चे) अन्तर्गत पर्दछन् ।

मानव विकास क्रमलाई क्रमशः वर्गीकरण गर्दै जाँदा सुरूमा सजीव प्राणी । त्यसपछि चिम्पान्जी । त्यसपछि मानव । त्यसपछि मङगोल (नाक थेप्चे) । त्यसपछि किराँती । त्यसपछि किराँती अन्तर्गत राई, लिम्बु, सुनुवार र याक्खा । त्यसपछि राई अन्तर्गत बायुङ, थुलुङ, वान्तावा लगायतका भाषिक समुदाय पर्दछन् भने त्यसपछि बायुङ अन्तर्गत हेर्ने हो भने बायुङ भित्रका विभिन्न दोःचा (पाछा/सामे) हरू पर्दछन् । जस्तो : सेचोचा, नाम्बेर्साचा, मुपुचा, दुङमोचा, युम्बुचा, थाम्रोचा, रिनाम्साचा आदि । उल्लेखित वर्गीकरणभित्र कुनै एक एकल व्यक्ति समावेश भएको हुन्छ । उसको पहिचान त्यहीँ वर्गीकरण भित्र अटाएको हुन्छ । डा. हर्क गुरूङका अनुसार आदिवासीको जाति हुदैन । पहिचान भन्ने बित्तिकै नश्लिय कुरा हो भन्ने आरोप आउछ तर त्यो गलत सोचाई हो बरू पहिचान सङ्ग इतिहास, विरासत, जल, जमिन, जङ्गल, प्रथाजनिक चालचलन, आर्थिक जीवन प्रणाली, सामाजिक जीवन प्रणाली, मातृभाषा, लिपि, मनोवैज्ञानिक चिन्तन र विकास तथा बिस्तार आदि जस्तो महत्त्वपूर्ण विषयवस्तुहरूको अन्तर घुलन भएको हुन्छ ।

## ज) किरात राईको लिखित र अलिखित इतिहास के छ ?

इतिहास हेर्दा, यलम्बरको पालादेखि ओखलढुंगाको तलुवागढी, भोजपुरको हतुवागढी, धरान विजयपुरको भताभुङ्गे दरबार सम्मको अध्ययन गर्दा किरात राईहरू एउटै पुर्खाको सन्तान हुन् भन्ने देखिन्छ । वि.सं. १८३१ साल देखि आदिवासीको दिनचर्या झन झन खस्किदै गयो । वि.सं. २०५८ मा आदिवासी जानजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको स्थापना पश्चात केही आदिवासीहरू टुक्रा टुक्रा भएर सरकारले दिएको राहतको भरमा बाँच्नु खोज्ने अल्छे भए । जो उच्च स्तरको शिक्षा आर्जन गरेका छन् उनीहरू पनि लोपोन्मुख तथा अल्पसंख्यक आरक्षण कोटामार्फत् जागिर खाने प्रलोभनमा परेको देखिन्छ । नेपालमा करिब ३३०० - ३५०० वर्ष किरातिहरूले शासन गरे तर अहिले उही वंशका किराती राईहरू सुचीकरणको कारणले छिन्नभिन्न हुँदै गइरहेका छन् । यो एकदम दुःखद पक्ष हो ।

अध्ययन अनुसार, किरातको लिखित इतिहास १०,००० - १२,००० वर्ष प्राचीन देखिन्छ । यो निर्माणात्मक पहिचान हो । प्रचीन किरात भूगोलमा अहिले ३०-३५ देशहरु फैलिएको छन् । किराँती भित्रको एक प्रमुख जाति हो 'राई' । 'राई' जाति प्रकृत र निर्माणात्मक दुवै पहिचान हो । राईको लिखित इतिहास २००० वर्ष भन्दा पुरानो भेटिन्छ भने अर्कोतिर 'राई' नामको प्रयोग किरात बायुङ राईको तुम्लोमा पनि प्रयुक्त भएको भेटिन्छ । बायुङ राईको ताम/आलोचा तुम्लो अर्थात् माइला पित्रको तुम्लो (मुन्दुम)मा चल्बिचाले ढेमु राई के पिया थेपो कल्ता के...? भनेर भनेर नक्सलाई तुम्लो (मुन्दुम)को सिली गर्नलाई सामग्रीहरू प्रदान गर्दछन् । अर्कोतिर, 'राई' नाम लाई प्रोचा, प्रोच्यु, रदु, रव्दी, राडु, रोदुङ, सिङ्से र किरावा भनेर समेत किराँती मातृभाषामा भनिन्छ । वाम्बुले राई र थुलुङ राईको मुन्दुममा पनि राई शब्दको प्रयोग हुन्छ भन्ने तथ्यहरू रहेका छन् । सूचीकरणमा जाने केही समुहहरूले 'राई'

भनेको पृथ्वीनारायण शाहले दिएको पगरी हो भनेर गलत व्याख्या गरिरहेको छन । तथ्यपरक दृष्टिले हेर्ने हो भने पृथ्वीनारायण शाहको कालखण्ड र किरात राईको कालखण्ड हजारौं वर्षको फरक रहेको छ ।

अन्त्यमा, मानव जाति स्वतः विकास र विस्तार चाहन्छ तर यो मगन्ते पाराले होइन । आजको समय भनेको विज्ञान र प्रविधिको हो । करिब २५० वर्षको अवधिमा उच्च बिन्दुमा पुगि सकेको छ । अहिलेको आदिवासीहरू तथा सम्पूर्ण मानव समुदायहरू डटेर, प्रतिस्पर्धा गरेर, गतिशीलता भएर, दुरदर्शिता र पारदर्शिता भएर राष्ट्रको र माटोको रक्षक भएर अघि बढ्नु पर्छ । इतिहास बिनाको कोहि पनि मानिस हुदैन । समाज बिनाको कोहि पनि हुदैन । एकता र राष्ट्रियता बिना केही प्रगति र उन्नति भएको देखिँदैन । प्रकृति न्यायको सिद्धान्त अनुसार नचली यो संसार केहि हुनेवाला देखिँदैन । यो पृथ्वी भुमण्डलीकरण भई सकेको छ । त्यसैले, सबै जना प्रकृतिवादी हुनु जरूरी छ । सबैजना मौलिकतावादी हुनु जरूरी छ । मौलिकता र प्रकृतिसँग जति धेरै समन्वय र सन्तुलन गरियो त्यति नै धेरै उपलब्धी नै उपलब्धी हुने देखिन्छ । यो प्रकृतिको नियम हो । विज्ञानले समेत साबित गरेको छ ।

**सन्दर्भ सामग्रीहरुः**


- *आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८*
- *डा. हर्क गुरूङ (२००६). विषय विविध, हिमाल किताब प्रा.लि.*
- *लाल-श्याँकारेलु रापाचा, वाग-आयाग्यामी यालुङ्छा र अमर तुम्याङ (२००८). इन्डो-नेपाल किँराती भाषाहरू विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू, किराँतविज्ञान अध्ययन संस्थान, काठमाण्डौं नेपाल ।*
- *(सम्पा.) उद्ववदेव उपाध्याय र महेन्द्रप्रकाश शिवाकोटी (२०७०), आर्य-खसका १५००० वर्ष, मधुवन प्रकाशन ।*
- *https://en.wikipedia.org/wiki/Indigenous_peoples#Population_and_distribution*

**स्रोत व्यक्तिहरुः**

*डा. कृष्ण भट्टचन (समाजशास्त्री), डा. तारामनि राई (उप-प्राध्यापक त्रि.वि./भाषाशास्त्री), डा. लाल श्याँकारेलु-रापाचा (भाषाशास्त्री), प्रो. डा. ओम गुरूङ (मानवशास्त्री), प्रो. डा. योगेन्द्र गुरूङ (केन्द्रिय विभाग प्रमुख, जनसंख्या तथा तथ्यांक शास्त्र), डा. केशवमान शाक्य (समाजसेवी), दिवस राई (पूर्व केन्द्रीय अध्यक्ष किराया/आदिवासी जनजाति महासंघ), राम मादेन लिम्बू (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान्), खुक्सङ खम्बु राई (कवि/लेखक), विकास वाम्बुले राई (समाजसेवी), किशोर बायुङ राई (तुम्लो अध्येता)*
*डा. हर्क गुरूङ - समाजशस्त्री, मानवशास्त्री र भुगौलशास्त्री*
*प्रो. डा. - सुरेन्द्र के.सी - आर्य - खसका १५००० बर्ष*

# परलोक



**- लोक बहादुर बायुङ राई**
मुन्दुम अध्येता

म को हुँ? अरू को हुन ? र मसँग के सम्बन्ध छ ? अरू को हुन ? र अरूसँग मेरो के सम्बन्ध छ ? भन्ने कुरा छुट्याउन सक्ने गहन ज्ञान भएको व्यक्तिले अहङ्कारलाई त्याग्न सक्छ । उसले आफ्नो दायित्व र कर्तव्य बहन गर्न जान्दछ । उसलाई आध्यात्मिक ज्ञानको महत्व थाहा हुन्छ । आध्यात्मिक ज्ञान बिना जीवन र जगतको महत्व छैन भन्ने कुराको बोध हुन्छ । उसले आध्यात्म ज्ञानलाई विज्ञानसँग जोड्न सक्छ । ध्यानबाट प्राप्त गरेको दिव्य ज्ञानले विज्ञानले समेटेका भौतिक तत्व भन्दा बाहिरको र विज्ञानले समेट्न नसकेको अलौकिक तत्वलाई पनि आध्यात्मिक ज्ञानले समेटेको छ । अलौकिक तत्वमध्ये मानवको भौतिक शरीरलाई छोडेर जाने आत्मा परूमा सोझै जान्छन् । समय, काल र परिस्थिति अनुसार विभिन्न लोकमा रूवापाँले पठाउने काम गर्छ । मानिसले आफ्नो जुनीभरि गरेको सम्पूर्ण कामको अभिलेख रूवापाँसँग हुन्छ । त्यही अभिलेखको लेखाजोखा गरेर आत्मालाई उपयुक्त ठहर भएको लोकमा पठाउने काम रूवापाँले गर्छ । भौतिकवादले विज्ञानसँग दाँजेर यस कुरालाई अस्वीकार त गरेको छैन । विज्ञानले पनि आकाश र धर्तीलाई चार दिशामा विभाजन गरेको छ । आकाश र धर्ती आफैंले निर्धारण गरेर दिशा तोकेको होइन । मानिसले काल्पनिक रूपमा आकाश धर्तीलाई विभाजनको रेखा कोरेका हुन् । त्यसकारण मान्छेको परिकल्पनामै विज्ञान बाँचेको छ भने अलौकिक तत्व पनि मान्छेको आध्यात्मिक ज्ञानको परिकल्पनाबाटै सृष्टि भएको हो । त्यसैले

के भन्न सकिन्छ भने आध्यात्मिक ज्ञानको आधार पनि मान्छे र विज्ञानको प्रयोगकर्ता पनि मान्छे अनि विज्ञान सामु आध्यात्मिक ज्ञान तथ्यहीन भनेर सावित गर्न सकिन्छ त ?

आस्था र विश्वास प्रबल तत्व हो । आस्था र विश्वासले ढुङ्गाको मूर्तिले पनि देवता बन्ने अवसर पाउँछ । त्यसवेला मान्छेको हृदयमा देवताको बास हुन्छ । जब ढुङ्गाको मूर्तिलाई पानीले पखालिन्छ । तब मूर्ति मात्र होइन मान्छेको आत्मा पनि शुद्ध हुन्छ । शुद्ध आत्मामा भक्ति भाव जागृत हुन्छ । मान्छेको मनमा रहेका अहङ्कार, घमण्ड र खराब चिज दूर भएर जान्छ । अनि मान्छेको चित्त प्रसन्न भइ मुक्ति प्राप्त गर्छ । उसको मनमा सेवाभाव उत्पन्न हुन्छ । जब मान्छेको परिकल्पनाको आधारमा अटल विश्वास,प्रसन्न चित्त र सेवाभाव पुरा हुन्छ,उसको इहलिला पनि पूर्ण भइ उसले देहत्याग गर्छ । उसको भौतिक शरीरलाई हंश वा आत्माले छोडेर जान्छ । त्यसपछि मान्छेको मृत्यु भएको घोषणा गरिन्छ । तुम्लो (मुन्दुम) दर्शन अनुसार मान्छेको आत्माले भौतिक शरीर छोड्ने बित्तिकै त्यो आत्मा परूमा जान्छ । परूमा रूवापाँको सामु उपस्थित हुन्छ । जुन मान्छेले यस लोकमा जस्तो कर्म गरेको छ त्यस कामको अभिलेख परूवासी रूवापाँसँग हुन्छ । अभिलेखले कोरेको भाग्यले जुराएको लोकमा आत्माले जानु पर्छ । रूवापाँले सम्मानपूर्वक पठाउने काम गर्छ । त्यो आत्मा पठाएको लोकसम्म लैजाने जिम्मा जाम्चाको हुन्छ । जाम्चाले सुत्र मन्त्रको शक्तिले बाँधेर दुतको सहयोगमा पुऱ्याउँछ । जगत र सुत्र मन्त्रको सम्बन्ध यस्तो हुन्छ कि चराचर जगत सुत्र मन्त्रको अधीनमा हुन्छ । सुत्र मन्त्र नक्सो र जाम्चाको अधीनमा चल्छ वा हुन्छ ।

रूवापाँले तोकेको लोकसम्म सुत्र मन्त्रको शक्तिले जाम्चाले त्यस आत्मालाई पुऱ्याउने काम गर्छ । त्यो काम सम्पन्न गर्नको लागि जाम्चाले परलोकमा रहेका आत्मामध्ये दुई आत्मालाई खिदी वा दुत नियुक्ति गर्छ । ती खिदीले जुनसुकै परिस्थितिमा पनि निश्चित

गरिएको लोकमा आत्मालाई पुऱ्याउँछन भन्ने विश्वास हुन्छ । सारा संसार विश्वासमा अडेको छ । तपाइँ हामी एक अर्काको विश्वास र मद्दतका भरमा बाँचेका छौं । विश्वास भन्दा ठूलो कुरा दुनियाँमा केही छैन । विश्वास र मन्त्रको शक्तिले निर्जीव वस्तु पनि जीवित बन्छन् । आत्माले गडबड गर्ला कि भनेर कडा सुरक्षाको व्यवस्था गरिएको हुन्छ । यदि आत्मा भाग्न खोज्यौ भने आत्मा नष्ट हुन सक्छ । त्यसैले तोकिएको लोकमा सुरक्षाको दायराभित्र आत्मा बस्नु पर्ने हुन्छ भन्ने कुरा तुम्लो (मुन्दुम) दर्शनमा उल्लेख गरिएको छ । मुन्दुम दर्शन अनुसार परलोक निम्न छन् ।

**१. ज्याक्चा दु:-** मृत्यु सत्य हो । मृत्युबाट कोही पनि जोगिन सकिँदैन । जन्मेपछि मर्नु पर्छ वा मर्नकै लागि जन्मेका हौं । मानिसले बाँचुञ्जेल कर्म गर्नै पर्छ,त्यो पनि असल । कर्म गर्नकै लागि जन्मिन्छन् । आफूले थालेको काम पूरा गर्नु पर्छ,आधा काम छोड्नु हुँदैन । काम गर्नको लागि समय चाहिन्छ । मानिसले काम वा कर्म गर्न पाएको समयलाई आयु भनिन्छ । मानिसले काम गर्दागर्दै वा काम शुरू नै नगरी अल्पआयुमै मृत्यु भएको खण्डमा रूवापाले अभिलेख हेरेर परूबाट सुहाउँदो लोकमा लैजान नक्सो र जाम्चालाई आदेश दिन्छ । कर्म पूरा गरेर मृत्यु भएको भए पनि केही समय पछि आत्मा अर्को लोकमा जानै पर्छ ।

जन्म मृत्युमै अन्त भए पनि कहिले काँही शिशु जन्मदा जन्मदै प्राण गएको, धर्ती टेक्ने बित्तिकै मृत्यु भएको र अन्न प्राशन वा भात खुवाइ नगरी वा बच्चाको बोली नफुटी मृत्यु भएमा त्यस्तो बच्चाको लोली र बोली हुँदैन । त्यस्तो मृत्युलाई अल्पायुकै मृत्यु मानिन्छ ।

त्यस्ता आत्मा बस्ने लोक ज्याक्चा दु हो । जाम्चाले सुत्र मन्त्रद्वारा आत्मालाई ज्याक्चा दुमा पुऱ्याउँछ । सँधैभरि त्यही लोकमा बस्ने निर्देशन दिन्छ । बेइमान गरेर त्यस्ता आत्मा अन्यत्र जाला कि

भनेर कडा सुरक्षाको घेराभित्र राख्दछ । आत्मा बसेको वरिपरि आगोको भुङ्ग्रो राख्छ र बाहिर वरिपरि निगरानी गर्न कुकुर बसेको हुन्छ । त्यस्तो कडा सुरक्षाको व्यवस्था ज्याक्चा दुमा हुन्छ । त्यहाँ बस्ने आत्मा प्रेतात्मा हुन् । ती प्रेतात्मालाई कुल पितृ श्रद्धा भक्ति सेवामा आह्वान गरिँदैन । साहस गरेर सुरक्षा घेरा तोडेर आत्मा कहिले काँहि उम्किन पनि सक्छ । उम्केको त्यस आत्माले कसैको कोखमा पुनः जन्म लिन पायो भने लाटा लाटी भएर जन्मन्छन् भन्ने जनविश्वास छ ।

**२. धिलीम दुः-** बच्चा जन्मदा अत्याधिक रक्तश्राव भएर बच्चा जन्माउन नसकेर र सालनाल नझरेर कहिलेकाहीँ आमाको मृत्यु हुन सक्छ । त्यसरी मृत्यु भएको महिलाले धर्म पालनाको आधारमा आमाको दायित्व पूरा गर्न सक्दैनन् । बच्चा जन्माएर पालनपोषण गर्ने आमाको नैसर्गिक अधिकार हो र प्रकृतिको नियम पनि हो । बच्चा जन्माएर आफ्नो सन्तानलाई योग्य बनाउनु आमाको धर्म हो । यस अवस्था आइ परे न बच्चा कर्मठ बन्यो न आमाको धर्म नै पूरा भयो । विविध कारणले सुत्केरी अवस्थामै आमाको मृत्यु भए पनि उसको आत्मा परूमा प्रवेश गर्छ । आत्मा परूमा प्रवेश गर्ने बित्तिकै रूवापाँले अभिलेख हेर्छ । उसको धर्म पूरा नभएकोले त्यस्ता आत्मालाई धिलीम दुमा जाने आदेश दिन्छ । त्यस्ता आत्मा प्रेतात्मा हुन्छ । प्रेतात्माले पितृ श्रद्धा भक्तिमा अर्पण गरेको कुनै पनि अन्न, पानी, फलफूल ग्रहण गर्न सक्दैनन् । किनकी प्रेतात्मासँग अहङ्कार हुन्छ । जे रोपिन्छ त्यसैको फल फल्छ । जस्तो कर्म गरिन्छ त्यस्तै नतिजा पाइन्छ । एक प्रेतात्माले अर्को प्रेतात्माको अस्तित्वलाई स्वीकार गर्दैनन् ।

आफूलाई दिएको खानेकुरा आफैँ खान नसक्नु आत्माहरूको असली वा प्रमुख विशेषता हो । अरू आत्मालाई खुवाउन र अरूले खुवाएको खानेकुरा खान सक्छन् । त्यो संस्कार प्रेतात्माको अहङ्कारले स्वीकार गर्दैन । पितृलाई श्रद्धापूर्वक अर्पण गरेको

भोजन ग्रहण गर्न नसक्ने भएपछि प्रेतात्मा पितृ मार्गमा आउँदैनन् । धिलीम दुमा बस्ने प्रेतात्मा पनि त्यस्तै हुन् । प्रेतात्माको स्वभाव आनीबानी अरूलाई बारम्बार दुःख र कष्ट दिने हुन्छ । त्यसैले प्रेतात्मालाई नियन्त्रणमा राख्नु पर्ने हुन्छ । प्रेतात्मालाई नियन्त्रण गर्ने सुत्र मन्त्र जाम्चासँग हुन्छ । बाँसको सुइरो र कप्टेरोबाट बुनेको चित्राको घेरा बनाइ प्रेतात्मालाई राख्ने व्यवस्था मिलाइएको हुन्छ । त्यो घेरा तोडफोड् गरेर उम्केलान भनेर अगाडि भुतभुते र पछाडि बाघको निगरानीमा राख्ने व्यवस्था हुन्छ । त्यसैले घेरा नाघेर प्रेतात्मा बाहिर आउने आँट गर्दैन । प्रेतात्मा सधैँ रक्त कुण्डमा डुबेर बस्न पर्छ भन्ने भनाइ छ । रक्त कुण्डलाई नै धिलीम दु भनिन्छ ।

**३. हिवा दुः-** मानिस बिना उद्देश्य केही गर्दैन र काहीँ जाँदैन । लक्ष्य पूरा गर्न ऊ विभिन्न उद्देश्य राखेर अघि बढ्छ । अगाडि बढ्ने क्रममा उसलाई धेरै ठाउँमा जानु पर्ने र विविध कर्महरू गर्नुपर्ने हुन्छ । कहिलेकहीँ कर्मस्थलमा नपुगी वा काम गर्दागर्दै दुर्घटनामा परेर उसको मृत्यु पनि हुन सक्छ । प्राणीको जीवनमा मृत्यु त अवश्य छ । ढिलो छिटो मान्छेले मर्नै पर्छ । मर्ने चोला लिएर आएको मऱ्यो फरक परेन । तर उसको लक्ष्य पूरा हुन सकेन । थालेको काम अधुरै रह्यो । जे जसरी मृत्यु भए पनि जुन उमेरमा मर्नु परे पनि मान्छेको मृत्यु भएपछि शरीरलाई छोडेर आत्मा परूमा जान्छ । कुन लोकमा जानु उचित छ? रूवापाँले अभिलेख हेरेर निर्क्योल गर्छ । मृत्यु हुनुमा कर्मको खेल र उसको लेखन्तले जुराएको हिवा लोकमा जानु पर्छ । र त्यहाँ जाने आदेश रूवापाँले दिन्छ । सुत्र मन्त्रको शक्तिले नियन्त्रण गरी हिवा दुमा लाने काम जाम्चाले गर्छ । त्यहाँ पुगेपछि त्यो आत्मा प्रेतात्मा बन्छ । एक प्रेतात्माले अर्को प्रेतात्मालाई सरसहयोग गर्दैनन् । भेट हुने बित्तिकै एक आपसमा लाप्पा खेल्न थाल्छन् । प्रेतात्माहरू अहङ्कारी,घमण्डी र रिसाहा मात्र हुन्छन् । त्यसैले एक अर्कासँग

मिलेर बस्न सक्दैनन् । एक अर्कामा खान खाने खुवाउने संस्कार हुँदैन । पितृहरूलाई अर्पण गरेको अन्नपानी खान पाउँदैनन् र कहिल्यै पितृ मार्गमा आउँदैनन् ।

दुर्घटनामा परी मृत्यु भएको व्यक्तिहरूमा कसैको आँखा फुट्छ कसैको हातखुट्टा भाँचिन्छ वा चुँडिन्छ । अर्थात शरीरको केही न केही अङ्ग अपाङ्ग हुनसक्छ । त्यस्ताको आत्मालाई जाम्चाले हिवालोकमा बासको सुइरो र नर्कटोको चित्र बुनी घेराबार बनाउँछ । हिवा दुमा बस्ने प्रेतात्मा जुधि रहने स्वभावका हुन्छन् । त्यसैले उफ्रिन नमिलोस भनेर जाम्चाले खुकुरीको धारमाथि बसाएको हुन्छ । प्रेतात्माको अगाडि भुतभुते र पछाडि निगरानी राख्ने रूख भालु हुन्छ । त्यस्तो कडा सुरक्षा घेरा तोडेर प्रेतात्मा बाहिर आउन पायो र कसैको कोखमा पुनः जन्म लिन पायो भने अन्धा,बहिरा र लङ्गडो भइ जन्मन्छन् भन्ने जनविश्वास छ ।

**४. परुः-** मानिसले आफ्नो जीवन बिताउने क्रममा दैनिक केहि न केही काम गर्नै पर्छ । सधैँ त नभनौँ कैले काहीँ गरिएका काम पाप वा पुण्यमा आधारित हुन्छ । मान्छेले जस्तो कर्म गर्छ,त्यस्तै फल प्राप्त गर्छ । जसले असल काम गर्छ,अरूको हितमा आफ्नो हित सम्झिन्छ, परोपकारी काममा विश्वास गर्छ, आफ्नो स्तरले भ्याएको दान दिन्छ,आफूलाई चाहिने उपयोगी ज्ञान लिन्छ र आफूलाई हानि पुऱ्याउने अभिमान त्याग्छ,उसले शान्ति र सम्वृद्धिको जीवन बिताउँछ । ऊ महान हुन्छ । असल काम गर्नकै लागि मानव जुनी पाएको हुँ भन्ने विश्वास र गर्व गर्छ । यस्तै असल काम गर्दागर्दै उसको देह त्याग गर्ने समय आइ पुग्छ । र एउटा सामान्य निहुँमा उसको मृत्यु हुन्छ । शरीरलाई छोडेर उसको आत्मा परूमा पुग्छ । रूवापाँले त्यस आत्मालाई बुलाम दुमा लैजान आदेश दिन्छ । जाम्चाले सुत्र मन्त्रद्वारा त्यस आत्मालाई बुलाम दु जाने बाटो देखाउँछ । आत्मालाई अह्राइ सिकाइ गर्न जाम्चाले दुई जना दूतलाई खट्याउँछ । ती दूतले

आफू सँगसँगै हिडाउँछन् र बाटोमा पर्ने सुङ्खिम, हिवाखुर, जाल,काँडा विछ्याएको बाटो चिनाउँदै उसको लट्ठी र हतियारले फाँड्दै कसरी अघि बढ्ने ? सम्पूर्ण तौर तरिका सिकाउँछन् । बाटोमा नदिनाला आइपरे उडेर तर्न सिकाउँछन् । बुलाम दुबाट पछि नक्सोले पितृहरूको श्रद्धा गर्ने दिन दाफेमा पुऱ्याइ अन्नपानी भोजन र जाँड अर्पण गर्छ । अर्पण गरेका भरभोजन सेवन गर्ने र सेवन गरेपछि भक्तहरूलाई आशीर्वाद दिन पनि सिकाउँछन् । अभिमान त्यागेको हुनाले त्यस्ता आत्मासँग अहङ्कार हुँदैन । ऊ सबैसँग मिलेर बस्न सक्छ । अरूले दिएको खान र अरूलाई खुवाउन पनि सक्ने हुन्छ । त्यसैले पितृहरूलाई श्रद्धा गरी दिइएको खाना पानी ग्रहण गरेपछि भक्तजनलाई रिचि खालीले शुद्ध बनाएर ज्ञान,गुण र विवेकको बाटो खुल्ने र धनलाभ गराउने सबै सीप सिकाउँछन् । आत्माको भोक प्यास मेटिए पछि खकार,सिगान,आँशु,ऱ्याल र अन्य विकारी वस्तु कहाँ र कसरी त्याग्ने ? दूतले सिकाएर पोख्त बनाउँछन् । परूमा बस्दा सेवन गर्नका लागि खुवा लाप्खा र पानी चढाइएको हुन्छ । त्यो ग्रहण गरेर आत्माले सुख,शान्ति र आनन्दसँग बस्ने गर्छ । बुलाम दुमा पुगेपछि अरूलाई दिन चाचुवा नङले कोट्याएको चामल दिइएको हुन्छ । त्यो चाचुवा अरूलाई दिने मात्र होइन आत्माले आफ्नो लागि पनि राख्नु पर्छ । जाम्चाले आत्मालाई बुलाम दुमा पुऱ्याएर छोड्छ । आत्माले त्यहाँ सिलाम र तिल रोपेर फूल फुलाएर हराभरा बनाउनु पर्छ । नक्सोले आत्मालाई पितृमा प्रवेश गराउँदा आत्माले सिलामको तेल घसेर तिलको फूल सिउरेर थुन्सेमा कोसेली बोकेर आउनु पर्छ ।

**५. बुलाम दु:-** जब आत्मा बुलाम दुमा पुग्छ । तब आत्मालाई उर्जा मिल्छ । उसलाई कुकुरको जस्तो घ्राण शक्ति मिल्छ । त्यो शक्ति आत्माले रक्षाको लागि उपयोग गर्छ । बन्यकण्डीले बोल्ने भाषा आत्माले बोल्ने र बुझ्न सक्ने हुन्छ । बकुल्ला जस्तै

धैर्य गर्ने क्षमता पनि प्राप्त गर्छ । भद्रभलाद्मी भएर सबैसँग चिनजान गर्छ र सबैलाई कोसेली हातमा राखी दिन्छ । अरूले उसलाई सम्मानपूर्वक खोरियामा पुऱ्याउँछन् । त्यहाँ फाँडफुड गर्न सघाउँछन् । सबै जना मिलेर तिल, सिलाम र फूल रोप्छन् । त्यहाँ हराभरा बनाउँछन् । आत्मालाई दाफेमा लैजाने तिथि मिति आउने वेलामा सिलामको तेल पेलेर ठिक परेको हुन्छ । थुन्सेमा कोसेली पनि तयार पार्छन् । सिलामको तेल घसेर बुकि फुलले सजिएर थुन्सेमा चाचुवा बोकेर आत्मा दाफेमा दूतसँग आउनु पर्ने हुन्छ । बाटो घनघोर जङ्गलमा बिचबाट हुन्छ । त्यहाँ हतियारले बुट्यान फाँड्दै, लट्ठीले पन्स्याउँदै अगाडि बढ्नु पर्ने हुन्छ । जलोमाले खान सक्छ । अरू पिसाचले अलमलाउन सक्छन् । सबैसँग जोगिदै हिँड्नु पर्ने हुन्छ । भिर, पाखा पखेरू, रनवन हुदै नदीनाला पहिरो छिचोल्दै दुःख र कष्टका साथ थुन्सेको कोसेली जोगाउँदै नक्सोले सुत्र मन्त्रको शक्तिमा वा नियन्त्रणमा आँगनमा ल्याइ पुऱ्याउँछ । अनि दूतको सहयोगमा दाफेमा लगेर खोसिम्बामा राख्छ । जब आत्मा दाफेमा आइपुग्छ तब उसको नाममा तोकिएको खोसिम्बामा थुन्से अड्याएर कोसेली बाँड्न थाल्छ । आत्मा बसेको खोसिम्बा हेरफेर हुँदैन । आत्माले आफ्नो खोसिम्बा सदा ख्याल गर्नु पर्छ । अरूलाई बस्न दिनु हुँदैन र अरूको खोसिम्बामा पनि बस्नु हुँदैन भन्दै नक्सोले नाम बोलाएर पितृ भएको घोषणा गर्दछ ।

**६. नेपाल दुः-** पितृ आत्मालाई तर्पण अर्पण गरेपछि नक्सोले सुत्र मन्त्रद्वारा नेपाल दु नेवाल दुमा लगेर राख्छ । त्यहाँ विशाल माछा खेल्ने दह भएकोले पितृ आत्माहरूलाई आफूले त्याग्नु पर्ने फोहरमैला जस्ता ऱ्याल, सिँगान, खकार, आँशु र अन्य विकारी वस्तु त्याग्नु पर्दा प्रशस्त पानी चाहिन्छ । किनकी विकार वस्तु त्यागेपछि आत्मा शुद्ध हुनु पर्छ । उनीहरू माछाको जस्तै पौडने नक्कल गर्दै शुद्ध हुने हुन । पानी नभा'को ठाउँमा आत्मा विकार वस्तु त्यागेर शुद्ध हुन सक्दैनन् । त्यसैले नेपाल दु नेवाल दुमा

राख्दै नक्सोले सुत्र मन्त्रद्वारा भक्तजनले पुकारेर बोलाउँदा मात्र दाफेमा आइ बस्नु नभए यही खेली बस्नु भनी बाचा बन्धन गरी छोड्छ ।

नेपाल दु नेवाल दुलाई मातृलोक र परूलाई पितृलोक मानिन्छ । परूमा अभिलेख हुने र नेपाल दुमा हाँस खेल गर्ने आमाको काख । तुम्लो (मुन्दुम)मी भाषा वा फ्रेलोमा नेपाल दुलाई दिकुलु होक्मा गुलोकु भनिन्छ । यसको अर्थ विशाल दहबाट बग्ने नदि स्थल हो । तर अनुवादले यसको अर्थ अधुरो वा अपुरो हुन्छ । हल्का बुझाइ मात्र हो यो । त्यो दहमा चामपियोङमाले दर्शने ढुङ्गाको स्वरूपमा तपस्या गरेर बसेको दह हो । जुन ढुङ्गा कोक्तिसालाले माछाको जालमा परेर आएको सुन्दर लागेर घरमा लगी राख्दा त्यो ढुङगाबाट चामपियोङमाको पुनःजन्म भयो । कोक्तिसाला र चामपियोङमाले किरात संस्कार संस्कृति रितीरिवाजको उत्थान गरेका हुनाले जननी माता हुन । जननी माताको काख नै दह हो । त्यही आधार मानी नेपाल दुलाई मातृलोक मानिन्छ । त्यही स्थलमा लगेर सम्पूर्ण पितृ आत्माहरूलाई लगेर थन्काउने संस्कार हो ।

**८.क पुखुनः-** मानिसले आफ्नो जीवन भरि कैयौँ काम गर्दछ । कुनै काम नजानेर, नबुझेर पाप कर्म गर्छ भने कुनै काम जानी–जानी पाप कर्म गर्छ । यसरी धर्तीमा पाप र पुण्य कर्म गर्ने मान्छे ओइरो छन् । तर यस लोकमा जसले परोपकारी कर्म गर्छ,जो सहयोगी छ,जसले पुण्यकर्म गर्छ, उसले परलोकमा पनि देवलोक प्राप्त गर्छ । पाप कर्म गर्नेले हिवादु कि धिलीम दु प्राप्त गर्दछ । मुन्दुम अनुसार देवलोकलाई पुखुन भनिन्छ । पुखुनमा तपु सुउसुउको अधिपत्य हुन्छ । जहाँ तपु सुउसुउ सिँहासनमा वा खोसिम्बामा विराजमान हुनुहुन्छ । तपु सुउसुउ कसरी पुखुनमा पुग्नु भयो? यस प्रश्नको उत्तर यस्तो छ । तपु सुउसुउ धर्तिमा कठोर तपस्या गरेर बस्नु भएको थियो । तपु सुउसुउको तपस्याबाट भू-पति भुमे प्रसन्न भइ अचम्मको वरदान दिनु भयो । जो तपु सुउसुउ जिउदै

पुखुनमा जान र धर्तीमा आउन सक्ने त्यो वरदान कसैले पाउन सक्दैन । अनि तपु सुउसुउको जस्तो कठोर तपस्या पनि कसैले गर्न सक्दैन । किनकी मृत्यु पछि मात्र पुखुनमा जान पाइन्छ । पुखुनमा जान पाउनु भनेको पितृ आत्माको लागि ठुलो सौभग्य हो । कुनै व्यक्तिले आफ्नो जीवन कालमा पुण्य कर्म गरेको छ र उसका सन्तानले पनि त्यस्तो कार्यलाई निरन्तर दिए भने तपु सुउसुउको आशीर्वाद पाइ पितृ आत्माले पालैपालो पुखुनमा प्रवेश गर्न पाउँछ । जसले देवत्व प्राप्त गर्छ,उसलाई भोक-प्यास, घाम-पानी, हावा-हुरीले सताउँदैन । दुःख कष्ट कुनै कुराको अनुभव हुँदैन । सम्पूर्ण कुरा बिर्सिन्छन् । देवत्व प्राप्त गर्नेलाई,कुनै भोजन अर्पण गर्नु पर्दैन । त्यसकारण भक्तजन र देवत्व प्राप्त गर्ने पितृ आत्मा बिचमा सम्बन्ध टुट्छ । त्यसैले सम्बन्ध युगौँयुग रहोस भनी पुखुनमा पठाउने वेला कसम खाएर सम्बन्ध नबिर्सने बाचा गरिन्छ ।

देवत्व प्राप्त गरेका पितृ आत्मालाई पुखुनमा प्रवेश गराउने वेला सुखमा मात्र हैन, दुःखमा पनि सुमधुर सम्बन्ध रहनु पर्छ भन्ने बाचाले पितृ र भक्तजनको हितमा सहयोग गर्छ । जसको आत्मा पुखुनमा जाँदै हुनुहुन्छ । उहाँ हिमाल जस्तै अटल पिता र समुद्र जस्तै विशाल हृदयकी माता हौ । तिम्रो कोखमा पिताको वीर्य संयोग भइ हाम्रो जन्म भयो र हामी धरतीभरि फैलिएका छौँ । हामी अरू कोही होइनौँ तिम्रै सन्तान हौँ । हिजो सम्म तिमीलाई पितृ श्रद्धा भक्तिका दिन आह्वान गरेर भोजन अर्पण गर्थ्यौं । पानी सिप्खाको तर्पण दिन्थ्यौँ । हामीले अर्पेको व्यञ्जन ग्रहण गर्थ्या । तिमीलाई भोक प्यासले सताउँथ्यो । हावा-हुरी,घाम-पानीले दुःख,कष्ट दिन्थ्यो । तिमी र हामी बिच नजिकको सम्बन्ध भै रहन्थ्यो । तिमीलाई आज दाफेमा राखेर सिलामको धूप हालेर देवत्व स्थल पुखुनमा पठाउँदै छौँ । पुखुनमा तिम्रो प्रवेश भएपछि पितृ भक्तिका दिन तिम्रो नाम पुकार्दैनौँ । पुखुनमा कुनै दुःख पीडाले तिमीलाई पिरोल्दैन । त्यहाँ तिमीलाई सुख, शान्ति र आनन्द हुन्छ । तिमीले देवत्व प्राप्त गर्छौ । तिमीले भोजन र

सिप्खाको तर्पण सेवन गरेर न्याल काढ्नु पर्दैन । सिँगान बगाउनु पनि पर्दैन र खकारका साथै अन्य विकारी तत्व त्याग्नु पर्दैन । त्यसैले तिमीलाई पितृ भक्तिको दिन तिम्रो नाममा तर्पण अर्पण केही गर्दैनौ । दुःख नमान हामीलाई रिचीखालीले शुद्ध बनाइ आशीर्वाद देऊ । तिम्रो आशिषले हामीले सुख,शान्ति र सम्वृद्ध हुन पाउँछौ र हाम्रो भाग्यको दिव्य ढोका पनि खोली देऊ भन्दै सुत्र मन्त्रले नियन्त्रण गरेर आत्मालाई पुखुनमा पुऱ्याउने काम नक्सोले सम्पन्न गर्छ ।

**सन्दर्भ व्यक्तिहरु :**

- *स्वर्गिय आसमान राई, नक्सो, माम्खा ओखलढुङ्गा*
- *स्वर्गिय बन्धुबिर राई, नक्सो, रातमाटे ओखलढुङ्गा*
- *स्वर्गिय देवनसिङ राई, मुलुमी, दिम्दी ओखलढुङ्गा*
- *तुलमान राई, मुलुमी, माम्खा ओखलढुङ्गा*
- *धन बहादुर राई, नक्सो, सुर्के बिगुटार ओखलढुङ्गा*
- *गोपाल राई, नक्सो, सार्सिपु ओखलढुङ्गा*
- *जसधन राई, मुलुमी, नेचा बतासे सोलुखुम्बु*
- *हर्कसेर राई, नक्सो, सेरो सल्यान सोलुखुम्बु*
- *मछिन्द्र राई, नक्सो, साम्बुरू सोलुखुम्बु*
- *बुद्धि कुमार राई, तुम्लो (मुन्दुम) अध्येता, गोरूमारे भञ्याङ ओखलढुङ्गा*
- *जगत बहादुर राई, मुलुमी, कस्तुरी खोटाङ*
- *धन हर्क राई, नक्सो, सोब्रु ओखलढुङ्गा*
- *अकल बहादुर राइ, मुलुमी, थाम्रोदेल ओखलढुङ्गा*
- *छत्र बहादुर राई, मुलुमी, देलवाया खोटाङ (हाल धरान)*
- *यज्ञ बहादुर राई, मुलुमी, देलवाया खोटाङ (हाल धरान)*
- *चन्द्रलाल राई, नक्सो, फाकु ओखलढुङ्गा*
- *स्वर्गिय भिम बहादुर राई, मोप्लोदेल, मुलुमी ओखलढुङ्गा*
- चन्द्र बहादुर राई मुलुमी कस्तुरी खोटाङ
- प्रताप राई मसीमी कस्तुरी खोटाङ



# बायुङ राईः जन्मदेखि मृत्यु संस्कारको संक्षिप्त चिनारी



–किशोर राई 'बायुङ'

**साराशंः**

*बायुङ राईहरूको आफ्नै मौखिक संस्कृति रहेको छ, तुम्लो । यहीं तुम्लोको आधारमा उनीहरू जीवनका जन्मदेखि मृत्यु सम्मका विभिन्न संस्कार र संस्कृतिहरू मान्दछन् । त्यसैका आधारमा जीवनदृष्टि निर्माण गर्नेदेखि जीवन पद्धति अबलम्बन गरेका हुन्छन् । लगभग ४० भन्दा बढी दोचाहरू, लोरो, रिनामसा, सेवासेर र लुःना तुम्लो गरी चार पुर्खाका सन्तानले सारी (पितृ) तुम्लो गर्दा फ्रेलो एउटै भएपनि गराई र भनाईमा सामान्य भाषाशैली अन्तर पाईन्छ । जे भएपनि बायुङ राईहरूको जन्मदेखि मृत्युसम्मको जीवन संस्कारहरू उस्तै रहेका छ । यो छोटो लेखमा यी बायुङ राईहरूको मौलिक जन्मदेखि मृत्युसम्मका जीवन संस्कारहरूको बारेमा छोटकरीमा चर्चा गरिने छ ।*

## क) सुपुम पेःचो/जन्मः

जन्म संस्कार मानव जीवन धारण गरी आमाको कोखबाट धर्तीमा टेकेपछि गरिने पहिलो जीवन संस्कार हो । बायुङ भाषामा जन्मनुलाई 'मुन्चो' वा 'गिक्चो' भनिन्छ । त्यसैगरी बच्चा जन्मनुलाई 'ब्याचा' 'मुन्चो' वा 'ब्याचा गिक्चो' भनिन्छ । यसका अलावा 'बच्चा हुनु' वा 'ब्याचा दुम्चो' पनि भनिन्छ । द्यालगुथा (गाउँघर)मा कसैको बच्चा जन्मियो भने 'ब्याचा दुम्ताछा' अर्थात् 'बच्चा भएछ/पाएछ' भन्ने प्रचलन रहेको पाइन्छ ।

बायुङ संस्कार अनुसार मामा (आमा) को कोखबाट बच्चा जन्मिने बित्तिकै न्यानो कपडामा बेर्ने गरिन्छ । त्यसपछि बच्चाको

नाभी खसिसकेपछि नाभी काट्ने प्रचलन रहेको छ; जसलाई 'सुपुम पेःचो' भनेर भनिन्छ । 'सुपुम पेःचो' को क्रियाकलाप गर्दा रेशमको धागोले नभी बाँधिदिनु पर्दछ र त्यसभन्दा माथिबाट एउटा सफा अनि धारिलो हतियारले नाभी काटी दिनुपर्दछ भने नाभी काट्न जानकार जो कोहीले सुरक्षितसाथ नाभी काटीदिन सक्दछन् । तत्पश्चात काटिएको नाभीको भागलाई एउटा ढुंग्रोमा लागाउनु पर्दछ र त्यसमाथि कुखुराको प्वाँखले ढाकिदिनु पर्दछ। यतिबेला छोरा भए भाले कुखुराको प्वाँखले नाभीलाई ढुंग्रोमा ढाक्नु/छोप्नु पर्दछ भने छोरी भएमा पोथी कुखुराको प्वाँखले ढाक्नु/छोप्नु पर्दछ। त्यसपछि नाभी सहितको ढुंग्रोलाई लगेर अग्लो रूखमा झुण्ड्याउनु पर्दछ । त्यसपछि बच्चालाई मनतातो पानीले नुहाइदिएर न्यानो कपडामा बेरेर आमाको दुध खुवाई लालनपालन गर्नुपर्दछ । सुत्केरी आमालाई तागतिलो खानेकुराहरू, झोल पदार्थहरू खुवाउनु पर्दछ । बायुङहरूको 'सुम्निमो तुम्लो' मा यो मौलिक बायुङ जन्मसंस्कार 'सुपुम पेःचो' को वर्णन स्पष्टरूपमा फ्रे-लो (तुम्लो/मुन्दुमको भाषा)मा रहेको छ । सुपुम पेःचोको संस्कार गर्दा रेशमको धागो, ब्लेड, कुखुरा (भाले वा पोथी), ढुंग्रो, न्यानो सफा कपडा, मनतातो पानी आदि सामग्रीहरू आवश्यक हुन्छन् ।

**ख) निङ पाःचो (न्वरान) :**



बायुङ भाषामा न्वरानलाई 'निङ पाःचो' वा 'निङ जुल्चो' भनिन्छ । बच्चा जन्मिएपछि छरछिमेकमा न्वरानको निम्तो दिंदा 'हप्पे राने है अक्के निन्ता मुरिके निङ पातिया' अर्थात् 'सबैजना आउनुस है हाम्रो नयाँ मान्छेलाई नाम दिऊँ' भनेर निम्तो दिने गरिन्छ भने मौलिक बायुङ राई विधिअनुसार बच्चा जन्मिएको तीन दिनमा 'निङ पाःचो' गर्ने प्रचलन रहेको छ । छोरा वा छोरी जे भएपनि तीन दिनमा नै गरिन्छ । 'निङ पाःचो'

दिन सुरूमा घर सफासुग्घर गरी लिपपोत गर्नुपर्दछ । आमा र बच्चा नुहाई धुवाई गर्नुपर्दछ । आमाले बच्चाको हातखुट्टामा लगाइदिन धागोको चुरी, कल्ली बनाउनुपर्दछ । बच्चाको कम्बरमा लागाईदिनको लागि धागोको कन्दनी बनाउनुपर्दछ र घाँटीमा लगाइदिनको धागोको माला पनि बनाउनुपर्दछ । त्यसैगरी बच्चाको शरीरमा लागाईदिनको लागि प्याने (बच्चाको टाउको बाट छिराएर दुवै काँधमाथि बाँध्न मिल्ने गरी तुना राखेर बनाइएको कपडा) सिलाइ दिनुपर्दछ । उहिले प्याने तानमा बुनेको खाँडीको कपडाको सियोले सिलाएर बनाउने प्रचलन थियो तर आजकल तानको प्रचलन हराउँदै गएकोले काँचो कपडाको सिलाइदिने प्रचलन छ । त्यसैगरी आजकै दिन कोक्रो पनि बुन्नुपर्ने संस्कृति रहेको छ । कोक्रो बुन्दा एउटै बाँसको चोयाले बुन्नुपर्छ र एकै दिनमा नै सकाउनु पर्दछ भन्ने साँस्कृतिक मान्यता रहेको छ भने कोक्रो बुन्नलाई सीप र कला भएको जो कोहीले पनि बुन्न मिल्दछ । कोक्रोमा रख्खे हुन्छ भनेर शिरमा सानो हातहतियार र काःसीचु (दुम्सीको काँडा) सिउरिने प्रचलन रहेको छ भने छोरा भएका कोक्रोको शिरतिरको फेसामा कार्दो (कर्द) र छोरी भएमा खुरूम्बी (खुर्पा) लागाइदिने प्रचलन रहेको छ । त्यसको साथै शिरको फेसामा ब्याल्सीफुङ (गनारको फूल), गिजो (तीर) राख्ने सांस्कृतिक मर्म रहेको छ । त्यसैगरी दियो-कलश तयार पारि बच्चालाई प्याने, कन्दनी, कल्ली, चुराहरू तयार परिसकेपछि र खानपिन तयार पारिसकेपछि भने बच्चाको न्वरान गर्नुपर्दछ । यतिबेला सबैजना निम्ता गरिएकोहरू उपस्थित भएका हुन्छन् भने घरका सबै सदस्यहरू पनि आइसकेका हुन्छन् । बच्चाको नाम राख्दा सबैभन्दा जेठोपाकोले आशिर्वाद दिँदै राख्ने प्रचलन रहेको छ । बायुङ राईहरूको न्वरान तुम्लोमा छोरा भए भाले कुखुरा र छोरी भए पोथी कुखुराको प्रयोग गर्ने गरिन्छ । त्यसपछि सुतक चाहिँ तीन ला (तीनवटा औंसी, पुर्णे र सङ्क्रान्ति) सम्म बार्ने गरिन्छ ।

## ग) जाचो गिचो (भात खुलाई):

बायुङ संस्कृतिअनुसार मानिस न्वरान पछिको अर्को महत्वपूर्ण जीवन संस्कारमध्ये 'जाचो गिचो' पनि एक हो । यसलाई नेपालीमा भन्नु पर्दा यो 'पास्नी' संस्कार हो । बायुङ राईहरूको बोलीचालीमा यो संस्कारलाई 'काः मोक्चो/जुथा पाःचो/जाचो गिचो' आदि भन्ने प्रचलन रहेको छ । विशेषतः छोरा वा छोरीको उमेर चार महिना देखि ६ महिनाको हुँदाको उमेरमा यो जीवन संस्कार गरिन्छ ।

छोरा वा छोरीको 'जाचो गिचो' को संस्कारको मिति तय गरिसकेपछि घरमा सबै तयारी गरिन्छ । आफन्त, नरनाता र छिमकीहरूलाई निम्तो गरिन्छ । छोरा भए नयाँ दौरा-सुरूवाल र छोरी भए जामा तयार पारिदिइन्छ । कपडाहरू पहिले घरैमा सिलाउने प्रचलन थियो । अहिले प्रायजसो बजारमै सिलाएर ल्याइन्छ । त्यसपछि बच्चालाई नुहाइधुवाई गरिकन सफा पार्ने र नयाँ कपडा लगाई दिने र दियो कलशको व्यवस्था गरिनुपर्दछ । साथै टीकाको लागि दहीमा चामल र भात खुवाउनको लागि सानो कचौरामा भात, तरकारी र दहीदूध अनि खुवाउनको लागि सिक्का वा चाँदीको पैसा तयार परी सबै भन्दा ठुलोवडाको हातबाट टिका लगाई दिनुपर्दछ र चाँदीको सिक्काले भात, तरकारी र दूधदही खुवाएर सुरू गर्नु पर्दछ । त्यसपछि भने एवं रूपले सबैले क्रमशः टीका लगाइदिँदै खाना खुवाउनु पर्दछ भने टीका लगाईदिँदा खेरी बच्चालाई आशिर्वाद दिँदै लगाइ दिनुपर्दछ ।

## घ) छेवर र गुन्युचोली

बायुङ राईहरूको जीवन संस्कारहरूमध्ये छेवर र गुन्युचोली पनि प्रमुख जीवन संस्कारहरू हुन् । छेवर छोराको लागि र गुन्युचोली छोरीको लागि मात्र गरिन्छ । छोराको हकमा जन्म पछिको गर्भे कपाल पहिलो पटक काट्ने संस्कार छेवर हो भने छोरीलाई संस्कारगत रूपमा गुन्यु र चोली प्रदान गर्नु नै गुन्युचोली हो ।

छेवरको संस्कार गर्दा छोराको गर्भे कपाललाई सहोदर कुकु (मामा) ले काटिदिनु पर्दछ भने चेलीले माइतीको कपाल भुइँमा नझरोस् भनेर चोखो पातको दुनामा थाप्नु पर्दछ र काटिसकेपछि चोखो ठाउँमा लगेर काटिएको कपाललाई सेलाउनु पर्दछ । छेवरमा कपाल काट्दाखेरी पहिले पहिले भन्जालाई दाम्लोले बाँधेर मामाले कपाल काटिदिने प्रचलन थियो । कपाल काटिसकेपछि भने बच्चालाई नुवाइधुवाई गरेर नयाँकपडा (दौरा-सुरूवाल) लगाई दिइन्छ र सेतो टीका लगाई दिइन्छ भने कपाल थाप्ने छोरी चेलीलाई टपरामा चामल र केही पैसा राखेर सारीथार्मा गरिदिनु पर्दछ । त्यसपछि सबैजना निम्तो गरिएको आफन्तहरूले बच्चालाई टिका लगाइदिने र आशिर्वाद दिने प्रचलन रहेको छ । सबैको तर्फबाट टिकाटालो सकिएपछि भने सबैजना सँगै बसेर खानपान गर्ने प्रचलन रहेको छ ।

छोरीको निम्ति गुन्यूचोलीको संस्कार गर्दा पहिले नयाँ गुन्युचोली व्यवस्था गर्नुपर्दछ । गुन्युचोली संस्कारमा उपस्थितिको लागि आफन्त, इष्टमित्र, दाजुभाई, गाउँले, छरछिमेकी सबैलाई निम्तो दिनुपर्दछ। गुन्युचोलीको दिन नानीलाई नुवाइधुवाइ गराउनुपर्छ । टीकाटालोको लागि दही र चामलको सेतो टीका र दियो कलश तयार पार्नुपर्दछ । त्यसपछि छोरीलाई नयाँ गुन्युचोली दिनुपर्दछ भने उसले लगाए पछि । बसाएर आर्शिवार्द दिँदै टीका लगाइ दिनु पर्दछ ।

## ङ) आपि : उपन्यान

बायुङ राई अति महत्वपूर्ण संस्कार मध्ये जीवनसंस्कार एक संस्कार हो, आपी । यो बच्चा (छोराछोरी) को निम्ति अनिवार्य सर्तको संस्कार हो भने यसलाई 'आपि पाचो' भनेर भनिन्छ । विशेषगरी यो आपि पाचो संस्कारको मुख्य मर्म भनेको बायुङ कुल संस्कारमा तुम्लोको मर्मअनुसार दर्ता गर्नु हो । प्रायजसो 'आपि'

को संस्कार भने छोरा वा छोरीको दाँत साटिने उमेर पुगेपछि गर्ने गरिन्छ । यो संस्कार नक्सले नाग्ले तुम्लो गर्दा सँगै सम्पन्न गर्दछ । बायुङ संस्कारअनुसार आपि गरिसकेपछि मात्र सारी खाउमोको मोका खान पाइन्छ नत्र वर्जित हुन्छ । आपि पोथी कुखुराले गरिन्छ भने बच्चाको आमालाई एक माना चामलको भात र कुखुराको शिर (छातीदेखि माथि) छुटाएर विशेष परिकारको रूपमा खुवाइन्छ भने नक्सले यो संस्कार गर्दा नाग्लेकै थानमा बसेर गर्ने गर्दछ ।

**च) फुङ्लाम (विवाह):**




विवाह मानव समुदायको एक अभिन्न संस्कृति हो । विवाहलाई लालिखा बुलिखा वा फुङ्लाम दोलाम भनेर बायुङ भाषामा भनिन्छ भने विवाह गर्नुलाई 'लालिखा पाचो' वा 'फुङ्लाम दुम्चो' भनेर भनिन्छ । बायुङ समुदायमा मागी विवाह, प्रेम विवाह, जारी विवाह, बहुविवाह, भाउजु विवाह लागायत विभिन्न किसिमका विवहाहरू प्रचलनमा रहेको पाइन्छ । तर हाल आएर मुख्यगरी प्रेम विवाह र मागी विवाह प्रचलनमा रहेको पाइन्छ । त्यसमा पनि प्रायजसो युवा युवतीबीचको प्रेमलाई नै मागी विवाहमा परिणत गरेर विवाह गर्ने प्रचलन बढी रहेको छ । यहाँ भने बायुङ राईको मुख्य पारम्पारिक र साँस्कृतिक मौलिक विवाहको रूपमा प्रचलनमा रहेको पुन्चोम फुङ्लाम (मागी विवाह) को बारेमा संक्षिप्त वर्णन गरिनेछ ।

बायुङ राई भाषामा मागी विवाहलाई "पुन्चोम् लालिखा/फुङ्लाम" भनिन्छ भने पुन्चोम फुङलामको प्रक्रियामा सर्वप्रथम केटाको विवाह गर्ने उमेर भएपछि बुबाआमा वा अभिभावकको अनुरोधमा केटाले विवाह गर्ने सहमति जनाएपछि विवाहको लागि केटी खोज्ने प्रक्रिया सुरू हुन्छ र मनले खाएको केटी निधो भएपछि केटीको सहमतिको लागि उसका अभिभावकसामु सोधनीको लागि गाइन्छ, जसलाई 'हिलोहिसि पाथा दिचो' भनिन्छ ।

'हिलोहिसि' को लागि जाँदा केटी पक्षको कोही नजिकको नातेदारलाई सहजकर्ताको लागि अघि लगेर गइन्छ । यसरी लगिएको मान्छेलाई 'लाप्चो हल्आ' अर्थात् 'ढोका उघार्ने' भनेर भनिन्छ। यो 'लाप्चो हल्आ' को प्रचलन चाहिँ कुटनीतिको लागि गरिएको देखिन्छ जब कि केटी सोधनीको लागि जाँदा सहज होस् र कुरा काट्न नसकुन् भन्ने हो ।

सोधनीको बेला केटीको घरमा गएपछि भने उही लाप्चो हल्आमार्फत् विवाहको कुरा राखिन्छ । तत्पश्चात् केटी पक्षबाट केटाको इतिवृत्ति सोधिन्छ र आफ्नो चेलीलाई के गर्ने भनेर सोधिन्छ । त्यसपछि केटीको स्वीकृति आयो भने विवाहको लागि कुरा अघि बढ्छ र अस्वीकृति आयो भने उक्त केटीसँगको विवाहको कुरा टुंगिन्छ ।

यदि केटीको स्वीकृति आयो भने मगनीको लागि रीत बुझाउने मिति तय गरिन्छ, जसलाई 'पुन्चोम तुम्लो' भनेर भनिन्छ । त्यसपछि केटा पक्षबाट मगनीको लागि आवश्यक साँस्कृतिक तयारीहरू हुन्छ । केटा पक्षबाट दुईजना फुप्चा (कलिया) को छनौट गरिन्छ र उसलाई सम्पुर्ण विवाहको लागि कुटनीतिक भूमिका निर्वाह गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने केटा पक्षबाट व्यवस्थापनका कार्यहरू गरिन्छ । विशेषगरी व्यवस्थापनको पक्षमा चाहिँ रीतमा बुझाउने गःल (रक्सी) र कठुवाहरूको व्यवस्था गरिन्छ । उता केटी पक्षतिर भने आफ्नो दाजुभाई, नरनाता, आफन्त, छरछिमेकी र गाउँलेहरूलाई मगनी हुने कुरा बताएर भेला हुन बोलाइन्छ । त्यसपछि तोकिएको मितिमा केटा पक्षबाट रीतको कोसेलीहरू लिएर फुप्चासहितको टोली गइन्छ र केटी पक्षसामु बुझाइन्छ । यतिबेला तुम्लो संवाद गरिन्छ, जसलाई बायुङ भाषामा 'सम्दी पाचो' भनेर भनिन्छ । केटी पक्षले कोसेली आफ्नो तीनचुलालाई साक्षी राखेर उपस्थित ग्रहण गर्दछन् । त्यसपछि पुनः अर्को चरणको रीत 'तुम्लो ग्रोक्सो' बुझाउने मिति तय हुन्छ । त्यसपछि केटी पक्षबाट पनि विवाहको सम्पुर्ण कुटनीतिक भूमिका निर्वाह

गर्नको लागि फुप्चा चयन गरिन्छ । फुप्चा दुई जना छान्नु पर्दछ । त्यसैगरी तोकिएको मितिमा केटा पक्षबाट केटी पक्षको घरमा तुम्लो ग्रोक्सोको रीत बुझाउन केटा (हुनेवाला बेहुला) र फुप्चा (कलिया) सहितको टोलीले लिएर जान्छन् र बुझाउदछन् । यतिबेला भने पहिलो पटक केटा र केटी भौतिक भेटघाट हुन्छ । त्यहाँ कुनकुन रीतको कठुवाहरू राखिएको छ भनेर सबैकुरा केटा पक्षको फुप्चाले सम्दीमार्फत् वर्णन गर्नु पर्दछ । यतिबेला केटा (हुनेवाला बेहुला) ले लगेको रक्सी रीतिपुर्वक बाँड्ने जिम्मेवारी वहन गर्नुपर्दछ जसलाई 'योक्तिरी पाचो' भनिन्छ । योक्तिरी गर्दा सबैभन्दा पहिला केटाले केटीलाई कान्छिरामा रक्सी राखेर खुवाउनु पर्दछ । त्यसपछि अरू आफन्तहरूलाई खुवाउनु पर्दछ । तुम्लो ग्रोक्सोको रीत सकिए पछि भने 'लालुमि पोक्चो' (केटी उठाउनेको मिति र साइत तय गरेर केटा पक्षका टोलीहरू फर्किन्छन् ।

लालुमी पोक्चो दिनको साइतमा पुनः केटा पक्षबाट केटा र फुप्चासहितको टोली केटीपक्षको घरमा रीत बोकेर जान्छन् र रीत बुझाउँदछन् । यतिबेला केटी पक्षबाट उपस्थित सबैलाई केटाले योक्तिरी गर्नुपर्दछ भने सबैभन्दा पहिला केटाले केटीलाई तीनपटक रक्सी खुवाउनु पर्दछ । त्यसैगरी केटाले केटीलाई सालुम्पामार्फत् चिनारूपे थैली पनि दिनुपर्दछ भने केटा र केटीबीच ढोग तीन तीन पटक ढोग गर्नुपर्दछ । लालुमी पोक्चोको रीत सकिए पछि केटा पक्षको टोली लालुमि (बेहुली) लिएर लालुचा (बेहुला)को घरमा आउँदछन् र माइतीबाट बिदा हुन्छन् ।

लालुमी लिएर आएपछि केटाको घरमा भित्र्याउने रीत हुन्छ । यतिबेला सासुले बुहारीको हात समातेर भित्र्याउने गर्नुपर्दछ । त्यसपछि भने बेहुला पक्षको घरमा 'चइसे रिक्चो' को रीत गर्नु पर्दछ । यो बायुङ राईहरूको तुम्लोअनुसार अनिवार्य शर्त हो । हरेक विवाहित जोडीको 'चइसे रिक्चो' अनिवार्य रहेको मानिन्छ ।

यो रीतको मुख्य मर्म भनेको नवविवाहित जोडीको विवाहको कुरा कुलपितृलाई बताउनु हो भने विवाह गरेर ल्याइएको नव दुलहीलाई कुलवंशमा प्रवेश गराई सदस्यता दिनु हो । त्यसपछि केटा पक्षतिर विवाह भोजभतेरको तयारी गरिन्छ ।



बेहुली घरमा भित्राइसकेपछि र चइसे रिक्चोको रीत गरिसकेपछि भने केटी पक्षबाट बोति (जन्ती) आउने रीत हुन्छ । बोति आउने रीत मुख्यगरी फुप्चाहरूको सल्लाहअनुसार हुन्छ । प्रायजसो चाहिँ लालुमी पोक्चोको भोलिपल्ट यानिकि चइसे रिक्चो गरेको दिन जाने गरिन्छ । केटी पक्षबाट बाजागाजा सहित बोति आउने गर्दछन् भने बोति केटाको घर नजिक पुगेपछि केटा पक्षको फुप्चासहितको टोली बोतिको स्वागतमा कठुवामा रक्सी लिएर जान्छन् र स्वागत गर्दछन् ।

बोतिहरूलाई स्वागत गरेर आँगनमा ल्याएर राखिन्छ । आँगनमा विच्छ्यौनाको लागि पराल ओच्छ्याइएको हुन्छ भने बीचमा आगो बालिएको हुन्छ । तत्पश्चात् बेहुली पक्ष र बेहुलापक्षको बीचमा विवाहमा गर्नुपर्ने अनिवार्य तुम्लीय संवाद, थपुसम्दी गर्नु पर्दछ । जसको लागि बेहुली पक्षबाट एकजना र बेहुलापक्षबाट एकजना तय गरिएको हुन्छ । जसलाई 'सम्दिचा' भनेर भनिन्छ । बाहिर आँगनमा थपु सम्दीको केही रीत गरिसकेपछि सम्दिचाहरू घरभित्र प्रवेश गर्दछन् । त्यसपछि पुनः घरभित्र गर्नुपर्ने थपु सम्दीको रीत गर्दछन् । पहिलो दिनको थपु सम्दीको रीत सकिएपछि बेहुला र बेहुली पहिरिनु र सिन्दुर पोतेको रीत गर्नुपर्दछ । त्यसपछि भने ढोगबेरा (ढोगभेट) गर्दै साइनो छिनाउने रीत गर्नु पर्दछ । ढोगबेराको समयमा नै सम्दी ढोग गर्नुपर्दछ । त्यसैगरी सम्पूर्ण आफन्त नरनताहरूसँग बेहुला बेहुलीले ढोग गर्दै साइनो छिनाउनु पर्दछ, जसको सहजीकरण फुप्चाले गर्नुपर्दछ । ढोगबेराको

रीत सकिएपछि भने बेलुकीको भोजको समय हुन्छ । सबैजना खानपिनको लागि खाना खाने ठाउँमा जानुपर्दछ । त्यसपछि बेलुकी गरिने सबै रीतिहरू सकिन्छ । नाचगान र रमाइलो भने निरन्तर रहिरहन्छ ।



भोलिपल्ट भने बेहुला पक्षको पाते सराउ र सजेबको गाउँले तथा दाजुभाई र छरछिमेकले जम्मा गर्दछन् । त्यसैगरी भान्सेखमको बोकोल (चुला) मा बेहुलापट्टिको नक्स तथा ङाबुचाहरूले बेहुलाको मामा (आमा) लाई राखेर बेहुलीको शिरोपरमा उसको माइतमा पठाइने तामाको भाँडालाई पुकारेर पुजा गर्नुपर्दछ । जसमा हाल दुई थान (पहिले १६ थान) तामाको भाँडो चलाउने रीत थियो । उक्त तामाको भाँडालाई तुम्लोको भाषामा 'सुम्निबाथा सालाबाथा' भनेर पुकार्ने गरिन्छ ।

त्यसपछि भने घरभित्र पुनः बेहुला र बेहुली पक्षको सम्दिचाहरू जम्मा हुन्छन् र बाँकी थपु सम्दीको रीत गरिन्छ । त्यसपछि बेहुला र बेहुलीलाई सँगै राखेर अर्ती-उपदेश र आशिर्वाद दिने गर्दछन् । जसपश्चात थपु सम्दीको रीत सकिन्छ । भतेरमा भने सबैभन्दा पहिला योक्तिरी हुन्छ । योक्तिरीमा बेहुला घरको तर्फबाट, दाजुभाईको तर्फबाट, फुप्चाको तर्फबाट योक्तिरीहरू हुने गर्दछ भने खानामा पनि फुप्चाको तर्फबाट मुख्य खाना सँगै बाँडिन्छ । खाना बाँड्दा सुरूमा लालुमी लालुचालाई दुई/दुई भाग दिइन्छ ।

खाना खाइसकेपछि भने माइती पक्षबाट आएका तुम्लोचाहरूले लालुचा र लालुमीलाई पर लगेर 'सुल फिक्चो' तुम्लो गरिन्छ । जसको मुख्य उद्देश्य भनेको नव दम्पत्तिलाई भावी दिनमा अशुभ नहोस् भनेर तुम्लोको संस्कार अनुसार गरिने विधि हो । 'सुल फिक्चो' को रीत गरिरहँदा यता आँगनमा भने दोलोकुम (विवाहमा बोति बिदा गर्ने बेलामा गाइने साँस्कृतिक गीत) छोरीचेलीहरूले

गोलाकारमा उभिएर गाउँदछन् र जी अन्चो (लक्षिन) भित्राउने रीत गर्दछन् । यी दुई सुल फिक्चो र जी अन्चो रीत सकिए पछि भने बेहुली पक्षको बोतिहरू बिदा गरिन्छ । बेहुली पक्षको बोतिहरूले सुम्निबाथा सालाबाथा लगेर जान्छन् र उता बेहुलीको माइतमा पुगेपछि बोकोलमा 'ग्रो लुक्चो' को रीत गर्दछन् । 'ग्रो लुक्चो' को रीतको मुख्य मर्म हाम्रो चेली विवाह गरेर अर्कैको बोकोलमा गइसकिन हामी गएर देखेर आइसक्यौं, हाम्रो छोरीचेली र देल्चा (ज्वाई) लाई जिम्मा दिँदै आशिर्वाद दिएर आयौं । पितृपुर्खाहरू त्यसको प्रमाण यो पठाएका छन् भनी पितृपुर्खालाई पेस गर्नु हो ।

बोति बिदा गरेको भोलिपल्ट पुनः लालुचा (बेहुला) पक्षबाट बोति लालुमि (बेहुली) पक्षतिर जानुपर्दछ, यसलाई दुरान फिराउने पनि भनिन्छ । यसरी लालुचा पक्षको बोति लालुमि पक्षको घरछेउ पुग्न लाग्दा लालुमि पक्षको फुप्चाहरू सहितको टोली कठुवामा जाँड र रक्सी बोकेर स्वागतको लागि बाटोमा जान्छन् । त्यसपछि बोतिहरूलाई भेटी सबैभन्दा पहिला 'फुप्चा घ्रुम्चो' अर्थात् 'कलिया भेटौनी' को रीत गर्दछन् र बोतिहरूलाई ल्याएर आँगनमा राख्दछन् । उसैगरी आँगनमा बस्नको लागि पराल र बीचमा ताप्नको लागि आगो बालिएको हुन्छ ।

बोतिहरू पुगिसके पछि भने लालुमि पक्षको रीत घरभित्र ढोगबेरा र साइनो छिन्ने हुन्छ । एवं रीतले फुप्चाहरूले लालुमि र लालुचालाई ढोगबेरा र साइनो छिन्नुमा सहजीकरण गर्दछन् भने सम्दीढोगमा पनि सहजीकरण गर्दछन् । सम्पुर्ण ढोगभेटको रीत सकिएपछि बेलुकीको भतेरको काम हुन्छ । त्यसपछि भने त्यस दिनको लागि सबै रीत सकिन्छ तर नाच्ने गाउने समय खुला रहन्छ ।

भोलिपल्टको दिन लालुमि पक्षको दाजुभाई, आफन्त र गाउँलेहरूले सजेब र सराउ जम्मा गर्ने गर्दछन् । त्यस्तैगरी भान्सेखममा

भान्सेहरू खानपानको तयारी गर्दछन् । लगभग दिउँसोका समय सुरू भएपछि भने पुनः बेलुकी जस्तै ढोगबेरा, सम्धी ढोग र ढोगबेराको रीत गरिन्छ र सकिएपछि भने भतेर संचालन गरिन्छ । भतेरमा सबै बोतिहरू र निम्तालुहरूलाई एकै लहरमा लहरै राखिन्छ । त्यसपछि घरभित्रको, ङप्सीलअ (दाजुभाई)को, फुप्चा र सालुम्पाको तर्फबाट योक्तिरी गरिन्छ । योक्तिरी सकिएपछि सबैलाई खाना बाँडिन्छ । योक्तिरी सुरू गर्दा र खाना बाँड्दा सुरूमा लालुमी लालुचालाई दुई/दुई भाग दिइन्छ । त्यसपछि भने अरू बोति र अन्य निम्तालुहरूलाई बाँडिन्छ । भतेरमा बस्ने सबैजनाले सुरूमा लालुमी र लालुचाले खाएपछि मात्र सुरू गर्ने प्रचलन रहेको छ ।

भतेर सकिएपछि भने बोति बिदाको रीत गर्नु पर्दछ । यसको लागि चाहिँ सुरूमा लालुमि लालुचालाई घरभित्र मुल ओछ्यानमा लोकोन्ता लोकोन्ती सहित राखेर सेतो टीका लगाईदिंदै आशिर्वाद दिइन्छ । सबैभन्दा पहिला आमा बुबा र त्यसपछि माइतीका अन्य सदस्यहरू, आफन्त, छरछिमेकी र गाउँलेहरूले टीका लगाई दिनुपर्दछ । टीका टालोका रीत सकिएपछि लालुमी र लालुचालाई माइती पक्षले बोकेर बाहिर ल्याउदै जानेबाटो सम्म पुराउनु पर्दछ। यसरी बोति बिदा गर्नु पर्दछ ।

त्यसपछि लालुचा तर्फको बोतिहरू लालुचाको घरमा गएर लालुमीको घरबाट पठाइएको सुँगुरको फिला र अन्य कोसेलीहरू पकाएर ग्रहण गुर्नु पर्दछ, जसलाई चाचुवा भनिन्छ। त्यसपछि भने लालुमि र लालुचा तय गरिएको मितिमा माइतीको मामा, पापा र आफन्तहरूलाई भेट्नको लागि कठुवामा रक्सी कोसेली लिएर जानुपर्दछ। यसरी बायुङ राईहरूको मौलिक विवाह संस्कृति सम्पन्न गरिन्छ ।

## च) ब्याक्खा तुम्लो (मृत्यु संस्कार):

बायुङ राई भाषामा मृत्यु संस्कारलाई ब्याक्खा तुम्लो भनिन्छ । तुम्लो (मुन्दुम) अनुसार बायुङ संस्कारमा दुई किसिमको मरण हुन्छ: राम्रो मरण अर्थात 'नोक्ब्आ लाम' र नराम्रो मरण अर्थात् 'ज्याक्चा लाम' । यहाँ यी दुवै मरणको संक्षिप्त वर्णन प्रस्तुत गरिएको छ:

### अ) नोक्ब्आ लाम:



माथि नै भनि सकियो बायुङ तुम्लोअनुसार राम्रो मरणलाई 'नोक्ब्आ लाम' भनिन्छ । तुम्लो अनुसार राम्रो मरण भनेको स्वभाविक तथा सामान्य किसिमले कालगति मृत्यु हुनु हो । यसरी मृत्यु भएका मृतक व्यक्तिको दाहसंस्कार 'नोक्ब्आ लाम' को तुम्लो अनुसार गरिन्छ। नोक्ब्आ लाममा गएकाहरू मृत्युसंस्कार पनि दुई किसिमले गरिन्छ । जसमा पहिलो 'बलम चन्चो' हो । यो लामो र एकदम तुम्लोको भाषामा नक्सले सम्पन्न गर्ने गर्दछ । दोस्रो चाहिँ तुम्लो जान्ने व्यक्तिहरू ङाबुचाले तुम्लोको भाव फलाकेर सम्पन्न गर्दछन् जहाँ नक्सको आवश्यता हुँदैन । दुवैको सार एउटै नै हुन्छ फरक नक्सले तुम्लोको भाषा (फ्रेलो) मा औपचारिक रूपले सम्पन्न गर्दछ भने अन्य तुम्लो जान्ने व्यक्तिले बायुङ मातृभाषामा फलाकेर सम्पन्न गर्दछन् ।

मौलिक बायुङ राईको मृत्युसंस्कार अनुसार सर्वप्रथम मृत शरीरलाई घरभित्रको मुल ओच्छ्यान भन्दा तल्लो भाग अर्थात् होसुबामा पानी र तितेपातीले लोट्याएर गुन्द्रीमाथि तेर्सो पारेर सुताएर राखिन्छ । यसरी मृत शरीर राख्दा टाउको जस्केलोतिर र खुट्टा ढोकातिर हुनुपर्दछ । अनि उसलाई पानी दिइन्छ । पानी दिंदा देब्रे हातले दिनुपर्दछ । त्यसपछि अन्य तुम्लोको विधिअनुसार टाउको छेउमा फुटेको हाँडीको चोइटा, कुखुरा (महिला भए पोथी र पुरूष

भए भाले) को प्रयोग गरिन्छ, धागोको लालाचिक्साले हातगोडा र मुखमा बाँधिन्छ र उसलाई आज बाट हाम्रो बाटो अलग भयो भनेर सम्दी गर्दै उसलाई पुकारिन्छ ।

त्यसपछि शिरमा बोदुखु, हातमा धनुकाँड, जिउमा गादा लगाएर नक्सले मृत शरीरतिर पुकार्दै उसको आत्मको 'याखा रोक्चो-साखा रोक्चो' अर्थात् 'घाईते आत्मलाई बल दिने' रीत गर्नुपर्दछ । त्यसपछि उसलाई सावाका



(डालोमा राखेको धान) दिइन्छ। अनि फेरि पानी खुवाइन्छ। त्यसपछि भने सेतो कात्रोले बेरेर 'थोथोवा' ले खिलिन्छ र हरियो बाँसमा तीन ठाउँ (घाँटी, कम्मर र खुट्टा)मा बाँधिन्छ । तत्पश्चात पुनः 'याखा रोक्चो-सा रोक्चो' सम्दी गरिन्छ। त्यसपछि खानुको लागि भन्ने मान्यताअनुरूप 'लुजाका' पस्केर फुटेको हाँडीको टुक्रामा दिइन्छ । त्यसपछि पुनः कात्रोबाट अनुहार निकालेर पानी दिइन्छ जसलाई ब्अकुतुन्चो भनिन्छ । त्यसपछि तिमी त घर, आँगन, चुलो चौका, वस्तुभाउ, भीरपाखा सँग टाढियौ । छोरा छोरी, आमाबुबा, परिवार, छरछिमेकी, दाजुभाई, आफन्त, गाउँलेहरूसँग कहिल्यै नभेटिने गरी छुटि गयौ । अब तिमी उतै उतै भयौ। हामी यतै यतै रह्यौं । तिमी आफ्नो बाटो जानुपर्छ । यता नसम्झनु । सरासर जानु । उतै पितृथलोमा वास बस्नु । पितृहरू छन् उतै भनेर सम्दी गर्नुपर्दछ । त्यसपछि बलम चन्चो गरिने हो भने नक्सले आफ्नो 'बाचुम बाद्यार्वा' र सकिएपछि चिहान खन्नको लागि घरभित्रबाट जोडी अगुल्ठो निकाल्दै र खन्ने सामग्रीहरू लिएर 'सुलम्चा वालुम्चा/हलुम्चा' (चिहान खन्ने जिम्मा पाएका मान्छे) हरू जान्छन् । यता नक्सले उहिले आदिमकालमो सुम्निदुः सालादुःको तुम्लो फ्रे-लोबाट फलाक्दै मृतात्मलाई सम्झाई-बुझाई गर्दछ । बलम चन्चो तुम्लोमा आदिमकालको 'आसी रःसि सुम्नि रःसी' को मिथक आउँदछ । यसरी तुम्लोहरू गरिएपछि

अन्तिमा चिहान तयार पारिसकेपछि भने मृतको ओछ्यान, सिरानी र लत्ताकपडाहरू लगिन्छ । त्यसपछि शवलाई घरभित्र निकालेर चिहनामा राखिन्छ र 'ब्आला थ्यक्चो' को तुम्लो गरिन्छ । त्यसपछि उसलाई अन्तिम पटक मुख हेर्ने भनेर कात्रोबाट मुख निकालेर हेरिन्छ, अन्तिमपटक पानी खुवाइन्छ। अनि चिम्लिलुङले ढाकेर मट्टी माटो अर्पण गरेर अन्तिम संस्कार गरिन्छ । त्यसपछि चिहान बनाइन्छ । अनि घर फिरिन्छ । घरमा आउँदा टालो डढाएर पानी ठीक पारेको हुन्छ । चिहानबाट फर्किने सबैले उक्त टालोको आगो छुनुपर्छ र पानी अच्छ्याएर भित्र छिर्नुपर्छ । अनि आ–आफ्नो घर जानुपर्दछ । अनि बेलुकापख भने घरमा साथी गर्नलाई नजिकको आफन्त र छिमेकीहरू आएर बस्नु पर्दछ । त्यसपछि तय गरिएको मितिमा सासेबुसे (किरिया) गर्नुपर्दछ। अनि त्यसपछि धामीलाई चिन्ता बसाएर 'लामा सोःचो' अर्थात् मृतकको आत्मलाई पितृथलोको बाटो देखाउने तुम्लो गर्नुपर्दछ भने यसरी मृत्यु भएका आत्मलाई हरेक पितृ पुजामा बोलाएर सम्मान सहित पुकार्ने तुम्लो रहेको छ ।

**आ) ज्याक्चा लामः**

माथि नै भनि सकियो 'ज्याक्चा लाम' भनेको नराम्रो मरण हो । बायुङ तुम्लोअनुसार नराम्रो मरण भन्नाले भीर, पहरा, रूख, पानी जस्ता ठाउँमा दुर्घटनामा परी भएको मृत्यु हो । त्यस्तै गरी सुत्केरी हुन नसकेर मृत्यु महिलाहरूको मृत्यु हुनु, नवजात शिशुको मृत्यु अर्थात् अस्वभाविक किसिमले अकालमा मृत्यु हुनुलाई 'ज्याक्चा लाम' भनिन्छ ।

यसरी मृत्यु भएका व्यक्तिहरूको 'नोक्ब्आ लाम' को जस्तो बलम चन्चो गरेर सद्गद् गरिँदैन र चिहान पनि बनाइदैन । मृतकको शरीररलाई खाल्डो खनेर गाडिन्छ । अनि किरिया पनि गरिँदैन सिधै किरात राई धामीलाई ढोलढ्यांग्रोले चिन्ता राखिन्छ र 'लाम

सोःचो' तुम्लो गरि मृत्यु संस्कार सम्पन्न गरिन्छ । र यसरी मृत्यु भएकाहरूको आत्मलाई पितृमा पितृकार्जेको बेला बोलाइँदैन ।

अन्त्यमा, आदिम र ऐतिहासिक थलो पुर्वी नेपालको पहाडी जिल्ला सोलुखुम्बु र ओखलढुंगा रहेको बायुङ राईहरूको भौगोलिक स्थलअनुसार संस्कार संस्कृतिमा फरक रहेको पाइन्छ । त्यसैगरी नेपालको विभिन्न जिल्ला, ठाउँ, भारतका विभिन्न स्थानहरूमा बसोबास गर्ने बायुङ राईहरूको संस्कारमा भिन्नता आउने नै देखिन्छ । प्रस्तुत लेखमा सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिका वडा नं. १ अन्तर्गतको ख्याम्पु, जन्तेरू, फुर्चुकु, ओस्ती, ओस्पु, जेजुरू, सेरो, गुगुर्दीलगायत छिमेकी गाउँ नाम्लोमा प्रचलित लुःना बायुङ राईहरूको तुम्लोमा आधारित भई लेखिएको हो ।

रूप्ता

**यले थोचे ५०८३ को शुभअवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण बायुङ राई दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख–शान्ति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**किरात बायुङ राई सुम्निखिम**
**जिल्ला कार्यसमितिहरू**
**द्याल कार्यसमितिहरू**

# याक्थुङ (लिम्बू) आदिवासीको प्रथाजनित संस्था 'चुम्लुङ'



– **डा. कमल तिगेला**
(खेवाहाङ लिम्बु)
समाजशास्त्री

**सारसंक्षेपः-**

याक्थुङ (लिम्बु) आदिवासीको प्रथाजनित-परम्परागत संस्थाको नाम 'चुम्लुङ' हो । प्रथाजनित संस्था 'चुम्लुङ' को सन्दर्भमा पटक-पटक याक्थुङ मुन्दुममा उल्लेख भएको पाइन्छ । यसर्थ याक्थुङ (लिम्बु) आदिवासीको प्रथाजनित-परम्परागत संस्था 'चुम्लुङ' हो भन्नेमा कुनै द्विविधा छैन । 'चुम्लुङ' शब्दको व्युत्पति चुम्मा + लुङ = चुम्लुङबाट भएको हो । यसको सामान्य अर्थ भेला/सभा/सम्मेलन/बैठक गर्ने ढुंगा भन्ने लागेता पनि यसको थप अर्थ संस्था, संघ, संगठन, भेला, सम्मेलन, परिषद आदि लाग्दछ । यसमा हाङ (राजा/प्रमुख) र तुतु-तुम्म्याङ (पुरुष भद्रभलादमी), या?ला-सुहाङ (महिला भद्रभलादमी), नालि-थाङबेन सिसा-मेन्छ्या (युवा/युवतीहरु) पेगी-फाङ्साम (पुजारी), पासिङ-पादाङ (सदस्यहरू), इङ्मेबा (सरदार), सिजोवा/सिजोरा-इङ्मेसा (सूचना तथा संचार), योक्थोक्वा (कुरा बुझ्ने/सुराकी गर्ने/दुतको रूपमा कार्य गर्ने), थक्सु/तुरा (युद्धमा सामेल हुने लडाकु/सेना/योद्धा) आदि संस्थागत संरचनामा रहेका हुन्छन् । यस संस्थाको बैठक वा भेलामा बस्ने कार्य समेत गोलो घेरामा हुने भएकाले यसको संरचना उच्च निच्च ठूलो सानो पदानुक्रम वा संरचना नभएको गैर श्रेणीबद्ध (non-hierarchical) हुन्छ ।

## पृष्ठभूमि

प्रथाजनित संस्थाले मात्र आदिवासीहरूको पुर्ख्यौली भूमि माथि शासन, व्यवस्थापन, संचालन र रक्षा गर्न सक्ने भएकाले यसको अति महत्व छ । यस्तो पृष्ठभूमिमा आज औपनिवेशिक र विस्तारवादी राज्यहरूको आधुनिक संस्थाहरूको चरम चपेटामा लोपोन्मुख रहेका आदिवासीका प्रथाजनित संस्थाहरूको पुन उर्द्धार र पुनगर्ठन आज अपरिहार्य भएको छ । आदिवासीहरूको प्रथाजनित-परम्परागत संस्थामा सहमतीय पद्धति अनुरूप निर्णय हुने भएकाले कसैको हार र जित हुदैन भन्ने मान्यता छ । यस सन्दर्भमा वीग र कोमरे (२०१८) हरूले परम्परागत संस्थाहरू विश्वासनीय अहिंसाजनक मोलतोलको माध्यमबाट कार्य गर्दछन भनेर लेख्दछन् । कारोलिना (२०२१) को अनुसार युगान्डामा द्वन्द्व पछि न्याय र शान्ति सेवा प्रदान गर्न परम्परागत संस्थाहरूले नेतृत्व लिएका थिए । जहाँ प्रथाजनित संस्थाहरूले साना-साना द्वन्द्वको क्रममा शान्ति र न्याय प्रदान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । सिरिमोरोक र बाफ्रियानो (२०२०) का अनुसार पुर्वि इन्डोनेशियाको लेम्बाटा क्षेत्रमा परम्परागत भूमि माथि वास्तविक र औपचारिक अधिकार कायम राख्न आदिवासीहरूको परम्परागत संस्थाले कार्य गरिरहेको विद्यमान अवस्था छ । सार्वजनिक सुविधाहरूको लागि परम्परागत भूमिको उपयोगको लागि कार्यान्वयन हुनु अगाडि नै औपचारिक गाउँ सरकारलाई परम्परागत संस्थाबाट स्वीकृति आवश्यक हुन्छ । प्रथाजनित संस्थाहरूले परम्परागत भूमि क्षेत्रहरूमा नियन्त्रण, व्यवस्थापन, र सबै स्रोतहरूको प्रयोग गर्दछन । प्रथाजनित संस्थाले गाउँको प्रमुख र गाउँ विधानसभालाई प्राकृतिक संसाधनहरूको प्रयोगको बारेमा सोध्न सक्दछ । समाजका नियमहरू निर्माण गर्न, छलफल र नियम जारी गर्न प्रथाजनित संस्था आवश्यक पर्दछ । प्रथाजनित संस्थामा नेतृत्व गर्न गाउँ प्रमुख घोषणा गर्दछन । प्रथाजनित

संस्थाको निर्णयलाई सुदृढ पार्न शपथको आयोजना गर्ने गर्दछन । यस्तो शपथको लागि अनुष्ठान सम्पन्न गर्नु पर्ने हुन्छ । अनुष्ठानको तयारी पछि गोलो घेरामा बसेर नयाँ व्यवस्था र नियमहरूको निर्णय गर्दछन । ताइवानका आदिवासी कोटेन (अनुष्ठान को प्रमुख) को परम्परा अनुसार आफ्नो प्रतिनिधिहरू संग अनुष्ठानको तैयार गरी कुखुरा, केरा र रक्सी रूख र ढुंगामा चढाएर भोज खान्छन । यसपछि कोटेनहरूको परम्परामा जस्ले माछा मार्दा बम विस्फोट गर्न, विषादी प्रयोग गर्न प्रतिबन्ध लगाउँछन र जसले यो नियमको उलंघन गर्दछ त्यसलाई परिपक्व सुँगुर वा बाख्रा जरिवाना तिर्न पर्ने नियम बनाउँछन । यसरी नै याक्थुङ (लिम्बु) आदिवासीको प्रथाजनित संस्था चुम्लुङमा अंगभंग हुनेगरी कुटपिट भएको मुद्धामा पनि दुवैपक्षलाई उपस्थित गराइन्छ । पिडक पक्षले पिडित पक्षलाई दुई बोतल रक्सी राखेर क्षतिपुर्ति सहित माफी मागेमा माफ दिने चलन छ । यसलाई तुम्म्याङले परम्परागत तरवरले फैसला मुन्दुमबाटै गर्दछन् । जुन मुन्दुममा तुम्म्याङ उत्पतिको घटाना विवरण सुनाउँदै तुम्म्याङले न्याय निरुपण गर्न हाङ (राजा/प्रमुख) बाट अधिकार पाएको कुरा गर्दछन् । र, राखेको रक्सी बाँडेर खाने, कुनै कुनै मुद्धमा सादाप्ला यामङदाप्ला (बाख्रा वा सुँगुर काटेर जाँड रक्सीसंग रातो अचानो चिसो छपनी) गरी भोज खाने चलन पनि अघिल्लो पुस्तासम्म प्रचलित रहको पाइन्छ ।

अनरुह (२००५) का अनुसार इथ्युपीयामा बाहिरी प्रभावको कारणले व्यवस्थापनको लागि परम्परागत प्रथाजनित संस्थाहरु सम्झौताका लागि आउँछन् । जसले स्रोतको उपलब्धता परिवर्तन गर्ने गर्दछन भनेर उल्लेख गरेका छन् । हन्टिंगटन (१९९७) ले समानता आकर्षणको सिद्धान्तलाई अगाडि बढाएर उनले समान भाषा, संस्कृति, धर्म, मूल्य, सामाजिक मान्यता र संस्थाका मानिसहरु यस सिद्धान्त अनुसार एक अर्कामा आकर्षित हुन्छन भनी लेखेका

छन् । सेगाँत (१९९६) का अनुसार 'धितो' नामक संस्थाले नदेखिदो हिसाबले जग्गा माथि पहुँच प्राप्त गर्दछ । यद्यपी यस्तो पहुच सैद्धान्तिक हिसाबले लिम्बू प्रमुखहरु र गोर्खाबीचको शान्ति सम्झौताले मनाही गरेको थियो । विभिन्न न्यायिक कारवाहीको सन्दर्भमा, अव्यवस्थित धितोले पक्कै पनि लिम्बूलाई आफ्नो पुरानो राजनीतिक परम्परालाई जारी राख्ने र आफ्नो संस्थालाई कायम राख्न अधिकार प्रदान गरेको थियो भनी तर्क गरेका छन् । यद्यपि उनले के भनेका छन् भने, धितो आफैमा एक संस्था होइन तर नगद र वस्तुहरूको आदान प्रदानको एक साधन मात्र हो । उनले याक्थुङ (लिम्बु) आदीवासी जनजातिको परम्परागत संस्थाको नामका बारेमा उनको पुस्तकमा चर्चा गरेको पाइएको छैन । रोय (२००६) का अनुसार विशेष उपनिवेशको माध्यमबाट एशियामा आदिवासीहरु आर्थिक सीमान्तकरण, सामाजिक र राजनीतिकको अधीनमा छन् । एसियाका केहीमा राजनीतिक तथा कानुनी स्वायत्तता कायम गर्न सक्षम भए पनि प्रत्येकको मामलामा चुनौतिहरू फरक फरक छन् । धेरै आदिवासी मानिसहरूको प्रणाली र अभ्यासहरु एक हदसम्म समाप्त भएको छ । आदिवासी जनताको कानूनी प्रणाली र परम्परागत कानूनी संस्था यस्ता संघर्ष प्रायः एक स्वायत्तताको हिस्सा हुन्छ । अन्य अवस्थामा, आदिवासीहरूको सबैभन्दा ठूलो चुनौती भनेको बदलिरहेको सामाजिक गतिशीलतासँग सामना गर्नु हो । जर्ज र योमी (२००८) का अनुसार नागलेण्डमा परम्परागत संस्थागत अधिकार घट्दै जाँदा, आदिवासी वन संरक्षण संयन्त्र कमजोर भएको पाइन्छ । दास (२०००) ले याक्थुङ (लिम्बु) परिवारको परम्पराको वर्णन गरे जसले धनी होस् वा गरीब, हरेक घरमा च्याब्रुङ बजाउने चलन थियो । उनले लिम्बु र लेप्चा पहिले बसोबास गर्नेहरूले जग्गाको दाबी गरेका थिए र पछि उनीहरूको वंशजले यी जग्गालाई किपटको रूपमा राखेर आफ्नो अधिकारको पुष्टिकरण गरेका

थिए भनी लेखेका छन् । सरकारबाट कर संकलन गर्न 'सुब्बा' बनाई उनका वंश सदस्यहरूमा कर उठाउनको लागि जिम्मेवार बनाइयो । क्याप्लान (२०००) ले राणा शासनको पतन र नयाँ सरकारको स्थापना भएपछि लिम्बुहरूले ठूलो मोर्चामा राजनीतिक कारबाहीको लागि आफूलाई व्यवस्थित गर्ने प्रयास गरे, यसमा 'चुम्लुङ' को महत्वपूर्ण भूमिका थियो भनी उल्लेख गरेका छन् । उनले शाह शासकहरूले याक्थुङ (लिम्बु) बीच 'सुब्बा' निर्माण गरेनन् तर उनीहरूले परम्परागत रूपमा प्रमुख हुने प्रचलनलाई राज्यको संरचनामा समाहित गरे भनी लेखेका छन् । तर याक्थुङ (लिम्बू) को सन्दर्भमा हाङ र तुम्याङ प्रणाली सुब्बा पद भन्दा धेरै पुरानो र परम्परागत हो । वास्तवमा यो प्रणाली सुब्बा र सुभांगीले प्रतिस्थापन गरेको थियो । सुब्बा शब्द सेनकालमा मुगल सम्राटले चलाएको थियो, पछि सेनले यसलाई नेपालमा ल्याए र त्यसपश्चात शाहको कालमा सुब्बाको संरचनामा कर्ता, करोबारी, बुढौली, थरी र मुखिया पदहरू थपिएको थियो । चेम्जोङ (२००३) ले भने 'चुम्लुङ' एक परिषद थियो जसमा चार सदस्य पेसिंग-पादाङ एबम् (भाइहरू/सदस्यहरू) सम्मिलित थिए जसले गाउँको प्रशासनमा सरदारलाई सहयोग गर्दथे भनी उल्लेख गरेका छन तर उनले याक्थुङ (लिम्बु) आदिवासीको परम्परागत-प्रथाजनित संस्था चुम्लुङ हो भनी लेखेको पाइन्न ।

वास्तवमा नेपालको आदिवासीहरूका सन्दर्भमा प्रथाजनित संस्थाहरू थकालीको 'तेह्र मुखिया' प्रणाली, ह्योल्मोको ह्युल्ठिम, माझिको 'मझेसावा' थारूको बडघर (लिम्बू, २०१५), नेवारको 'गुठी' (सिंह, २०१५), सन्थालको 'मझिहाडम' (लिम्बू, २०२०), धिमालको 'माझीवाराङ' (धिमाल, २०१५), मगरको 'मण्डली बराजु भेजा' (मगर, २०१५) आदि हुन् । यस्तै याक्थुङ (लिम्बु) आदिवासीहरूको प्रथाजनित संस्थाको नाम 'चुम्लुङ' हो (लिम्बू, २०१९) । 'चुम्लुङ'

याक्थुङ (लिम्बु) आदिवासीको एउटा प्रथाजनित-परम्परागत संस्था हो जहाँ याक्थुङ (लिम्बु) आदिवासीहरूले सामूहिक अधिकार र कल्याणको बारेमा छलफल गर्दछन् । यसमा हाङ (राजा/प्रमुख) र तुतु-तुम्याङ (पुरुष भद्रभलादमी), या ला-सुहाङ (महिला भद्रभलादमी), नालि-थाङबेन सिसा-मेन्छ्या (युवा/युवतीहरु) पेगी-फाङ्साम (पुजारी) रहेका हुन्छन् । चुम्लुङले सार्वजनिक महत्वका विषयमा निर्णयहरु पारित गर्दछन । यसले स्थानीय समस्या समाधान, सामुहिक निर्णयहरु कार्यान्वयन गर्न सहज बनाउँदछ । चुम्लुङ एक श्रेणीविहिन (ठूलो सानो मान्यतामा नरहेको) संस्था हो किनभने यसले समाजमा सबै सदस्यहरूको उनीहरूको स्थान जस्तोसुकै भए पनि सहभागिता सुनिश्चित गर्दछ (लिम्बु, २०१९) । सुब्बा (१९९९) का अनुसार किरात याक्थुङ चुम्लुङ सेप्टेम्बर १९८९ मा लिम्बु भाषा, संस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धनको लागि स्थापना गरिएको हो र त्यहाँ अन्तर्निहित परम्परागत संस्थाहरु छन् जुन मानिसहरु दृढ रूपमा जोडिएका छन् । वास्तवमा याक्थुङ (लिम्बु) समाजमा हाङ (राजा/प्रमुख) प्रणाली स्थापित थियो । तुम्याङ (तुतु-तुम्याङ/या?ला सुहाङ) आदि श्रेणी विहीन संरचनामा थिए किनकि उनीहरूसँग सबै सामाजिक र धार्मिक अधिकारहरूको पहुँच थियो । तुम्याङ (तुतु-तुम्याङ/या?ला-सुहाङ) एक कानुनी संस्था हो । याक्थुङ (लिम्बु) आदिवासी जनताको परम्परागत-प्रथाजनित संस्था चुम्लुङ हो ।

## चुम्लुङ शब्दको उत्पत्ति

याक्थुङ (लिम्बु) भाषाको चुम्लुङ शब्द चुम्मा + लुङ = चुम्लुङ भई व्युत्पत्ति भएको हो । चुम्मा शब्दको अर्थ सभा, भेला हो भने लुङको अर्थ ढुंगा हो । सामान्यतय ढुंगामाथि सभा वा भेला आयोजना गर्नु नै चुम्मालुङ (सभा बस्ने वा भेला हुने ढुंगा) हुँदै

'चुम्लुङ' भएको हो । यसको अर्थ संघ, संस्था, संगठन, परिषद, समाज आदि हो । प्राचिन समयमा एकजुट हुन वा संगठित भएर अगाडि बढ्नको लागि चुम्लुङ गठन गर्ने गरिन्थ्यो । मुन्दुममा भने लाचुम्लङ नामचुम्लुङ उल्लेख भएको छ । यसको अर्थ सामन्यतय घामचुम्लुङ जुनचुम्लुङ भनिएता पनि यो सृष्टिपूर्व जतिखेर घामजुन नै उत्पति भएको थिएन कसरी घाम र जुनको कुरा आयो ? भन्ने तर्क गरेको पनि पाइएको छ । तर, मुन्दुम बाचन गर्नेहरूले कालान्तरमा आएर ला र नाम पछि थपेका हुन सक्दछ । याक्थुङ (लिम्बु) आदिवासीहरूले ढुंगा गाढेर कुनैपनि निर्णयको घोषणा गर्दथे । यसैले एकताका लागि सहमतीय पद्धतिमा आधारित निर्णयका लागि एकमत बनाउन मुन्दुम वर्णित चुम्लुङदेखि आजसम्म निरन्तर प्रयोग भई एक प्रथाजनित तथा परम्परागत संस्थाको रूपमा स्थापित भएको पाइन्छ । आजका दिनसम्म संघ संगठनलाई चुम्लुङ भन्ने, याक्थुङ (लिम्बु) ले स्थापना गरेका संघ संगठनको सट्टा चुम्लुङ शब्द प्रयोग गर्ने कार्यले निरन्तरता पाएको छ । यति मात्र होइन कि याक्थुङ (लिम्बु) आदिवासीको विवाह, मृत्यु, झैझगडा, साँध-सीमाना, सार्वजानिक सामाजिक कार्यका लागि चुम्मा (भेला), चुप्सी (भेला हौं), चुम्लुङ युङी (सभा बसौं) जस्ता शब्दहरूको प्रयोग निरन्तर भइआएको पाइन्छ ।

## याक्थुङ मुन्दुममा चुम्लुङको चर्चा

पृथ्वी र आकास वा विश्व ब्रम्हाण्डको उत्पति वा सृष्टिपूर्व नै 'चुम्लुङ' शब्दको उत्पत्ति भएको याक्थुङ मुन्दुममा उल्लेख छ । याक्थुङ मुन्दुम अनुसार उहिले इक्सा खाम्बेक (पृथ्वी), तरङ ताङ्साङ (आकाश) थिएन, मुहङ्लिङ-खाहोङलिङ (पुरै शुन्य) भएको, सो समयमा साप्मा तुम्बा/कुमाङ् तुम्बा नाम गरेका जेष्ठ आदिदेवहरूले इक्सा खाम्बेक (पृथ्वी), तरङ ताङ्साङ (आकाश) विना सुहाएन, त्यसैले के गर्ने ? कसो गर्ने ? भनेर विचार विमर्श

र निर्णय गर्न चुम्लुङको स्थापना गरेको वर्णन छ । याक्थुङ मुन्दुम अनुसार यो नै 'चुम्लुङ' को उत्पत्ति भएको पहिलो घटना हो । चुम्लुङको बारेमा मेन्याङ्बो (२००५) ले उनको पुस्तकमा देहाय बमोजि उल्लेख गरेका छन् ।

याक्थुङ्पाःन पेनी पाःन (पर्वते गोखाली भाषा) साम्माङ तुम्बाहारे, कुमाङ तुम्बाहारे साम्माङ जेष्ठदेवहरूले,कुमाङ जेष्ठदेवहरूलेला- चुम्लुङ मेग,चुम्मा मेलोरेआङ जुन-चुम्लुङमा, भेला हौं भनेर नाम-चुम्लुङमेग, चुम्मा मेलोरेआङ घाम-चुम्लुङमा, भेला हौं भनेर यसैगरी पृथ्वी, आकाशको उत्पत्ति पश्चात जीवन र जतगको सृष्टि भएपछि पृथ्वीमा दुईवटा घाम लागेर तात्कालिन आदिवासी भूमिपुत्रहरूलाई घामले सेकाउँदा पुनः चुम्लुङ गठन भयो । यस प्रसंगलाई थेवे (२०१८) ले यसरी उल्लेख गरेका छन् ।

याक्थुङपाःन पेनी पाःन (पर्वते गोखाली भाषा) लाचुम्लुङमे ग? चुम्मा मेलोरे लाचुम्लुङमा भेला हौ भने सुना थेना मेदङ्घे सोच विचार मिलाए सुना थेना इङतङ मेतङघे (पृ. ३१) । सन्देश, विचार विमर्श मिलाए ।

माथिको 'चुम्लुङ' शब्द र एउटा प्राचिन संस्थाको रूपमा मानव जीवन र जगतको उत्पत्ति पुर्व नै आदि देवदेवताका समयमा भएको कुरा याक्थुङ मुन्धुम मै उल्लेख भएको छ । सृष्टि पछि दुईवटा कुगेतनाम र कुधानाम नामगरेका घामहरू झुल्के । चर्को घामले खाम्बोङबा लुङबोङबा (आदिवासी) हरू गर्मीले बाँच्न नसक्ने भए । पशुपंक्षी, किराफट्याङ्ग्रा मध्ये दुम्सिको पुच्छर घामले जल्यो, मुसा लोखर्के आदिलाई पनि घामले सही नसक्नु गर्मी बनायो भने आदिवासीहरूलाई जीउन गाह्रो बनायो । घामको आँखा कसरी फुटाउने भनेर आदिवासीहरूले आदिदेवहरूलाई अनुरोध गर्दा उनीहरूले 'चुम्लुङ' गठन गर्दै उनीहरूले चुम्लुङबाट घामको आँखा फुटाउने निर्णय गरेको पाइन्छ ।

सृष्टि भई धेरै समय बितेपछि मुजिना खेयङ्ना नाम गरेकी एक महिला सुरित केजङ (वायु) बाट गर्भवती भइन् । उक्त गर्भबाट सुसुवेङबा लालावेङ्वा नामका एक पुत्र जन्मिए, यूवा अवस्थामा उनले सावाकेम्बा युक्फुङकेम्बा नामले परिचित भए, यता महाभारतमा पनि वायुबाट गर्भवती भई कुन्तिले भीम जन्माएको चर्चा भएको पाइन्छ गौतम (१९८९) । यो कागतालि परेको हो कि ? मुन्दुम हिन्दुकरण भएको हो ? यसको थप अनुसन्धान हुन आवश्यक छ । उनीबाट जन्मिएका सावा युक्फुङकेम्बाको जेठी श्रीमती फियामलुङ्मा र कान्छी श्रीमती मुकुमलुङ्मा नाम गरेकीबाट सन्तान पैदा भए । छुचुरू सुवाम्फेवा जेठीबाट र तेत्लारा लाहादोङना नाम गरेकी कान्छी श्रीमतीबाट जन्मिए । एकै पिताका जेठी कान्छी श्रीमतीको गर्भबाट जन्मेका छोरा र छोरीबीचको अवैध यौन सम्बन्धलाई छुटाउनको लागि 'चुम्लुङ' गठन भएको मुन्दुममा वर्णन छ । यस सम्बन्धमा काइला (२०१३) ले निम्न बमोजिम लेखेका छन् ।

याक्थुङपान पेनी पान (पर्वते गोखाली भाषा) तागेरा इसिक, निङवाफु इसिक तागेरा निङवाफूको इच्छा अनुसार ।

सेन्दिफुभाङ, ताङ्सेम्मारोभाङ अलग्ग गर्न, छुट्याउनु भने चुम्लुङ मेदङ्घु, सुजा मेदङ्घु (पृ.४३) चुम्लुङ गठन गरे, सल्लाह मिलाए ।

माथि भनिए झै एउटै पिता छु(सु)च्छुरू सुवाम्फेवाका जेठी कान्छी श्रीमतीपट्टिका छोरा र छोरीबिचको अवैध सम्बन्ध ठहर गरी छुटाउन 'चुम्लुङ' गठन भएको थियो । कृषि युगभन्दा अगाडि आदिमकालमा घुमन्ते युगमा घुम्दाडुल्दा सावायेत्हाङहरूले कन्दमुल आगोले पोलिखान सिके । आगो बचाउने क्रममा सावायेत्हाङका कान्छो भाइ सेछेरे–सेनेहाङले आदिवासीहरूको घरको छानोमा सिउरेको आगोले आगोलागी भई गाउँ खरानी भयो । यसपछि

आदिवासीहरू भुमिपुत्रहरूले त्यस बखत पनि 'चुम्लुङ' गठन गरेको पाइन्छ ।

## हाङ (प्रमुख/राजा) र तुम्म्याङको उत्पत्ति

याक्थुङ मुन्धुम अनुसार कृषि युगमा प्रवेशसंगै सिके(बे)रा येक्थुक्नामा नाम गरेकी आदिम महिलाले फर्सी काँक्रो, पिडाँलु आदिको खेती गरेकी थिइन । उनले रोपेका यी काँक्रो, फर्सी र पिडाँलु आदी गाईबस्तुले खाए । उनी रोइकराई गरी बसेको बेला आएका तुम्याङहरूले भेटी 'चुम्लुङ' बसी गोठालाहरूलाई बोलाएर दण्डकुण्ड गरे । यसको सूचना हाङ (राजा/प्रमुख) कोमा पुग्यो र उनले सेना पठाएर पक्रेर ल्याएपछि हाङ (राजा/प्रमुख) ले उनको देशमा न्याय निरूपण गर्ने अधिकार कहाँबाट तिमीहरूलाई प्राप्त भयो ? भनी प्रश्न गर्दा उनीहरू आफु तुम्म्याङ् भएको बताए । हाङ (राजा/प्रमुख) ले तुम्म्याङहरूको न्याय निरूपण गर्ने सामर्थ्यको परीक्षण गरे । राखिएका माटोको गाग्रो देखाउँदै दायाँ र बायाँ गाग्रो राखेर कुन गाग्रोमा के छ ? भनी प्रश्न गरे । सही उत्तर नमिलेमा मृत्युदण्ड दिनेकुरा गरेपछि उनीहरूले 'चुम्लुङ' बस्ने अनुमति मागेका थिए । उनीहरूलाई 'चुम्लुङ' बस्ने अनुमति प्राप्त भएपछि 'चुम्लुङ' बसेर राजालाई दिने उत्तरको सहमतीमा निर्णय गरे । यसरी चुम्लुङ बसी गरेको निर्णय अनुसार राजालाई जवाफ दिदा उत्तर मिल्नगई आगामी दिनमा समेत न्यायनिरूपण गर्ने अधिकार हाङ (राजा/प्रमुख) ले प्रदान गरेको कुरा याक्थुङ मुन्दुम उल्लेख छ । यहाँ हाङ (राजा/प्रमुख) राजनैतिक संस्थाको रूपमा उत्पति भएको पाइन्छ । यस अगावैका सावायेत्हाङहरु राजा नभएर आठ जना व्यक्तिको रूपमा देखा पदर्छन । यस घटनाबाट हाङ (राजा वा प्रमुख) र तुम्म्याङहरूको अस्तित्व र भूमिका फरक फरक रूपमा प्रस्तुत भएको पाइन्छ ।

याक्थुङ मुन्दुममा पाजाइवा तेन्धङहाङ्वाको पालामा घर बनाएर

बस्न थालेको, घरका खाँबोहरू धमिरोले खाएर ढलेपछि लदेहाङ्बा फुङ्देनहाङ्बा नाम गरेको च्याब्रुङ नाच्नेहरूले नाचेर धमिरो झारेपछि घर बलियो भएको र उनकै पालाबाट विवाहका लागि बधु खोज्ने र मागेर विवाह गर्ने चलन प्रारम्भ भएको देखिन्छ । उनको विवाह पश्चात भाउजु र नन्दबीचको खराब सम्बन्धको कारण श्रीमतीको सल्लाहमा बहिनीलाई फूलले बहिनीको स्तनमा लाग्ने गरी पाजाइवा तेन्धङहाङबाले हानेकाले शिर ढलेर मृत्युवरण भएको घटना मुन्दुममा वर्णन हुन्छ । उनले बहिनीको हत्या गरेपछि सोधुङ्गेन् लेप्मुहाङलाई हरियो झिँगाले छोरीको हत्या भएको सूचना पुऱ्याएको र तिनका पिताले सत्यतथ्य पत्तालगाउन 'चुम्लुङ' गठन गरेको चर्चा हुन्छ । उक्त चुम्लुङमा हरियो झिँगा, उल्लु, पाजाइवा तेन्धङ्हाङ्वा, उनको श्रीमती अन्य गाउँका तुम्म्याङ (भद्रभलादमी) भेला भएकोमा बुद्धि, विवेक भएका, घाँटी छिने पनि जोड्न सक्ने विद्या भएका घाँटी जोडेर वरीपरि घुमाउनसक्ने त्रिकालदर्शी उल्लुले बहिनीको हत्या पाजाइवाले र उनको श्रीमतीको मिलोमत्तोमा हत्यागरेको घटना बताएपछि सोधुङ्गेन् लेप्मुहाङले हत्यारा पत्तालगाई मृत्यदण्ड दिने निर्णय त्यस चुम्लुङबाट लिएको मुन्दुममा वर्णन छ । निश्कर्षमा हाङ राजनैतिक संस्था र तुम्म्याङ कानुनी संस्था र एक न्यायिक प्रणाली हो ।

## प्रथाजनित-परम्परागत संस्थामा भ्रम र यथार्थता

यदाकदा 'तुम्म्याङ' प्रथाजनित संस्थाको रूपमा चर्चा गरेतापनि प्रथाजनित संस्था नभएर प्रथाजनित संस्था चुम्लुङ अन्तर्गतको न्याय निरूपण गर्ने तुम्याङ न्याय प्रणाली हो । यसलाई कानुनी संस्थाको रूपमा मान्न सकिन्छ । तुम्म्याङ न्याय प्रणाली मात्र नभएर सामाजिक सांस्कृतिक कार्यहरू समेत तुम्म्याङले सम्पन्न गर्ने भएकाले सामाजिक-न्यायिक कार्यहरूमा तुम्म्याङहरू कार्यकारी

भूमिकामा रहन्छन् भन्न सकिन्छ । याक्थुङ (लिम्बु) आदिवासीहरूको कानुनी संस्थाको खोजीको क्रममा खासेन् खारोःन् न्यायिक संस्था भन्ने तर्क गरेको पाइयो । तर खासेन् खारोःन् को अर्थ न्याय-निसाफ हुन्छ, न्यायिक संस्था भने होइन । वास्तवमा याक्थुङ मुन्दुम अनुसार खासेन्लोम्मा/खाःलोम्मा वा खासेन् खारोःन्-जोखाना हेर्नु हो । अर्को तुम्मिहाङ र तुम्म्याङहाङ शब्दको पनि प्रयोग गरिएको पाइन्छ । यसमा बुझ्न पर्ने के हो भने तुम्म्याङ र हाङ अलग अलग संरचना हो । 'हाङ' प्रणाली राजनीतिसंग सम्बन्धित छ भने 'तुम्म्याङ' प्रणाली न्याय सम्पादनसंग सम्बन्धित छ । अर्को किरात याक्थुङ चुम्लुङ भनेको नै 'चुम्लुङ' हो भन्ने भ्रम पनि रहेको छ । वास्तवमा किरात याक्थुङ चुम्लुङ, संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भएको नेपालको औपचारिक गैह्र सरकारी संस्था हो । जो याक्थुङ (लिम्बू) हरूको साझा र प्रतिनिधिमूलक संस्थाको रूपमा दाबी गरिएको पाइएको छ ।

याक्थुङ (लिम्बू) सयङ सहजिकरण समूहले २०७८ मंसिर १७ र १८ गते आयोजना गरेको छकलिटार सम्मेलनमा चारवटा कार्यपत्र प्रस्तुत् भएको थियो । जसमा यस पंक्तिकारबाट "आदिवासी याक्थुङ (लिम्बु) को परम्परागत प्रथाजनित संस्था र पुर्ख्यौली भूमि" विषयक कार्यपत्र प्रस्तुत भएको थियो । करिब ११५ थरका याक्थुङ (लिम्बू) हरूको भेलामा प्रथाजनित संस्थाको नाम 'चुम्लुङ' पारित भएको थियो । तर छकलिटार बैठकमा प्रस्तावित आन्तरिक रणनीतिक योजनामा प्रथाजनित संस्थाको नाम 'तुम्म्याङ चुम्लुङ' प्रस्ताव गरिएको भए पनि पारित भएन । उक्त बैठकमा एकजना सहभागीले चुम्लुङ माथि पनि प्रश्न उब्जाएको भन्ने प्रसंगमा पुनः यसलाई टुङ्ग्याउन सहजिकरण समूहको संयोजक नन्द कन्दङवाको संयोजकत्वमा अधिवक्ता अमृता थेवे, डा. कमल तिगेला गरी तीन सदस्यीय प्रथाजनित संस्थाको नाम टुङ्याउने समिति बन्यो । सो समितिले 'चुम्लुङ' नै प्रथाजनित संस्थाको नाम र

तुम्म्याङ त्यस प्रथाजनित संस्था 'चुम्लुङ' मा कार्यकारी भूमिकामा रहने यकिन गऱ्यो । यसर्थ निश्कर्षमा प्रथाजनित संस्थाको नाम 'चुम्लुङ' नै हो भन्न पुष्टि भएको छ । तुम्म्याङ प्रथाजनित संस्थाको नाम नभएर प्रथाजनित संस्था 'चुम्लुङ' अन्तर्गतको न्याय सम्पादन गर्ने एक न्यायिक कानुनी संस्था हो ।

## पहिचानको विकासक्रम

पहिचानको विकास क्रममा मानव विकास क्रमसंगै डुलन्ते घुमन्ते युग पश्चात जब राज्यको उत्पत्ति र विस्तार हुँदै पहिचान निर्माण हुने क्रममा किरात, याक्थुङ, राय/राई, लिम्बू, सुब्बा पहिचान बनेको पाइन्छ । मुन्दुममा वर्णित 'चुम्लुङ' संस्था याक्थुङ आदिवासीहरूले स्वीकार गर्दै आएका छन् । आदि जेष्ठ देवदेवताहरूले गठन गरेको चुम्लुङ, सृष्टि पछि आदिवासी र प्राणी जगतले गठन गरेको चुम्लुङ, माथिको उल्लेख भएको अवैध यौन सम्बन्ध छुटाउन आदिवासी, देवदेउताबीचको गठन भएको चुम्लुङ, आगोको उत्पत्ति संगै आदिवासी र सावायेत्हाङ सहभागि भएको चुम्लुङ, हाङ (राजा/प्रमुख) को उत्पत्ति संगै थिवोङ याक्थुङ कालपूर्व तुम्म्याङहरू सहभागी भएको चुम्लुङ आदि मुन्दुममा वर्णन भएको पाइएको छ । चुम्लुङको विकास हुँदै हाङ, तुम्म्याङ (तुतु-तुम्म्याङ/या?ला-सुहाङ)/भद्रभलादमीहरू, नालि-थाङवेन, सिसा-मेन्छ्या (युवा युवतीहरू), पेगि-फाङसाम (पुजापाठ गर्नेहरू), पासिङ (सदस्यहरू), इङमेबा (सरदार), योक्थोक्वा (गुप्तचर/राजदुत), सिजोवा इङ्मेसा (सूचना संचार), फाःसिङ (चाइङ/चम्याङ/तोम्याङ आदि) थक्सु (लडाकु सेनाहरू), वालवालिकाहरू समेत चुम्लुङको सदस्य भएर आ-आफ्नो जिम्मेवारी अनुरूप कार्य गर्न सक्ने अवस्थामा चुम्लुङ रहेको पाइन्छ । थिवोङ याक्थुङकालमा आएर धेरै रीतिथिति (प्रथाजनित कानुन) को विकास भएको, उक्त संस्थाको परम्परागत संरचनाले

विकासको चरण संगै सांगठानिक स्वरूपमा समेत फेरबदल भएको पाइन्छ । संस्थाका केही पदहरूको नाममा थपघट भएको भएपनि निर्णय प्रकृया र संस्थागत संरचनामा भने परिवर्तन भएको थिएन । जहाँ सहमतीय पद्धतिमा निर्णय प्रकृया र ठूलो-सानोरहित समान संस्थागत संरचनामा आधारित संस्था चुम्लुङ रहेको पाइएको छ । थिवोङ याक्थुङ लाजे (दस लिम्बुवानकालीन राज्य) मा 'चुम्लुङ' बसेका ठाउँहरू दर्जनौं पाइएका छन् । यति मात्र नभएर कालान्तरमा विकसित भएका औपचारिक/अनौपचारिक संस्थाहरूको नामको पछाडि चुम्लुङ शब्द झुण्ड्याउने प्रचलनले पनि 'चुम्लुङ' संघ, संगठन र प्रथाजनित संस्थाका रूपमा रहेको पुष्टि हुन्छ । यसर्थ 'चुम्लुङ' याक्थुङ (लिम्बु) आदिवासीहरूको प्रथाजनित- परम्परागत संस्था हो ।

## निष्कर्ष

याक्थुङ (लिम्बू) आदिवासीहरूको प्रथाजनित-परम्परागत संस्थाको नाम 'चुम्लुङ' हो । तुम्याङ न्याय निरूपण गर्ने कानुनी संस्था र एक न्यायिक प्रणाली हो । यसले सामाजिक कार्यहरू समेत सम्पादन गर्ने गर्दछ । त्यसैगरी 'हाङ प्रणली' राजनैतिक संस्था हो । जसमा सावायेत्हाङ सर्वसाधरण जनताको रूपमा कृषि युग पश्चात 'हाङ' एक राजनैतिक संस्थाको रूपमा उत्पत्ति भई 'थिवोङ याक्थुङहाङ' मा आएर विसर्जन भएको पाइन्छ । याक्थुङ मुन्दुममा 'चुम्लुङ' शब्दको प्रयोग पटक पटक भएको पाइन्छ । याक्थुङ मुन्दुममा पृथ्वी र माटोको सृष्टिपूर्व आदिदेवहरू (साप्मा तुम्बा कुमाङ तुम्बा) हरूले पृथ्वी, माटो र आकाश बिना सुहाएन भनेर अब के गर्ने ? कसरी गर्ने ? भन्ने सन्दर्भमा 'चुम्लुङ' गठन गरेका थिए । यसपछि 'चुम्लुङ' आजपर्यन्त निरन्तर याक्थुङ (लिम्बु) समाजमा विभिन्न कालखण्डमा परम्परागत-प्रथाजनित संस्थाको रूपमा र अनौपचारिक संस्थाको रूपमा 'चुम्लुङ' को

प्रयोग भइआएको पाइन्छ । यसैगरी यसको संरचना परिवर्तन भएपनि याक्थुङ (लिम्बू) समाजमा कहि न कहि औपचारिक संस्थाको नाममा समेत 'चुम्लुङ' शब्द पाइन्छ ।

प्रथाजनित-परम्परागत संस्था 'चुम्लुङ' को संरचना श्रेणी (non-hierarchical) बिहीन हुन्छ । यसको संस्थागत संरचनामा हाङ (समूह नेता/राजा/प्रमुख), तुम्म्याङ (तुतु-तुम्म्याङ/या?ला-सुहाङ)–भद्र महिला/पुरूषहरु सामाजिक कार्य तथा न्याय निरूपण गर्ने कानुनी संस्थाको रूपमा लिइन्छ । तुम्म्याङलाई मन्त्रीको रूपमा पनि लिइएको पाइन्छ । नाली-थाङबेन/सिसा-मेन्छ्या (युवा/युवती), पेगीफाङ्साम (पुजारी), पासिङ (सदस्यहरु) संस्थामा रहन्छन् । यसैगरी संस्थागत संरचनामा ईङ्मेबा (सरदार), योक्थोक्वा (गुप्तचर /राजदूत), सिजोरा-इङ्मेसा (सूचना/सञ्चार), थक्सुबा (योद्धा/लडाकु/सेना) समेत रहन्छन् । फासिङ (आर्थिक संस्था) संस्था वा आर्थिक प्रणली हो । औपनिवेशिक आधुनिक संस्थाको संरचनाहरु (अध्यक्ष/सभापति, उपाध्यक्ष/उप-सभापति, महासचिव, सचिव, कोषाध्यक्ष, सदस्य आदि) ले प्रथाजनित-परम्परागत संस्था 'चुम्लुङ' को पदहरूको नाम र संस्थागत संरचनामा फेरबदल गर्न खोजेको पाइन्छ । याक्थुङ (लिम्बु) आदिवासीहरूको प्रथाजनित-परम्परागत संस्थाको श्रेणीविहीन समानतामा आधारित संरचनालाई पछिल्लो बाह्य औपनिवेशिक आधुनिक संस्थाका संरचनाले विस्थापित गर्न खोजेको छ । यसको अविलम्ब विऔपनिवेशिकरण (decolonization), पुनर्द्धार (revitatilzation), पुनर्गठन गरी पुनर्स्थापना गर्न अपरिहार्य छ भन्ने यस लेखको निष्कर्ष हो ।

## सन्दर्भ सामाग्री

*नेपाली खण्ड काइला, बैरागी । (२०१३) । लाहादोङना-सुहाम्फेबा मुन्दुम । युके र ब्रुनाई : लिम्बू भाषा तथा साहित्य प्रकाशन ।*

*गौतम, सि । (१९८९) । महाभारत । वेदनगर : संकृति सस्थान क्वाजा कुतुव ।*

*चेम्जोङ, इमानसि (२००३) । किरात मुन्दुम किरातको वेद । (तेस्रो संशोधन) । ललितपुर : किरात याक्थुङ चुम्लुङ ।*

*धिमाल, सोमबहादुर । (२०१५) । धिमाल जातिको परम्परागत संस्था तथा प्रथाजनित कानूनहरू । राई, सान्ति कमारी, घले, दिनेश कुमार, लिम्बू शंकर, राई भिम, थामी, टहल (सं) । परम्परागत संस्था : एक अध्ययन (पृष्ठ १०५-१३२) । काठमाण्डौं : नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।*

*मगर, गमबहादुर थापा । (२०१५) । मगर समूदायको परम्परागत संस्थागत प्रणाली । राई, सान्ति कमारी, घले, दिनेश कुमार, लिम्बू शंकर, राई भिम, थामी, टहल (सं) । परम्परागत संस्था : एक अध्ययन (पृष्ठ १८३-१८८) । काठमाण्डौं : नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।*

*मेयाङबो, लक्ष्मण । (२००५) । याक्थुङ मुन्दुम । धरान : देउराली अफ्सेट प्रेस ।*

*लिम्बू, शंकर । (२०१५) । नेपालका आदिवासीहरूको परम्परागत प्रणाली : एक परिचय । राई, सान्ति कमारी, घले, दिनेश कुमार, लिम्बू शंकर, राई भिम, थामी, टहल (सं) । परम्परागत संस्था : एक अध्ययन (पृष्ठ २१-५०) । काठमाण्डौं : नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।*

*लिम्बू, कमल । (२०२०) । नेपालको झापा र मोरङ जिल्लामा बसोबास गर्ने आदिवासी सन्थालहरूको प्रथाजनित भूमिको रेखाङ्कन र दस्तावेजीकरण । मोरङ : नेपाल सन्थाल आदिवासी उत्थान संघ केन्द्रिय कार्यालय, रतुवामाई नगरपालिका, ढगुवो (शंखरटोला), मोरङ ।*

*सिंह, एकराम । (२०१५) । गुठी नेवार समुदायको परम्परागत संस्था*

र प्रथाजनित कानुनहरू । राई, सान्ति कुमारी, घले, दिनेश कुमार, लिम्बू शंकर, राई भिम, थामी, टहल (सं) । परम्परागत संस्था : एक अध्ययन (पृष्ठ २१-५०) । काठमाण्डौं : नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

## English Section

*Caplan, L. (2000). Land and social change in east Nepal: A Study of Hindu tribal relations (2nd ed. ). Kathmandu: Himal Books.*

*Chemjong, I. S. (2003b). Kirat history and culture of Kirat peoples. (4th ed. ). Lalitpur. Kirat Yakthung Chumlung*

*Das, S. C. (2007). A journey to Lhasa and central Tibet. In W.W. Rock hill. (eds.). New Delhi: Rupa. Company Pvt. Ltd.*

*George, J., Khrietuo, Y. (2008, July 14-18). Community Forest Management: A Case Study of Nagaland, India. Paper presented at Governing Shared Resources: Connecting Local Experience to Global Challenges, the Twelfth Biennial Conference of the International Association for the Study of Commons. England: Document Reproducton Service URI. Retrived form : http://hdl.handle.net*

*Huntington, S. P. (1997). The clash of civilizations and the remarking of world order. Noida: Penguin Books Pvt. Ltd.*

*Limbu, K. P. (2019). Examining Ancestral Lands and Customary Institution of Yakthung (Limbu) Indigenous Peoples (Doctoral dissertation). Tribhuvan University, Kritipur.*

*Karolina, W. (2021). Filling the gap: customary institutions as governance actors, Peacebuilding. Retived from: https://www.tandfonline.com.*

*Roy. R.D. (2005). Traditional Customary Laws and Indigenous Peoples in Asia. (Report). London : Minority Rights Group International. Retrived From: http://citeseerx.ist.psu.edu*

*Sangant, P. (1996). The dozing shaman, the Limbus of eastern Nepal, (N.B. Scott trans.). Calcutta Madras: Oxford University Press.*

*Subba, C. (1995). The culture and religion of Limbus, Kathmandu: K.B Subba.*

*Sirimorok, N., Asfriyanto, A. (2020). The return of the muro: Institutional*

*bricolage, customary institutions, and protection of the commons in Lembata Island, Nusa Tenggara. Forest and Society. Vol. 4(1): pp. 61-80.*

*Thebe, A. (2018). Tummyang judiciary systme in Limbu community a customary law. Kathmandu: World Mundhum Society Sunsari.*

*Unruh, J.D. (2005) Changing conflict resolution institutions in the Ethiopian pastoral commons: the role of armed confrontation in rule-making. GeoJournal 64, 225–237 (2005). https://doi.org*

*Wig, T., Kromrey, D. (2018 Jan 31). Which groups fight? Customary institutions and communal conflicts in Africa. Journal of Peace Research. P. 1. Retrived from: https://journals.sagepub. com.*

**कविता**

# ज्ञानी बन्नु छ



असल मानिस बन्नुछ किताब कापी पढेर
स्कुल जान्छु पढ्नलाई साथी भाई मिलेर
गुरूआमा सिकाउछिन् हामी सिक्छौ ज्ञानी भई
खेल खेल्छौ मिलेर चौरमा साथीभाई
पापा मामा माया गर्नुहुन्छ असल ज्ञानी बनोस भनेर
म पनि पढ्छु कङ ङिक्सी गनेर

सिमांकन बायुङ राई (वर्ष ७)
रावावेशि गा.पा. ३ खोटाङ
रेम्बो इङ्लिस सेकेण्डरी स्कुल भक्तपुरमा अध्ययनरत
कक्षा १

# रिब्जुङबाट यसरी खेदियो जोगी



– **खुक्सङ खम्बु राई**
कवि तथा लेखक

कुरा २०६२ साल कार्तिक महिनाको हो । किरामोको कार्यक्रम रिब्जुङ लिस्पुमा पहिल्यै तय गरिएको थियो । कारणवस् पार्टीका अरू साथीहरू कार्यक्रममा आईपुग्नु भएन । लिस्पुले किरातीहरूसँग दुईचार घण्टा छलफल गरेर करिब राति एक बजेतिर बसनबाबु थुलुङ र म उहाँको घरमा सुत्न आयौँ । मतानमा सुत्नलाई के तरखर मात्रै गर्दै थियौँ, काललै खाँदो शङ्ख फुक्दै जोगी आइपुग्यो । "ए, पख्-पख्....शङ्ख नफूक्" भन्दाभन्दै शङ्ख फुक्दै नबुझिने गरी (प्रष्ट उच्चारण गरे हामीले बुझ्छौँ भनेर) मन्त्र भन्दै आँगनबाट घर पछाडि सुरसम्म पुगिहाल्यो । हतार-हतार मतानबाट तल आँगनमा झरेर अलिक चर्को स्वरले कराएपछि फर्केर आयो ।

बसन दाजु र म पहिल्यै मानसिक रूपमा तयार थियौँ । जोगीको जाल राम्ररी थाहा थियो हामीलाई । वि.सं. १८२७/२८ साल आसपास देखि राई, लिम्बुको राज्य हडप्नलाई पृथ्वीनारायणले जोगीलाई मगन्तेको भेषमा किरात बस्तीमा पठाएको हो । मागी खाने गरिब भनेर इमान्दार, दानी किरातीहरूले दया गरे, माया गरे, मागेको दान-दक्षिणा दिए । तर त्यसको विरूद्ध ऊ भने भयानक षड्यन्त्र किरातीकै विरूद्ध गर्दै थियो । जुन कुराको इमान्दार किरातीहरूले कल्पनासम्म गरेका थिएनन् । 'तिमेरको ग्रह-दशा लान्छु' भन्दै उसले कालो कपडाको टुक्रा, फलामको टुक्रा, पैसा, चामल, कोदो, मकै, नुन, घ्यू, खुर्सानी माग्यो । ग्रह-दशा लाने आशामा किरातीहरूले सक्दो दान दिए । कालो कपडा

र फलामको टुक्रा नै उसले किन माग्यो ? कालो कपडाको सट्टामा सेतो कपडा, फलामको टुक्राको सट्टा सिल्भरको टुक्रा उसले किन मागेन ? यतातिर कसैले ध्यान दिएनन् । 'कालो कपडाको टुक्रामै, फलामको टुक्रामै तिमेरको ग्रह-दशा जान्छ' भन्नुमा भयङ्कर षड्यन्त्र थियो । तत्कालीन गोर्खाली सेनाको पोशाक कालो थियो । त्यसैले त्यति कपडा नपाइने त्यो जमानामा सेनालाई युनिफर्म सिलाउन एक-एक टुक्रा भए पनि कालो कपडा बटुल्न उसलाई अह्राइएको थियो । बलिया शत्रु किरातीसँग युद्ध लड्न उसलाई धेरै गोली, बन्दुक चाहिएको थियो । त्यसैले गोली, बन्दुक बनाउन फलामको टुक्रा माग्न उसलाई लगाइएको थियो । चामल, मकै, नुन, भुटुन, खुर्सानी युद्ध गर्दा सेनालाई ख्वाउन चाहिन्थ्यो । सङ्कलित अन्नपात नाका-नाकामा लुकाउँदै-राख्दै (पछि युद्धको लागि) फर्कन्थ्यो । यति मात्र होइन, रातिराति फेरी लाउने निहुँले किरातीको घर-घर घुम्यो । किरातीका अगुवा/राजा कहाँ बस्छन् ? के गर्छन् ? अन्य भाइभारदार कहाँ के-कति छन् ? हातहतियार कहाँ राखेको छ ? प्रत्येक घर घरमा दशैंको बेला बलि चढाएर रगत सहित हत्केलाको छाप मुल ढोका अगाडी छकि छैन ? यस्ता पक्षहरूको जोगीले भेष बदलेर सामाजिक, आर्थिक, साँस्कृतिक तथा विविध पक्षको सुराकी गर्थ्यो । यो सुराकी मात्रको भुमिका थिएन अतिक्रमण र दमन पनि थियो । यी यावत् कुराहरू पृथ्वीनारायण कहाँ पुगेर सबै वृतान्त बताएपछि उसकै प्रत्यक्ष सहयोग र सल्लाहमा गोर्खालीहरूले किरातीहरू माथि क्रुर आक्रमण गर्‍यो । हजारौं स्वाभिमानी किरातीहरूले शत्रुको कडा प्रतिकार गरे, ज्यानको बलिदान दिए । तर त्यो सत्य इतिहास नेपालको इतिहास कहिल्यै बन्न सकेन । राज्यको ग्राण्डडिजाइनमा यो सत्य इतिहासलाई ढाकछोप गर्ने काम कथित् इतिहासकार भनाउँदाहरूले गर्दै आए, यद्यपि गर्दै छन् । तर ती बुज्रुकहरूले बुझ्न जरूरी छ, इतिहास सधैं सत्य र तथ्यको जगमा

अडेको हुन्छ र एकदिन सत्य अवश्य उद्घाटित हुनेछ नै ।

बसन दाजुको घरको माथिल्लो पट्टि कान्लामा अडेसिएर दुई हात जोडी मूर्तिवत् उभिरहेको जोगीलाई शङ्ख नफुक्न र अब आइन्दा (आजैदेखि, अहिल्यैदेखि) किरात बस्तीमा ग्रह-दशा लान्छु भन्दै भ्रम छरेर दान माग्न नआउन कडा फर्माण जारी गरियो । 'हस् हजुर' भनेर जोगी आफ्नो बाटो लाग्यो । किरातीहरू माथि घात गर्ने जासुस् जोगीलाई खेद्न सकेकोमा, युगौं देखि चलेको यो कुप्रथालाई हटाउन सकेकोमा बसन दाजु र म खुशी हुँदै निदायौं । लिस्पुमा थर्काएर पठाएपछि अब हाम्रो गाउँ प्रच्योदेलमा त जोगी नआउला भन्दै एकरात म ढुक्कले सुतिरहेको थैँ । करिब राति एक बजेतिर हुनुपर्छ, मेरै घरको चारसुरमा जोड-जोडले शङ्ख बजिरहेको सुनैँ । शङ्खको कर्कश आवाजले मेरो निन्द्रा खल्बलियो । त्यसको मन्त्र र शङ्ख बजेको सुन्दै झनन रिस उठेर आयो । 'सालेले टेरेन, अहिल्यै उठेर ठीक पारौँ कि ?' जस्तो भयो । तर फेरि तत्कालै के विचार आयो भने,'हैन, यो मगन्तेले राति हामीले नबुझिने गरी के मन्त्र भन्छ ? त्यो पनि सोध्नु पऱ्यो र राम्रै गरी भोलि दान उठाउँदै आको बेलै सम्झाउनु पऱ्यो' भन्ने लागेर आयो ।

लिस्पुमा हामीले राम्ररी सम्झाउँदा नमानेको रिस छ, त्यसैले एक मुठा सिस्नु र एउटा लट्ठी हाम्रो घरमा ठीक/तयार छ । जोगी कतिबेला आउँछ भनेर म बिहानदेखि ब्यग्र प्रतीक्षामा छु । करिब दिउँसोको एघार बजेको हुँदो हो, ठूला-ठूला सेतो बर्को (तन्ना) को झोला बनाएर बाउले चाँहि अन्दाजी छ (६) पाथी जति काँधमा र छोरीले चाँहि पाँच (५) पाथी जति टाउकामा दान बोकेर पहैँलै, रातै फूलमाला लगाएका बाउछोरी (जोगी) रहरमान राई दाजुको घर उँधो झरेको देखैँ । यसो हेरेको त अस्ति लिस्पुमा आउने जोगी होइन रहेछ । दुनियाँको गिदीमा गोबर भरेर भ्रमको खेती गर्दै माग्नु नै आफ्नो पेशा बनाएका यी मगन्ते जोगीहरूले माग्ने

गाउँठाउँ पनि अंशबण्डा लाउँदा रैछन् । प्रच्योदेल चैं अर्कै भाइको अंश रहेछ । यो कुरा मलाई यसैपाली थाहा भयो ।

आइपुग्नु भन्दा पहिल्यै गुन्द्री ओछ्याइयो र आउने बित्तिकै गुन्द्रीमा बस्न भनियो । 'घर कहाँ हो ? - गाइघाट ।' 'त्यत्रो टाढादेखि यहाँसम्म किन माग्न आको ? - बाउबाजेको बिंडो थामेको हजुर ।' 'तिमीले कहिले देखि माग्न थालेको थाहा छ ? - हामी त कम्मरे जोगी हजुर ।' 'कम्मरे भनेको के हो ? - जन्मदै जातैले पाको भनेको ।' 'जातले पनि कहीँ जन्मदै माग्न पाउने अधिकार लिएर आको हुन्छ ?' चुपचाप । 'यो दान दक्षिणा लगेर के गर्छौ ? -मैंले पनि दानै गर्छु ।' 'कसलाई ?' फेरि चुपचाप । 'हैन, कस्लाई दान गर्छौ भनेको ?' अलिक कडा स्वरले कराए पछि सोलु, सल्यानको एउटा स्कुललाई दान गर्छु भन्यो । 'ए, त्यसो हो भने हाम्रो पनि उ....त्यहाँनिंर (ज्योति स्कुलतिर देखाउँदै) स्कूल छ, यसपालीको दान चाहिँ हाम्रो स्कुललाई दान गर न त, हुन्छ ?' स्कुलतिर आँखा पल्टाएर हेऱ्यो, केही बोलेन । 'हैन, के भो दान नगर्ने ? - मलाई बाटो खर्च चाहिन्छ ।' 'कति चाहिन्छ बाटो खर्च ? बाटो खर्च राखेर बाँकी चैं दान गर न त ? - अहँ, हुन्न..... ।' जति सम्झाउँदा पनि पटक्कै मानेन । अरू सँग लिन पल्केकाहरू दिन भने पछि कति गाह्रो मान्दा रहेछन्, यो कुराको हेक्का पनि मलाई यसैपाली भयो । बरू जिउ छाड्दारहेछन्, मरिगए दिन नमान्दा रहेछन् । 'राति शङ्ख फुक्दै तिम्ले के मन्त्र भन्छौ ? नढाँटी भन त । - भन्न मिल्दैन ।' 'किन मिल्दैन ? - हैन, मिल्दैन हजुर ।' ए माइला सिस्नुको मुठा ले...ले...। बेनकुमार र रिसिम सिस्नुको मुठा लिन कुद्दै गए । सिस्नुको मुठा नआइपुग्दै जोगीले मन्त्र भन्न थाल्यो - 'ओम् सिरी गोरखनाथ जल बाँधौं, थल बाँधौं, आकाश बाँधौं, पात्ताल बाँधौं, हावा बाँधौं, पानी बाँधौं, आगो बाँधौं .......। साले, तिमीहरू सारा जलथल, आकाशपात्ताल बाँध्ने ? आफ्नो बनाउने ? अनी हामी चैं कहाँ बस्ने ?' मार् हप्काए पछि

बोल्न छाड्यो । 'अब उप्रान्त हाम्रो गाउँमा फेरी लाउन, दान माग्न नआउनू, कुरा बुझ्यौ ? हस् हजुर ।' लु खाऊ, उसिनेको करेला र एक डबका जाँड दिएँ । करेला र जाँड खाँदै जोगीले सहजतापूर्वक् गफ गर्न थाल्यो - मैंले सोलु, सल्यान छोडीसकें । गाइघाटमा बसाइँ सरेको छु । अहिले पनि उतै देखि आको । गाइघाटमा दश बिघा जग्गा किनेको छु । आफूले कमाउन नसकेर राईहरूलाई नै अधिया देको छु । खानलाउनको मलाई कुनै दुःख छैन । साँच्चै भन्नु हुन्छ भने मलाई बसीबसी खान पुग्छ । के तपाइँले मलाई खान नपुगेर माग्न आयो भन्ठान्नु भाको ?' यसरी आँखामा आँखा जुधाएर शानले जोगीले कुरा गरिरहँदा भर्खरै सम्म ग्रहदशा लाने पूर्ण विश्वासमा जोगीलाई दान दिन भनेर घ्यु खोज्दै हिंडेकी बुढी बजु, घुऱ्यानमा खुसीसाथ अकबरे खुर्सानी टिप्दै गरेकी माथिल्लो घरकी भतिजी, मेरो भाइ जनमले ढाँड खुइल्याएर घुर्मीबाट बोकेर ल्याएको नुन भर्लाको पातमा पोका पार्दै गरेकी मेरी आमा, पछि खेताला तिर्ने शर्तमा चार माना कोदो र दश रूपैंयाँ पैसा हतार-हतार माग्दै हिंडेकी माथिल्लो घरकी भाउजू....सबै-सबैलाई एक तमासले सम्झें । गरिबी र बुढ्यौलीले चाउरीदै, ओइलाउँदै गएको उहाँहरूको निर्दोष अनुहार क्यासेटको रिलझैं एक पछि अर्को मेरो मानसपटलमा घुम्न थाले । अहा..., कति निष्कपट, निश्छल र निर्दोष अनुहारहरू ....! विश्वासहरू ....! व्यवहारहरू....! तर यो जोगी ? यस्को षड्यन्त्र ? कता-कता भित्रै सम्म दुखेर आयो । यद्यपि दुखिरहेछ ।

सुन्छु, हाम्रो गाउँमा चाहिंक जोगी आउन छाडेको छ रे ! 'हस् हजुर ।' भन्दै लिस्पुबाट आफ्नो बाटो लागेको जोगी बा फेरि फर्केर आयो कि ? चिन्ता लागेको छ । लिस्पुको घटनासँग सम्बन्धित अर्को एउटा प्रसङ्ग यहाँ जोड्न चाहन्छु । बसन दाजु पछि बिरामी हुनुभएछ । खुक्सङसँग अस्ति जोगी खेदेकोले बिरामी भयौं' भन्ने हल्ला पनि गाउँमा चलाइयो रे ! खैं, यसखाले

हाम्रो चिन्तन/बुझाइलाई के भनौँ ? विदेश जान तम्सिएर बसन दाजु काठमाडौँ आउनु भयो । हेर्दाहेर्दै उहाँ विदेश उड्नुभयो । गाउँठाउँमै केही गरौँ भन्ने भावना भएका एकजना कर्मठ युवा विदेशिनु परेकोमा मन कटक्क खायो । उता नेपाल सरकार भने धेरैजना नेपाली युवालाई विदेश पठाउन सकेकोमा गर्व गर्दै थियो, छ । धिक्कार छ सरकार....!

मेरो हिसाबमा रिब्जुङबाट मात्रै (वर्षमा दुईचोटि कात्तिक र चैत्र गरेर) सैयौँ मुरी अन्नपात र हजारौँ पैसा जोगीलाई दान दिंदा रहेछौँ । जसले उसलाई वर्षभरि खान पुग्छ । गाइघाटमा जग्गा किन्न पनि पुग्छ । तर हामी चैँ ? सधैँ भोकै, नाङ्गै, दुखैदुःख, पीरैपीर । जोगीले ग्रह-दशा लाने भए त यत्रो दान-दक्षिणा दिएपछि हाम्रो सबै पीर-व्यथा लानुपर्ने नि हगी ? तर अहँ...! खै, कहिलेसम्म हामी यसरी नै भ्रममा बाँच्नु पर्ने हो ? ग्रह-दशा लाने विश्वासमा बनी गर्दै दान दिनुपर्ने नियती भोग्नु पर्ने हो ? सम्झँदै रून मन लागेर आउँछ । खै, कहिले खुल्ने हो हाम्रो बुद्धिको बिर्को ? कहिले बल्छ रिब्जुङको चेतनाको दीयो ? र, खै ! कहिले बुझ्छौँ हामी हाम्रो असली इतिहास.........?

**किरात बायुङ राई सुम्निखिमले मुखपत्र "चासुवा"को दोस्रो अंक प्रकाशन गरेको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

# सेवारो सेकुवा कर्नर

**सिनामंगल-९, एयरपोर्ट, काठमाडौं**

**फोनः ०१-५९०७५१६**

**मो. नं.: ९८५१०५११४८, ९८५१०३५११०**

# सुम्नि ब्याबाको मिथक



**- पुण्यबहादुर बायुङ राई**
नक्सो धरान, सुनसरी

*सुरूवाल, फेटा, पटुका, आस्कोट सबै लगाएको जन्मन्छ । अनि हेर्दै खुसी हुन्छिन । छोराको सालधागोले कसेर हतियारले काटेर आफ्नो स्तनखुलाएर दाजुहरू सँगै सुताउनु हुन्छ । सबै बढ्दै जान्छन् तर मानव कान्छा भने बढ्दैन । लुते हुन्छ, आमाले के भएर बढेन भनेर शरीरमा हेर्दा कान्छाको शरीरमा पुरै बाघ, भालु, बाँदरको नङ्को डाम देखिछिन सबैले चिथोरेको हुन्छ । आमाले जाँड पकाएर, कुखुराको भाले सहित समानतयार पारेर कान्छाको आहरिस, डाही, रिसहरू पुछिदिन्छिन् । त्यसपछि मानव पनि अरूसँग बराबर बढ्दै जान्छ । (पहिलो अंक)*

**क्रमशः**

पछि सबै बढेर खेतिपाती तिर जान्छन । एक दिन जेठा बाघ घरमा बसेर अरू भाईहरू खेतिबाट घर आउँदा खानापिना बनाएर खुवाउँछ । अनि त्यसपछि भालुले पनि घरमा पसेर बाघले जस्तै भान्सा बनाउँने काम गर्छ । त्यसपछि बाजे कान्छा मानवले पनि खाना पकाई खुवाउने काम गर्छ ।

अनि त्यसपछि बाँदरले म घरमा बस्छु र दाजुभाइहरूलाई खाना बनाएर खुवाउछु भन्यो । त्यसै बखत आमा नियाङ्मा (मियामो) ले भनी, 'ए साइँला छोरा (बाँदर) तिम्रो जिउमा सिकारी छैन ! शक्ति छैन ! चुलामा तिमीले खाना बनाउन सक्दैनौ ! नबस् भन्दा बाँदरले हैन म बसेर खाना पकाउछु र सबैलाई खुवाउछु भनेर घरमा बस्यो । बाँदर अल्छि धेरैबेर सुत्यो निकैपछि उठेर चुलामा

गयो । भाँडा बसायो खाना पाकेन । अनि दामयोङ्मा (सरङ) मा भुन्डिएर बल गर्दा बादँरको एक लिङ खानामा पर्‍यो । बाघ, भालु र मानव खेतीबाट वापस घर आउदा खाना देखेनन् र सोधे, 'खैं खाना ?'

'भाँडामा हेर !' बाँदरले भनेछ । भाँडामा हेर्छन् त बाँदरको एक लिङ मात्र छ । बाघ र भालु ङर्रर........ गर्जन थाल्यो । मानव कान्छा धनुकाँड तान्न थाल्यो । त्यो देखेर आमाले भन्यो- 'ए साइला (बाँदर) अघि नै मैले भनेको !' भन्दै नियाङ्मा (मियामो) आमाले अगुल्टोले मुख डामी दिएर जा जंगलमा बस र तेरो दाजुभाइहरूको खेतीपाती चोरेर खा भनेर जंगल पठाउछिन । त्यसै कारण बाँदरको मुख कालो भएको रे र हाम्रो खेती चोरी खाएको रे !

समय एकनासले बढ्दै जान्छ । बाघ र कान्छा मानव जंगलमा सिकार खेल्ने भए । त्यसको लागि कान्छा मानवले सिकारी पुजेर सिकार खेल्ने भनी चरचुरूङ्गी र चामल तयार गर्छ । तर बाघले सबै खाइदिन्छ । जसको फलस्वरूप थाप्सा भएर सिकार पर्दैन । त्यस्तै धेरै दिन भएको हुन्छ । सिकार नपरेको झोकमा बेलुका घरमा आएर कान्छा मानवले आमालाई भन्छ, 'ए आमा(नियाङमा) दाजु(बाघ) ले मेरो सिकारी पुज्ने सामान खाएर थाप्सा लाग्यो र सिकार गर्न सकिन् ! दाजु(बाघ)लाई सम्झाउनु नत्र मेरो धनुकाँडले छेडिदिन्छु ! र अर्ति बुद्धि पनि दिनु आएपछि ।'

आमा (नियाङमा) ले खानपिन खुवाएपछि भनिन्, 'ए जेठा छोरा (बाघ) तैंले किन कान्छा मानवको उपद्रो गर्छस् ? तँलाई उसको हतियारले मार्छ !'

'त्यो भन्दा म पैला नङ्ग र दाँतले चिथोरेर, कोतारेर मार्छु !' दाजु (बाघ)ले भन्यो ।

भोलिपल्ट उज्यालो हुन्छ । कान्छा मानवले भन्छ, 'ए दाजु(बाघ) तपाईं अघि हिंड्नु म पछि आउछु !' बाघ लरूलुरु अघि बढ्छ ।

घना जंगल छिर्छ । मानव अलि पछि जान्छ । नजिकैको खोला तर्छ र सिकारी पुज्छ र चराको भुत्ला थान वरिपरि छर्छ । बाघले के गर्छ भनि सिमलको रूखमा मानव चढेर बस्छ । बाघ पर पुगेको पनि फर्केर आउछ र सिकारी पुजेको देख्छ । त्यस्तैमा बाघ रिसाउछ । वरिपरिको बुटाबुटी माड्छ र चिथोर्छ । त्यसैबेला भाईको छाँया भुइँमा देख्छ, रिसमा त्यही छाँयामा झम्टिन्छ । 'ए दाजु(बाघ) के गरेको ?' माथि रूखबाट भाईले भन्छ । बाघ रीसमा भाईलाई चिर्थोन रूख चढ्छ । उत्तिबेला मानव भाईले हातको धनुकाँडले बाघलाई हान्छ । दाजु (बाघ) ठाउँको ठाउँ मर्छ ।

मानव हाम्रो बाजे रूखबाट गर्छ र दाजु (बाघ)को जीउमा भासिएको धनुकार्ड निकाल्छ । काँडले घोचेको वरिपरि हेर्छ र सुमसुम्याउँदै भन्छ, 'ए जेठा दाजु (बाघ) यो सब 'साम्सु कुइवा' तपाईंले गर्दा हो ! यो साम्सु तीर तिरै फर्कोस !' तीर पुछेर राख्छ । मानव घरपट्टि फर्किन्छ र हिँड्छ । बाटोमा जलाशय छ । त्यही धुन्छ हात र तीर । दाजु मरेको तिर पानी छर्किदै भन्छ, 'यो साम्सु कुइवा दाजुतिर फर्कोस !' अनि घर आउछ ।

घर पुगेपछि आमा नियाङमा (मियामो)ले खाना खुवाएर सोधिन, 'ए कान्छा (कोल्दीपा) दाजु (बाघ) खैं त ? अझै आएन !'

'बाटोमा आउँदै होला !' ढाट्यो कोल्दीपाले ।

सुत्नेबेला भो बाघ आएन । आमा नियाङमा (मियामो) छट्पटि भई । फेरि सोधी, 'खैं तेरो दाजु ?'

'दाजुलाई अस्ती नै सम्झाउनु, अर्ती दिनु भनेको रूखमा मलाई मार्न आयो मैले पनि मेरो धनुकाँडले मारिदिए !' कोल्दीपाले भन्यो ।

'काँ मारिस ?' आमाले हतार हतार सोधी ।

'जंगल छिचोल्दै जानु ! खोला आउछ ! खोला तरेपछि बुटाबुटी फाँडेको छु त्यो हेर्दै जानु सिकारी थान गरेको देखिन्छ, दाजु त्यहीँ मरिरहेको छ !' भन्छ ।

आमा नियाङ्मा (मियामो) हतार जंगल जान्छिन । डोकोमा जातो र सोथे बोकेकी छिन । कोल्दीपाले भनेकै बाटोमा जान्छिन । साँच्चै बाघ मरिरहेको भेट्छिन । बाघको मुटु पुरै छरपस्ट देख्छिन । डोकोको जाँतो झिकेर बाघको मुटु बनाई मुखबाट सोथेले फुक्छिन तर बाघ बिउँझिएन । आमाले भनिन्, 'ए बाघ मैले दिएको अर्तिबुद्धि सुनिनस् तँलाई तेरो भाईले मारेऊ ! अब दुःख मन नगर बिउँझी !' भन्दै आमाले चाखबाट सोथेले फुक्छिन । बाघ उठ्यो । 'कति लामो सुतेछु,' भन्यो ।

'सुत्छस् ! मैले भनेको मान्ने होइन ! तेरो भाईले मारेको !' आमाले भनिन् ।

बाघले हतार भन्यो,' तेसो भा हामी घर नजाऔँ ! तराई मदेश हिमालको जंगल जाऊ, म सिकार गर्छु !

अब मान्छेलाई म भाई नभनेर दाई भन्छु । अब हाम्रो अनुहार नजुधोस भनेर जंगल पस्छन । बाघले आमालाई सम्झाएको हुन्छ । म सिद्धी(लेक) जान्छु तपाई मदेशमा बस्नु । म सिकार गरेर कराउछु तपाई आएर खानु । म मदेश जाँदा हिमालमा बस्नु ! जब मैले सिकार मारेर कराउँदा" मात्र आएर खानु भनेर सम्झाको नियाङ्मा (मियामो) डराएर पछिपछि हिँडदा थाप्सा भएर धेरै दिन सिकार मरेन र उनीहरू भोकले थाकेर बिसाए । बाघलाई आमा घाँडो भो अब मार्नु पर्छ भन्ने सोचेर आमाको जुम्रा मार्ने निहुँ रच्यो । भन्यो, 'आमा तपाईंको घाँटीमा किर्ना रैछ !' 'छोरा तेरो नङ्ले उछिट्याई देन' भनेपछि बाघले आफ्नै आमाको घाँटी फोरेर मारिदिन्छ । आमा मरेपछि बाघ कराउछ । भालुले सुन्छ र आउछ । बाघले आमालाई डोकोमा हालेर ओढारमा भालुलाई गाड्न पठाउछ । भालुले आमालाई बोकेर लैजादै गर्दा बाटोमा बिसाउँछ र हेर्दा आमाको घाँटीबाट बोसो चुहेको देख्छ र औंला थापेर चाख्छ । उसलाई मिठो लाग्छ, र आफ्नै आमा खान थाल्छ । धेरैबेर नआएपछि बाघले भालुलाई बोलाउँछ । 'ए

भालु आमा गाडि सकेनस् भन्दा' हात बाँकी छ भन्छ । त्यसरी फेरी टाउको बाँकी छ भन्छ, फेरी खुट्टा बाँकी छ भन्छ,' आमा खाइसकेर आउछ । त्यसपछि बाघले सोध्छ, 'हैन तेरो भुँडी त ठुलो देख्छ, आमा खाएर त आइनस् ?'

'हैना म कोगासी (खनिँउ) को दाना खाएर आको,' भन्छ ।

'तेसो भए हेराहेर गरौँ न त,' भन्दा भालु हाँस्छ । उसको मुखभित्र बुढी आमाको केश अल्झिएको देख्छ । त्यसपछि बाघ रिसाएर हतियार उदाउने दल्छिन ढुङ्गा उठाएर टाउकोमा हिर्काउछ । भालुको गिदी छरपष्ट पारिदिन्छ र कराउँदा बाघ तर्सेर भीरबाट झरी ढाड भाँचिन्छ । उता कान्छा कोल्दीपाले बल्ल आमा मरेको चाल पाउछ र आफ्नो केश चरालाई चेली बनाई काटेर काँडामा राख्छ । भालु गिदी बिना घुम्दै जाँदा सिमसारमा पाहा पत्री आफ्नो दिमागमा पाहाको गिदी लगाउछ !

१. त्यसैले भालुको टाउको सानो च्याप्टो भएको
२. त्यसैले पाहा गिदी नभएको
३. भीरबाट लडेर ढाड भाँचिएको कारण बाघको ढाड कुप्रो भएको
४. बायुङ राईहरूले चोखिदा मात्र केश काट्ने कारण आमा मरेको धेरैपछि चाल पायो । केश काट्दा माथि राख्नुको कारण आमा भए तापनि सत्रुको साथमा गएको कारण मरेको सम्म थाहा नपाउँदै भालुले खाएको कारण बायुङ राईहरूले नुन र छाक बार्दैनन् ।

नोटः यो माथिको मिथक सुम्नि बेर्ब्आ आउछ । अरु धेरै कार्यमा आउछ । सबै शब्द ठाडो भाषामा छन् । मैले छोटकरीमा लेखेको छु । यो मिथक करिब ८/९ घण्टामा मात्र भन्न सकिन्छ । यस तुम्लोमा जोडिएर 'सामा फक्चो तुम्लो' पनि जान्छ । यसमा पितृ उठान, जिउ बाँध्ने जस्ता धेरै कुरा समावेश छैनन् । सुम्निमोको मर्मलाई आत्मसात गरी दोलोकुम पनि गाउन सकिन्छ ।



# किरात बायुङ राई सुम्निखिमको सांगठनिक अवस्था, गतिविधि र दृष्टिकोण

**– युवराज बायुङ राई**
(महासचिव)

सुम्निखिमको दोश्रो बार्षिकोत्सव तथा बायुङ राईहरूको राष्ट्रिय भेलाका सभाध्यक्ष ज्यू

प्रमुख अतिथि ज्यू, विशिष्टि अतिथि ज्यू, मञ्चमा आसिन अतिथिगण, तुम्लोचा, नक्सो, ङामुचा, झाम्चा लगायत बायुङ समुदायका अग्रज व्यक्तित्वहरू, वुद्धिजिवी, पत्रकार, सुरक्षाकर्मीहरू, कार्यक्रमलाई सफल बनाउन उदयपुरका गाउँ ठाउँ र विभिन्न जिल्लाको प्रतिनिधित्व गर्दै आउनुभएका प्रतिनिधि सहभागीहरू तथा देश विदेशवाट विभिन्न संचार माध्यमबाट हामीलाई हेरी सुनि रहनु भएका तमाम बायुङ राई दाजुभाई दिदीबहिनीहरूमा सर्वप्रथम म मेरो ब्यक्तिगत तर्फबाट र किरात बायुङ राई सुम्निखिमको तर्फबाट सेवा अभिवादन व्यक्त गर्न चाहन्छु । साथै प्रकृति र पित्रीपूजक हामी सम्पूर्ण किरात बायुङ भाषी राईहरूको गौरवशाली साझा संस्था किरात बायुङ राई सुम्निखिम स्थापनाको दोश्रो वर्ष पूरा गरेको सुखद अवसरमा सबैमा हार्दिक बधाई तथा शुभकामना पनि व्यक्त गर्दछु । समयको एउटा जटिल मोडमा बायुङ राईहरूको हित र एकता कायम गर्ने उदेश्यले जन्मिएर अघि बढ्ने क्रममा यस संस्थाको उद्देश्यप्रति प्रतिवद्ध भई हामीलाई सबै प्रकारले साथ सहयोग र हौसला दिनुहुने सम्पूर्ण जनप्रति आभार धन्यवाद व्यक्त गर्दछु ।

किरात बायुङ राई सुम्निखिम बायुङरूको भाषा, संस्कार संस्कृति, धर्म, कला साहित्य, संगीत, मौलिक ज्ञान सिप, मुन्दुम र

इतिहासको संरक्षण एवम् विकास संगै सामुदायिक एकताको निम्ति प्रतिवद्ध छ, र सिमित साधन श्रोतका बावजुत क्रियाशील छ । संस्थाले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न समय लाग्छ नैं, तर २ वर्षको छोटो अवधिमा पनि समुदायलाई विभाजित गरी व्यक्तिगत लाभ लिन चाहने समुहलाई रोकी रक्षात्मक कित्तामा पुऱ्याउंदै आफ्नो मौलिकताको रक्षा र जातिय एकता कायम गर्न सफल भएका छौ । संस्था स्थापनाको दोश्रो बार्षिकोत्सव मनाउन आज आयोजना गरिएको बायुङ राईहरूको राष्ट्रिय भेला यो कुराको प्रमाण हो ।

हामीले संस्थागत रूपले पटक पटक भन्दै र लेख्दै आएका छौं की किरात शब्द हजारौं हजार वर्ष अघिको पूर्वीय एक मानव सभ्यता, इतिहास, भूगोल र सामुहिक मनोविज्ञान सहितको एकीकृत पहिचान बोक्ने शब्द हो भने राई नेपालको एक आदिबासी जातिको पहिचान र एकताको सूचक शब्द हो । त्यसैगरी बहुभाषी राई जाति मध्येको हामी बायुङ राईहरूले बोल्ने भाषासूचक मौलिक नाम बायुङ (Bayung) हो । जो मुन्दुम (तुम्लो), मिथकद्वारा र प्रयोगको हिसावले शुद्ध प्रमाणित भैसकेको छ । बायुङ राईहरूको आदिमभूमि ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङका मुन्दुमविद (तुम्लोचा), विजुवा धामी (झाम्चा), पित्रेधामी (धेवा/नक्सो/ङाबुचा), विज्ञ (मुल्युचा) लगायत अग्रज वुद्धिजिवीहरूका अनुसार बायुङ अथवा बायुङको शाब्दिक अर्थ पुरानो मानव सभ्यता भन्ने हुन्छ । निष्कर्षमा, फरक भूगोलको बायुङ बस्तिहरूमा बोलिने बायीङ, बाईङ, बाहिङ र बनुङ जस्ता भाषासूचक शब्दहरू मौलिक बायुङ शब्दकै अपभ्रंसित रूप हुन भने भाषा विकास र विस्तारको क्रममा रूम्दाली, नेचाली, पाई लो, प्रोचा लो, रदु लो आदि भाषासूचक शब्दहरू बायुङहरूको आफ्नो पुर्खा र थातथलोको नाम जोडी बनेका हुन । जसको मूलरूप अर्थाथ स्वआर्जित नाम (Ethnonym) वाअयुङ अर्थात बायुङ नैं हो ।

## सुम्निखिम स्थापनाको आवश्यकता र औचित्य

हामी बायुङ भाषी राईहरू बहुजातिय, बहु-भाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक देश नेपालको पूर्व देखि पश्चिम सम्मका २४ भन्दा बढि जिल्लाहरू र विश्वका विभिन्न मुलुकहरूमा करिव ५० हजारको संख्यामा छरिएर रहेका छौं, जसलाई एकताको सुत्रमा बांध्न आवश्यक छ । हाम्रो भाषा, ज्ञान सिप, इतिहास, संस्कार संस्कृति, मुन्दुम (तुम्लो) दर्शन र समग्र विचार प्रणाली श्रुति परम्परा अथवा मौखिक (थुतुरी) रूपमा मात्रै बाँचेको छ जसलाई तत्काल दस्तावेजीकरण गर्न जरूरी छ । भोट वर्मेली भाषा परिवार भित्र पर्ने बायुङ भाषा चेतनाको अभाव र विश्वव्यापिकरणको प्रभावले सङ्कटापन्न अवस्थाबाट गुज्रिरहेको छ जसको उद्‌दार, संवर्द्धन र विकास गर्नुछ । खोज अन्वेषण गरी पठनपाटनका सामग्री देखि शब्दकोष, इतिहास र तुम्लो (मुन्दुम) लेखन तथा प्रकाशन गर्नुछ । हामी माथि थोपरिएको भाषिक/सांस्कृतिक विभेद र असमानताको विरूद्ध संगठित प्रतिरोध गर्नुछ । मासिएका र अतिक्रमणमा परेका पुरातात्विक सम्पदाहरू, पित्रिपूर्खाको थातथलो, ऐतिहासिक गढी, जल, जमिन र जडिबुटि पुर्नप्राप्ति गर्नु र सो को संरक्षण गर्नुछ । समाज र राज्यसंग समुदायगत पहिचान र अधिकारको वकालत गर्नुछ । साथै अलगै पहिचान बनाउने नाममा देशी विदेशी षड्यन्त्र र सिमित व्यक्ति समूहको लाभका खातिर हामी बायुङ भाषी राई जाति होइनौ भनी समुदायमा फैलाइएको गलत प्रचारवाजिलाई चिर्दै मौलिकताको लागी बायुङ भाषा र एकताका लागि राई जाति हो भन्ने सत्य प्रमाणित गर्न र राज्यको अभिलेखमा दर्ज गराउनको लागि अत्यावश्यक छ । किनकी मौलिकता असली पहिचानको र एकता शक्तिको आधार हो । तसर्थ, देश तथा विदेशमा रहेका सम्पूर्ण बायुङ भाषी राईहरूलाई एकतावद्ध गर्दै उल्लेखित विषयहरूको सम्वोधन गर्नको लागि एउटा साझा संस्थाको आवश्यकता महसुस गरी मिति २०७७/०

९/२० गते किरात बायुङ राई सुम्निखिम (दर्ता नं. १०६५) नामको सामाजिक संस्था जिल्ला प्रसाशन कार्यालय काठमाडौंमा दर्ता गरियो । हामी समुदाय फुटाउनलाई नभई लुकाइएको र छुटाइएको वास्तविक सत्यसंग सबै बायुङ राईहरूको भेट गराउन संस्थागत रूपमा क्रियाशील रहेका छौँ ।

**सुम्निखिमको सांगठनिक अवस्थाः**

केन्द्रीय समितिः किरात बायुङ राई सुम्निखिमको हाल कायम केन्द्रीय पदाधिकारी सदस्यहरू निम्न वमोजिम छन् ।

| क्र.सं. | नाम थर | पद | जिल्ला | सम्पर्क |
|---|---|---|---|---|
| १ | ज्ञान बहादुर बायुङ राई | अध्यक्ष | सोलुखुम्बु | ९८४३३६७५६८ |
| २ | गजिन्द्र बहादुर बायुङ राई | उपाध्यक्ष | ओखलढुङ्गा | ९८४१९५३४८० |
| ३ | दिपक कुमार बायुङ राई | उपाध्यक्ष | खोटाङ | ९८५१०६५९०६ |
| ४ | युवराज बायुङ राई | महासचिव | सुनसरी | ९८५१०००६३४ |
| ५ | भिम कुमारी बायुङ राई | सचिव | सोलुखुम्बु | ९८१८१९८९८३ |
| ६ | पार्वती बायुङ राई (रिम्वाफूङ) | कोषाध्यक्ष | ओखलढुङ्गा | ९८४९७४०५८६ |
| ७ | प्रवेश बायुङ राई | सहकोषाध्यक्ष | सोलुखुम्बु | ९८५११२८१५३ |
| ८ | लोक बहादुर बायुङ राई | स. सदस्य | ओखलढुङ्गा | ९८६१२९३७१८ |
| ९ | विनायक बायुङ राई | स. सदस्य | ओखलढुङ्गा | ९८४३८२२९३५ |
| १० | डम्बर बहादुर बायुङ राई | सदस्य | ओखलढुङ्गा | ९८४११९५१९२ |
| ११ | प्रेम कुमारी राई | सदस्य | ओखलढुङ्गा | ९८४९४०२८५४ |
| १२ | जीवन बायुङ राई | सदस्य | सोलुखुम्बु | ९८०३३७९८६२ |

| | | | | |
|---|---|---|---|---|
| १३ | मन कुमारी बायुङ राई(मञ्जु) | सदस्य | उदयपुर | ९८१९७३१९५९ |
| १४ | रविन बायुङ राई | सदस्य | खोटाङ | ९८५१०९११४८ |
| १५ | आकृता बायुङ राई | सदस्य | सोलुखुम्बु | ९८४०२५४४७८ |
| १६ | अनिसा बायुङ राई | सदस्य | सोलुखुम्बु | ९८०८४१६३८३ |
| १७ | स्मृति बायुङ राई | सदस्य | ओखलढुङ्गा | ९८६३३३६३४३ |
| १८ | देव बहादुर बायुङ राई | सदस्य | मोरङ | ९८४२०२३७७८ |
| १९ | सुमन बायुङ राई | सदस्य | सुनसरी | |
| २० | जीवन बायुङ राई | सदस्य | झापा | ९८४१४७९७७२ |
| २१ | तोयानाथ बायुङ राई | सदस्य | इलाम | ९८१६०४९२०० |
| २२ | पूर्ण सिंह बायुङ राई | सदस्य | ताप्लेजुङ | ९८४६८७०११५ |
| २३ | रत्नमणि बायुङ राई | सदस्य | भोजपुर | ९७४९८४१११५ |

**केन्द्रीय विभागहरु**

१) **संगठन विभागः** प्रमुख-युवराज बायुङ राई, सचिव-लुङ्गराज बायुङ राई, सदस्यहरू- दिक्षा बायुङ राई, पदम बायुङ राई, पूर्ण सिं बायुङ राई, सरोज बायुङ राई ।

२) **आर्थीक विभागः** प्रमुख- पार्वती बायुङ राई, सदस्यहरू- प्रवेश बायुङ राई, राजविर बायुङ राई, मेजना बायुङ राई ।

३) **खोज तथा अनुसन्धान विभागः** प्रमुख-लोक बहादुर बायुङ राई, सदस्यहरू- भिम कुमारी बायुङ राई, किशोर बायुङ राई, नविन बायुङ राई, वसन्त बायुङ राई ।

४) **विदेश विभागः** प्रमुख-दिपक कुमार बायुङ राई, सचिव- विकास बायुङ राई (अर्जुन) सदस्यहरू- रविचन्द्र बायुङ राई, आभास बायुङ राई (आई कुमार), भक्त बहादुर बायुङ राई, सृजना बायुङ राई ।

५) **महिला विभागः** प्रमुख- प्रेम कुमारी बायुङ राई, सदस्यहरू- आकृति बायुङ राई, कृष्ण कुमारी बायुङ राई, लोकमाया

बायुङ राई, सुनिता बायुङ राई, लक्ष्मिता बायुङ राई ।

६) **प्रचार तथा प्रकाशन विभागः** प्रमुख- रविन बायुङ राई, सदस्यहरू-दशरथ रूम्दाली राई, रूद्र सिं बायुङ राई, धनकुमार बायुङ राई ।

७) **युवा तथा विद्यार्थी विभागः** प्रमुख- विनायक बायुङ राई, सदस्यहरू- कर्ण रूम्दाली राई, युनिसा बायुङ राई, राजन बायुङ राई ।

## केन्द्रीय सल्लाहकारहरु

१) छत्र बहादुर बायुङ राई (धेवा, खोटाङ)
२) आङ बहादुर बायुङ राई (वुद्धिजीवि, सोलुखुम्बु)
३) वुद्धि कुमार बायुङ राई (नक्सो/तुम्लोचा, ओखलढुङ्गा)
४) तेजलाल बायुङ राई (नक्सो/तुम्लोचा, ओखलडुङ्गा)
५) जुद्ध रूम्दाली राई (ङामुचा, भक्तपुर)
६) यस बहादुर बायुङ राई (अध्यक्ष- जिमि राई उत्थान समाज, सोलुखुम्बु)
७) मान बहादुर रूम्दाली राई (वरिष्ठ अधिवक्ता, सुनसरी)
८) पन्दविर बायुङ राई (तुम्लोचा, मोरङ)
९) चक्रसेर बायुङ राई (अधिवक्ता, खोटाङ)
१०) रसिक बायुङ राई (उपप्राध्यापक, सोलुखुम्बु)
११) मणिराज राई (पूर्वअध्यक्ष मोलुङ गा.पा, ओखलढुङ्गा)

## केन्द्रीय समितिको वैठक र निर्णयहरु :

किरात बायुङ राई सुम्निखिम केन्द्रीय समितिले स्थापनाको पछिल्लो १ वर्षमा ५ वटा पूर्ण वैठकहरू बस्यो । ती वैठकले गरेका निर्णयहरू निम्नानुसार छन ।

**नवौं पूर्ण वैठकः (२०७८/१२/३० गते, काठमाडौ)**

**निर्णय नं. १-** नयाँवर्ष २०७९ को अवसरमा संस्थाले प्रकाशन

गरेको ३००० थान भित्तेपात्रो सार्वजनिक गर्ने र सो प्रकाशनार्थ रू. ८०,००० (असी हजार) प्रायोजन गर्नै किरात बायुङ राई सुम्निखिम हङकङ शाखालाई धन्यवाद ज्ञापन ।

**निर्णय नं. २-** किरात बायुङ राई सुम्निखिमको केन्द्रीय सचिवमा भिम कुमारी राई र सहकोषाध्यक्षमा प्रवेश बायुङ राईलाई मनोनित गर्ने ।

**निर्णय नं. ३-** किरात राईहरूको महान चाड उभौंली र नयाँवर्ष २०७९ को अवसरमा मिति २०७९/०२/१४ गते गोकर्णेश्वर काठमाडौं स्थित सहिद स्मृति पार्कमा वृहत वनभोज कार्यक्रमको आयोजना गर्ने, वनभोज कार्यक्रम संयोजकको जिम्मेवारी सचिवालय सदस्य विनायक बायुङ राइलाई दिने र सो कार्यक्रममा मुखपत्र चासुवा वितरण गर्ने ।

## दशौँ पूर्ण वैठकः (२०७९/०३/०४ गते, काठमाडौ)

**निर्णय नं. १ -** मुखपत्र चासुवा तथा वनभोज कार्यक्रमको समिक्षा ।

**निर्णय नं. २ -** आगामी हप्तादिन भित्रमा केन्द्रीय तथ्यांक विभाग र भाषा आयोगमा बायुङ मौलिक भाषा भएकोले आगामी जनगणनाको प्रतिवेदनमा भाषिक कोड सहित सुचिकृत हुनुपर्ने मागदावी सहित सप्रमाण ध्यानाकर्षण पत्र पेश गर्ने ।

**निर्णय नं. ३ -** बायुङ भाषाको शब्दकोष (बायुङ-नेपाली-अंग्रेजी) र सामुदायिक विद्यालयमा पठनपाठनको लागि कक्षा १ को बायुङ मातृभाषी पाठ्यपुस्तक निर्माण गर्नका लागी निम्न पदाधिकारी सदस्य रहेको ७ सदस्यीय पाठ्यपुस्तक तथा शब्दकोष तर्जमा समित गठन गर्ने ।

संयोजक - लोक बहादुर बायुङ राई

सचिव - नविन बायुङ राई

सदस्यहरू - युवराज बायुङ राई, मन कुमारी बायुङ राई, किशोर बायुङ राई, आभास बायुङ राई (आई कुमार) र आकृता राई ।

**निर्णय नं. ४ -** बायुङ भाषाको शब्दकोष, मुखपत्र, तुम्लो पुस्तक लगायतको छपाई गर्न सम्भव भएसम्मको स्थानीय तह (महानगर/उपमहानगर/नगरपालिका र गाउँपालिका) हरूमा आर्थिक प्रस्ताव पेश गर्ने र सोका लागि केन्द्रले आर्थिक प्रस्थावको ढांचा तयार पारी जिल्ला समितिहरूलाई सर्कुलर गर्ने ।

**निर्णय नं. ५ -** सुम्निखिमको नयाँ जिल्ला कार्यसमिति गठन गर्नका लागि यस वमोजिम जिम्मेवारी तोक्ने । मोरङ– युवराज बायुङ राई र पार्वती बायुङ राई, पांचथर– ज्ञान बहादुर बायुङ राई र सुनसरी जिल्ला कार्यसमिति, युके शाखा समिति– पार्वती बायुङ राई र कोरिया शाखा समिति– ज्ञान बहादुर बायुङ राई र आभास बायुङ राई ।

**निर्णय नं. ६ -** बायुङ तुम्लो र मातृभाषा सम्वन्धि तुम्लोचा तेजलाल बायुङ राई र सल्लाहकार आङ बहादुर बायुङ राईको पुस्तक पुनः छपाई साथै सचिवालय सदस्य लोक बहादुर राईको तुम्लो सम्वन्धि पुस्तक श्रोतको व्यवस्थापन गरी छपाई गर्ने ।

**निर्णय नं. ७ -** २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विभिन्न पार्टी र स्वतन्त्ररूपमा उमेद्वार भई विभिन्न पदमा निर्वाचित हुनुहुने बायुङ राई समुदायका ब्यत्तित्वहरूलाई सुम्निखिमको जिल्ला समिति गठन भएको हकमा जिल्ला कार्यसमितिले र नभएको हकमा केन्द्रीय समितिले कदर पत्र सहित सम्मान गर्ने र सोका लागि जिल्ला समितिहरूलाई सर्कुलर गर्ने ।

## एघारौँ पूर्ण वैठकः (२०७९/०७/१९ गते, काठमाडौ)

**निर्णय नं. १-** समिक्षा तथा रिपोर्टिङ । केही संस्थागत गतिविधि र कार्यक्रमहरू सामुहिक निर्णय तथा उचित समन्वयका आधारमा नहुनु कमजोरी भएको समिक्षा गर्दै आलोचना/आत्मआलोचनाको विधिद्वारा सबैजना सच्चिदै आगामी दिनमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं. २-** संस्थाको मुखपत्र चासुवाको लोगो संसोधन गरी दोश्रो अंकलाई थप परिस्कृत र स्तरीय लेख सामग्रीहरूका साथ छपाई आगामी पुष २० गते सार्वजनिक गर्ने ।

**निर्णय नं. ३-** सुम्निखिम केन्द्रीय समितिको नियमित कामकारवाहिमा आफ्नो कार्यव्यस्तताका कारण लामो समयदेखि समय दिन असमर्थ हुनुहुने सचिव भक्त बहादुर बायुङ राई र सदस्य मेजना बायुङ राईले संस्थालाई पुऱ्याउनु भएको योगदानको कदर गर्दै विदाई र केन्द्रीय सदस्यमा रविन बायुङ राई(खोटाङ) र रत्नमणि बायुङ राई(भोजपुर) लाई मनोनित । साथै आर्थिक विभाग सदस्यमा सविना बायुङ राई र महिला विभाग सदस्यमा सलिना बायुङ राइलाई मनोनित ।

**निर्णय नं. ४-** संस्था स्थापना देखि हालसम्मको सम्पूर्ण आय ब्यय समेटी आर्थिक प्रतिवेदन तयार गर्ने जिम्मा कोषाध्यक्षलाई दिने र सो प्रतिवेदन सार्वजनिक गर्ने ।

**निर्णय नं. ५-** सुम्निखिमले आगामी माघ (२०७९) को पहिलो साता देखि देशका विभिन्न बायुङ बस्तिहरूमा आवश्यकता अनुसार २ दिने आधारभूत र मध्यम बायुङ भाषा प्रशिक्षण कक्षा सञ्चालन गर्ने । जसको तयारि र समन्वयको लागि उपाध्यक्ष गजिन्द्र बहादुर बायुङ राईको संयोजकत्वमा सदस्यहरू डम्वर बहादुर बायुङ राई, मन कुमारी बायुङ राई र वसन्त बायुङ राई रहेको ४ सदस्यीय बायुङ भाषा प्रशिक्षण समिति निर्माण गरिएको ।

## बाह्रौं पूर्ण वैठकः (२०७९/०८/१७ गते, काठमाडौं)

**निर्णय नं. १-** संस्थाको दोश्रो वार्षिक उत्सव मिति २०७९/०९/२० उदयपुर जिल्लाको वसाहामा भव्यरूपमा मनाउने । यस कार्यक्रमको ब्यवस्थापनको जिम्मा उदयपुर जिल्ला समितिलाई दिने ।

**निर्णय नं. २-** जिल्ला ओखलढुङ्गा सिद्धिचरण नगरपालिका गोरूमारे भञ्ज्याङ नजिकै किरात राई यायोक्खा ओखलढुङ्गाको अगुवाईमा निर्माण भईरहेको तुम्खो खिम अर्थात् किरात राईहरूको सामुहिक चुलाघरको निर्माण सहयोगार्थ किरात बायुङ राई सुम्निखिमको तर्फबाट रू. ३५,५३५ अक्षरूपी (पैतिस हजार पाँच सय पैतिस) आर्थिक सहयोग प्रदान गर्ने ।

**निर्णय नं. ३-** संस्थाको दोश्रो वार्षिकोत्सव प्रयोजनका लागि हरेक जिल्ला कार्यसमितिहरूले मंसिर मसान्त सम्ममा जिल्ला भेलाको आयोजना गरी अध्यावधिक प्रतिवेदन केन्द्रीय समितिमा पेस गर्न र जिल्ला अन्तर्गत गठन भएका द्याल समितिहरूको पनि क्षेत्रगत सहभागिता हुनेगरी दोश्रो वार्षिकोत्सव कार्यक्रममा जिल्लावाट कम्तिमा १० जनाका दरले उपस्थित हुन सर्कुलर जारि गर्ने ।

## तेह्रौं पूर्ण बैठक: (२०७९/०९/०९ गते, काठमाडौं)

**निर्णय नं. १-** उदयपुर चौदण्डीगढी नपा- ४ स्थित स्व. नारदमुनि थुलुङ खेल मैदानमा मिति २०७९/०९/२० गते सम्पन्न गरिने संस्थाको दोश्रो वार्षिकोत्सवमा लाग्ने जम्मा खर्चमध्ये ६०% केन्द्रीय कार्यसमितिले र ४०% उदयपुर जिल्ला कार्यसमितिले व्यवस्थापन गर्ने ।

**निर्णय नं. २-** निर्णय नं. १ वमोजिमको कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र अतिथिहरूको यकिन गरी निमन्त्रणा पत्र पठाउने । साथै सुम्निखिमलाई जग्गा दिने दातालाई कदर पत्र, सहयोगदाताहरूलाई प्रसंशा पत्र, नक्सो तुम्लोचाहरूलाई सम्मान पत्र र मायाको चिनो प्रदान गर्ने ।

## क्रियाशील जिल्ला समितिहरु

**१) उदयपुर :** खेमराज बायुङ राईको अध्यक्षतामा १२ सदस्यीय किरात बायुङ राई सुम्निखिम उदयपुर जिल्ला कार्यसमिति ।

**२) ओखलढुङ्गा:** प्रविण बायुङ राई (धर्महाङ)को अध्यक्षतामा ११

सदस्यीय किरात बायुङ राई सुम्निखिम ओखदढुङ्गा जिल्ला कार्यसमिति ।

**३) खोटाङः** पूर्ण बहादुर बायुङ राईको अध्यक्षतामा १२ सदस्यीय किरात बायुङ राई सुम्निखिम खोटाङ जिल्ला कार्यसमिति ।

**४) सोलुखुम्बुः** छत्र वहदुर बायुङ राईको अध्यक्षतामा ११ सदस्यीय किरात बायुङ राई सुम्निखिम सोलुखुम्बु जिल्ला कार्यसमिति ।

**५) सुनसरीः** चन्द्र बहादुर बायुङ राईको अध्यक्षतामा १४ सदस्यीय किरात बायुङ राई सुम्निखिम सुनसरी जिल्ला कार्यसमिति ।

**६) हङकङ शाखाः** लोकराज बायुङ राईको अध्यक्षतामा १३ सदस्यीय किरात बायुङ राई सुम्निखिम, हङकङ शाखा समिति ।

## नवगठित जिल्ला समितिहरु

१) **संखुवासभा :** मिति २०७९/०५/१० गते चैनपुर नपा- २ चित्लाङ गाउँमा सुम्निखिम सुनसरी जिल्ला अध्यक्ष चन्द्र बहादुर बायुङ राईको उपस्थिति र केन्द्रीय कोषाध्यक्ष पार्वती बायुङ राई रिम्वाफुङको प्रमुख आतिथ्यतामा भएको भेलाले नर बहादुर बायुङ राईको अध्यक्षतामा १६ सदस्यीय किरात बायुङ राई सुम्निखिम संखुवासभा जिल्ला कार्यसमिति गठन गरियो ।

अध्यक्ष– नर बहादुर बायुङ राई

उपाध्यक्ष– इन्द्र बहादुर बायुङ राई

उपाध्यक्ष– अनिता बायुङ राई

सचिव– इन्द्र कुमार बायुङ राई

सहसचिव– किरण बायुङ राई

कोषाध्यक्ष– प्रेम कुमार बायुङ राई

सदस्यहरू– कमल बायुङ राई, सन्तुमाया बायुङ राई, सोममाया बायुङ राई, रूद्र बहादुर बायुङ राई, मदन बायुङ राई, जीवन कुमार बायुङ राई, अनिल बायुङ राई, दिल कुमारी बायुङ राई, सुमन बायुङ राई र सुवास बायुङ राई ।

सल्लाहकारहरू– धन बहादुर बायुङ राई, नरमाया बायुङ राई, टेक बहादुर बायुङ राई र वीर बहादुर बायुङ राई ।

२) **पांचथर** : मिति २०७९/०५/१३ गते हिलिहाङ गापा- ७ टारीगाउँमा सुम्निखिम सुनसरी जिल्ला अध्यक्ष चन्द्र बहादुर बायुङ राईको उपस्थिति र केन्द्रीय कोषाध्यक्ष पार्वती बायुङ राई रिम्वाफुङको प्रमुख आतिथ्यतामा भएको भेलाले धन बहादुर बायुङ राईको अध्यक्षतामा १७ सदस्यीय किरात बायुङ राई सुम्निखिम पांचथर जिल्ला कार्यसमिति गठन गरियो ।

अध्यक्ष– धन बहादुर बायुङ राई
उपाध्यक्ष– वीर प्रसाद बायुङ राई
उपाध्यक्ष– मधुमाया बायुङ राई
सचिव– भुपाल बायुङ राई
सहसचिव– सुरेन्द्र बायुङ राई
कोषाध्यक्ष– रत्न कुमारी बायुङ राई
सदस्यहरू– वल बहादुर बायुङ राई, श्रीप्रसाद बायुङ राई, वीर बहादुर बायुङ राई, राज कुमारी बायुङ राई, चक्र बहादुर बायुङ राई, खिनिमाया बायुङ राई, कविराज बायुङ राई, नरमाया बायुङ राई, राजन बायुङ राई, विश्वास बायुङ राई र शौकुमार बायुङ राई ।

३) **मोरङ** : मिति २०७९/०५/१९ गते विराटनगर महानगरपालिका- १२ मंगलवारेमा राजवीर बायुङ राईको संयोजन, सुम्निखिम सुनसरी जिल्ला उपाध्यक्ष आईति बहादुर बायुङ राईको उपस्थिति र केन्द्रीय कोषाध्यक्ष पार्वती बायुङ राई रिम्वाफुङको प्रमुख आतिथ्यतामा भएको भेलाले वीर बहादुर बायुङ राईको अध्यक्षतामा १० सदस्यीय किरात बायुङ राई सुम्निखिम मोरङ जिल्ला कार्यसमिति गठन गरियो ।

अध्यक्ष– वीर बहादुर बायुङ राई

उपाध्यक्ष– राजवीर बायुङ राई
सचिव– रेनुका बायुङ राई
कोषाध्यक्ष– लक्ष्मी बायुङ राई
सदस्यहरू– कृष्ण बायुङ राई, रहरमान बायुङ राई, बिरवल बायुङ राई, मकर बायुङ राई, काजिमान बायुङ राई र रमेश बायुङ राई ।

**नवगठित द्याल समितिहरु**

**१) मोप्लोः** मिति २०८७८/०९/२३ गते ओखलढुङ्गा जिल्ला सिद्धिचरण नपा- ३, मोक्लोमा सुम्निखिम सचिवालय सदस्य विनायक बायुङ राईको प्रमुख आतिथ्यता आयोजित भेलाले सागर बायुङ राईको अध्यक्षतामा ९ सदस्यीय किरात बायुङ राई सुम्निखिम मोप्लो द्याल कार्यसमिति गठन गरियो ।
अध्यक्ष– सागर बायुङ राई (नक्सो)
उपाध्यक्ष– शान्त कुमार बायुङ राई
सचिव– मनराज बायुङ राई(ङाबुचा)
सहसचिव– उमेश बायुङ राई
कोषाध्यक्ष– सिता बायुङ राई
सदस्यहरू– गंगा बायुङ राई, गिता बायुङ राई, कैलास बायुङ राई र नविन बायुङ राई ।
सल्लाहकारहरूः जय कुमार बायुङ राई (नक्सो), चतुरमान बायुङ राई, भगत बहादुर बायुङ राई, विशेश्वर बायुङ राई, धन कुमारी बायुङ राई, नर बहादुर बायुङ राई र जसमान बायुङ राई ।

**२) खिस्तोः** मिति २०८७८/०९/२५ गते ओखलढुङ्गा जिल्ला मोलुङ गा.पा-२, खिस्तोमा सुम्निखिम केन्द्रीय कोषाध्यक्ष पार्वती बायुङ राई रिम्वाफुङको प्रमुख आतिथ्यता आयोजित भेलाले ऋतु बहादुर बायुङ राईको अध्यक्षतामा १५ सदस्यीय किरात बायुङ

राई सुम्निखिम खिस्तो द्याल कार्यसमिति गठन गरियो ।

अध्यक्ष– ऋतु बहादुर बायुङ राई (नक्सो)

उपाध्यक्ष– दिल कुमारी बायुङ राई

सचिव– गिरिराज बायुङ राई

सहसचिव– ज्ञानेन्द्र बायुङ राई

कोषाध्यक्ष– समिता बायुङ राई

सदस्यहरू– अनुप बायुङ राई, इन्द्रमाया बायुङ राई, कृष्ण कुमारी बायुङ राई, इन्द्र बहादुर बायुङ राई, शान्तिमाया बायुङ राई, अनिता बायुङ राई, फुलमाया बायुङ राई, विकास बायुङ राई, जग बहादुर बायुङ राई र कृष्ण बहादुर बायुङ राई ।

सल्लाहकारहरूः हित बहादुर बायुङ राई(नक्सो/सेलेमी), बडाजित बायुङ राई(नक्सो), बुद्धि कुमार बायुङ राई(नक्सो), टेक बहादुर बायुङ राई(ङाबुचा), कृष्ण बहादुर बायुङ राई( ङाबुचा), गंगाराज बायुङ राई(ङाबुचा), डिल्ली वहादुर बायुङ राई र प्रेम बहादुर बायुङ राई ।

३) **डांडागाउँ सोल्माः** मिति २०८९/०६/२९ गते खोटाङ जिल्ला दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका स्थित डाँडागाउँमा सुम्निखिम महासचिव युवराज बायुङ राईको प्रमुख आतिथ्यता एवम् सुम्निखिम खोटाङ अध्यक्ष पूर्ण बहादुर बायुङ राई र सचिव दशरथ रूम्दाली राईको उपस्थितिमा आयोजित दुङ्मोचा बायुङ राईहरूको भेलाले नारद बायुङ राईको संयोजकत्वमा ११ सदस्यीय किरात बायुङ राई सुम्निखिम डाँडागाउ सोल्मा द्याल कार्यसमिति गठन गरियो ।

संयोजक– नारद बायुङ राई

सदस्यहरू– धनिराम बायुङ राई, वन्दना बायुङ राई, सविन बायुङ राई, वलराम बायुङ राई, कटक बहादुर बायुङ राई, ग्रीष्मा बायुङ राई, सुरज बायुङ राई, सन्देश बायुङ राई, सन्तोष बायुङ राई र पत्थरमान बायुङ राई ।

**४) खर्क(सल्ले):** मिति २०८९/०६/२९ गते खोटाङ जिल्ला हलेसी तुवाचुङ न.पा- १० खर्कमा सुम्निखिम महासचिव युवराज बायुङ राईको प्रमुख आतिथ्यता एवम् सुम्निखिम खोटाङ अध्यक्ष पूर्ण बहादुर बायुङ राई, सचिव दशरथ रूम्दाली राई र सदस्य हेम कुमार बायुङ राईको उपस्थितिमा आयोजित बायुङ राईहरूको भेलाले जीवन बायुङ राईको संयोजकत्वमा ११ सदस्यीय किरात बायुङ राई सुम्निखिम खर्क(सल्ले) द्याल कार्यसमिति गठन गरियो ।

अध्यक्ष– जीवन बायुङ राई

सदस्यहरू– खगेन्द्र बायुङ राई, पदमसेर बायुङ राई, रतिकला बायुङ राई, एकराज बायुङ राई, चिना बायुङ राई, रानिमाया बायुङ राई, टिकाराम बायुङ राई, मणि कुमार बायुङ राई, असार बायुङ राई र लाल बहादुर बायुङ राई ।

**सल्यान :** जिल्ला संयोजक– रूपसिंह बायुङ राई

## संस्थागत गतिविधिहरू :

### संस्थाको प्रथम वार्षिकोत्सव (भेला) सम्पन्न :

मिति २०७८ पुष २० गते किरात बायुङ राई सुम्निखिमले स्थापनाको पहिलो वर्ष पूरा गरेको सुखद अवसरमा केन्द्रीय समितिको आयोजना र सुम्निखिम ओखलढुङ्गा जिल्ला कार्यसमितिको व्यवस्थापनमा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका स्थित उद्योग वाणिज्य संघको सभाहलमा प्रथम बार्षिकोत्सव सभा भव्यरूपमा सम्पन्न गरियो ।

किरात राई यायोक्खा ओखलढुङ्गा जिल्ला अध्यक्ष थगेन्द्र राज राईको प्रमुख आतिथ्यता र ओखलढुङ्गाका प्रजिअ वन्दना राईको विशेष आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा अतिथिहरू नक्सो/तुम्लोचा एवम् सल्लाहकार बुद्धि कुमार बायुङ राई, धेवा/नक्सो महिन्द्र वहादु बायुङ राई (नेचासल्यान), धन बहादुर बायुङ राई, नक्सोहरू जित बहादुर बायुङ राई, तिखमान बायुङ

राई, ङाबुचाहरू गौधन बायुङ राई, फागुराम बायुङ राई, सिनपा ३ का वडाध्यक्ष रहरमान बायुङ राई, कानूनी सल्लाहकार चक्रसेर बायुङ राई तथा बायुङ समुदायका अग्रज बुद्धिजीवि भोज बहादुर राई, गजेन्द्र राज बायुङ राई, धिरेन्द्र रूम्दाली राई लगायतको उपस्थिति थियो । प्रमुख अतिथिले बोकोली (तीनचुला)मा आगो बालेर औपचारिक उद्घाटन गर्नुभएको सो वार्षिकोत्सव सभामा महासचिव युवराज बायुङ राईले संस्थाको सांगठनिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष पार्वती बायुङ राई रिम्वाफुङले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । साथै सुम्निखिम सोलुखुम्बु, खोटाङ र सुनसरी जिल्ला कार्यसमितिका अध्यक्षत्रय क्रमशः छत्र बहादुर बायुङ राई, पूर्ण बहादुर बायुङ राई र चन्द्र बहादुर बायुङ राईले जिल्लाको गतिविधि र पाँचथर प्रतिनिधि अटल चन्द्र बायुङ राई, मोरङ संयोजक राजवीर बायुङ राई र सल्यान प्रतिनिधि रूप सिंह बायुङ राईले बायुङ राईहरूको जिल्लागत स्थिति प्रस्ट पार्नुभयो । कार्यक्रममा सोलुखुम्बु र ओखलढुङ्गा जिल्ला कार्यसमितिको तर्फबाट अलग अलग होङ/सेग्रो सिलि, स्थानीय नवज्योती यूवा क्लवले नृत्य र विवस बायुङ राई(पांचथर)ले कविता वाचन गरे । बायुङ राईहरूको भाषा, धर्म, संस्कृति, मौलिक ज्ञान सीप, मुन्दुम र इतिहासको संरक्षण साथै हाम्रो जातीय एकतालाई कायम राख्न सुम्निखिमको नेतृत्वमा सबै क्रियाशील हुनुपर्ने आह्वान सहित सम्पन्न सो कार्यक्रमा उपाध्यक्ष दिपक कुमार बायुङ राई र अध्यक्ष ज्ञान बहादुर बायुङ राईबाट आजीवन सदस्यता पत्र र सम्मान पत्रहरू वितरण गरियो । सुम्निखिम केन्द्रीय अध्यक्ष ज्ञान बहादुर बायुङ राईको अध्यक्षतामा भएको सो कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष गजिन्द्र बहादुर बायुङ राई र सञ्चालन महासचिव युवराज बायुङ राईले गरेका थिए ।

**वनभोज कार्यक्रम :**

किरात राईहरूको महान चाड उभौली र नयाँवर्ष २०७९ को अवसरमा मिति २०७९/०२/१४ गते हाङ यलम्बरको दरबारक्षेत्र रहेको काठमाडौंको गोकर्णेश्वर स्थित सहिद स्मृति पार्कमा किरात बायुङ राई सुम्निखिमले बृहत वनभोज कार्यक्रमको आयोजना गऱ्यो । देशका विभिन्न जिल्लाबाट काठमाण्डौं उपत्यकामा आई स्थायी/अस्थायी रूपमा बसोबास गर्दै आएका बायुङ राई दाजुभाई दिदीबहिनीहरू बीच आपसी चिनजान, शुभकामना आदानप्रदान र संस्थागत विचार तथा योजनाहरूको सुनुवाई गर्ने उद्देश्यले आयोजित सो वनभोजमा संस्थाको मुखपत्र 'चासुवा' बारे सम्पादक लोक बहादुर बायुङ राईले र संस्थाको आधिकारिक धारणा अध्यक्ष ज्ञान बहादुर बायुङ राईले स्पष्ट पार्नुभयो भने अतिथिको रूपमा बोल्दै किरात राई लेखक संघका तत्कालिन अध्यक्ष खुक्सङ खम्बु राईले क्रियाशीलता संगै सो को दस्तावेजिकरण पहिचान र अधिकार प्राप्तिको आधार भएको विचार राखे । संस्थाका केन्द्रीय सल्लाहकारहरू, विभिन्न जिल्ला कार्यसमितिका पदाधिकारी सदस्यहरू र आमन्त्रित अन्य गैह्र बायुङ पाहुनाहरूले म्युजिकल चेयर तथा सामुहिक नाचगानगरी सम्पन्न सो वनभोजमा १४७ जनाको सहभागीता रह्यो ।

**पाठ्यपुस्तक तर्जुमा प्राज्ञिक कार्यशाला :**

मिति २०७९/०५/२५ गते शनिबारको दिन किरात बायुङ राई सुम्निखिम केन्द्रीय समितिको व्यवस्थापन र बायुङ राई पाठ्यपुस्तक तथा शब्दकोष तर्जुमा समितिको आयोजनामा १ दिने 'पाठ्यपुस्तक तर्जुमा कार्यशाला' सुम्निमा हल कोटेश्वर काठमाडौंमा सम्पन्न गरियो । मौलिक बायुङ भाषाको संरक्षण, सम्वर्द्धन र विकास गर्न भाषाको समुदायस्तरमा प्रयोग संगै राज्यको तहमा समेत पहुंच हुन आवश्यक ठानी सामुदायिक विद्यालयको कक्षा १ देखि ५ सम्म पठनपाठन गराउने बायुङ मातृभाषाको पाठ्यपुस्तक

तर्जुमाको लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय भाषा विभागका भाषाशास्त्री डा. तारामणि कोयी राईको विशेष उपस्थितिमा अन्तर कृया गरिएको थियो । पाठ्यपुस्तक तर्जुमा समिति संयोजक लोक बहादुर बायुङ राईले सम्भाव्य पाठ्यक्रमको खाका प्रस्तुत गरेपछि शिक्षासेवी चक्रमणि बायुङ राई, छत्र  बायुङ राई लगायतका सहभागीहरूले आ–आफ्नो धारणा राखेका थिए । सुम्निखिम केन्द्रीय सल्लाहकार उपप्राध्यपक रसिक किरातले बायुङ मातृभाषाको पाठ्यक्रम पहिचानको जगमा सीप, सिर्जना र सांस्कृतिक उन्नयन गर्ने खालको वनाउनु पर्ने सुझाए भने डा. ताारामणि राईले अन्य भाषा संगै बायुङ मातृभाषाहरूको वर्तमान अवस्था केलाउदै बायुङ मातृभाषाको पाठ्यपुस्तक तयारी गर्न आवश्यक भाषिक सामग्रीको खोजी तथा निर्माण, किरात श्रीजङ्गा लिपि प्रयोगको सम्भावना, पुस्तकको आकार, रङ, चित्र, पाठ्यभार जस्ता प्राविधिक विषय र पठनपाठन गराउने सम्भावित तरिका आदि विषयमा सुझाव दिए । कार्यशालामा सुम्निखिम केन्द्रीय पदाधिकारी सदस्य देखि विभिन्न जिल्ला समितिका प्रतिनिधिहरूको सहभागीता थियो ।

**सामुहिक देउसी भैलो :**

२०७९ सालको वलिहाङ चाड (तिहार) को अवसरमा काठमाडौं एयरपोर्ट स्थित सेवारो रेष्टुरेण्टमा किरात बायुङ राई सुम्निखिम केन्द्रीय समितिको आयोजनामा मिति २०७९/०७/०८ गते सामुहिक देउसी भैलो तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरियो ।

## डेलिगेसन तथा अन्तरक्रिया

**राष्ट्रिय तथ्याङ्क कार्यालय :**

मिति २०७९/०३/१४ गते सुम्निखिम संस्थागत रूपमा, मिति २०७९/०७/०६ गते २६ भाषी थरगत संस्था र किरात राईहरूको

साझा संस्था किरात राई यायोक्खा सहित संयुक्तरूपमा र मिति २०७९/०८/२१ गते अध्यक्ष, उपाध्यक्ष, महासचिव सहितको सुम्निखिमको प्रतिनिधि मण्डलले राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेलाई निजको कार्यकक्षमा भेटी आगामी जनगणनाको अन्तिम प्रतिवेदन वारे छलफल, खबरदारी र कोड नम्बर सहित भाषामा **बायुङ (Bayung)**, जातिमा **राई** र धर्ममा **किरात** अभिलेखन भई आउनुपर्ने माग सहितको पुनः स्मरण पत्र हस्तान्तरण गरियो ।

**आदिवासी जनजाति आयोग :**

गत १२ औं राांष्ट्रिय जनगणनामा जाति, भाषा र धर्म बारे संकलित विवरणमा भएका कमजोरी, उठेका सवाल र अस्पष्टता बारे आदिवासी जनजाति आयोगले आयोग सभाहल पुल्चोक ललितपुरमा आयोजना गरेको छलफलमा मिति २०७९/०४/३१ गते किरात राई यायोक्खाको नेतृत्वमा ध्यानाकर्षण पत्र सहित किरात बायुङ राई सुम्निखिमको सहभागीता रह्यो । आयोगका माननीय अध्यक्ष राम बहादुर थापामगर समक्ष राई जाति अन्तर्गत २६ भाषिक संस्थाहरूको छुट्टाछुट्टै र साझा संस्था यायोक्खाको तर्फबाट समग्र विषय समेटी प्रस्तुत ध्यानाकर्षण पत्र बुझाउंदै जातिमा राई र भाषा सूचक मौलिक शब्द **बायुङ** भएको यकिन गरी केन्द्रीय तथ्याङ्क विभागमा लेखी पठाउन ध्यानाकर्षण गराईयो ।

**भाषा आयोगः**

मिति २०७९/०३/१० गते शुक्रबार बायुङ भाषी राईहरूको साझा संस्थाको रूपमा किरात बायुङ राई सुम्निखिम स्थापना भई क्रियाशील रहेको जानकारी गराउदै भाषा सुचक मौलिक शब्द बायुङ शुद्ध भएको प्रमाण सहितको ज्ञापनपत्र, संस्थाको क्यालेण्डर र मुखपत्र 'चासुवा' सुम्निखिम अध्यक्षको नेतृत्वमा भाषा आयोग गई अध्यक्ष लवदेव अवस्थी समक्ष बुझाईयो । साथै मिति २०७९/०८/२५

गते भाषा आयोगमा बुझाईएको ज्ञापन पत्रबारे भएको प्रगतिबारे जानकारी लिन र बायुङ भाषा मौलिकता र शुद्धता परीक्षण गर्न ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङका सघन बायुङ बस्तीमा गई स्थलगत अध्ययन गर्न आग्रह सहितको पुनः स्मरण पत्र आयोगका कार्यवाहक अध्यक्ष उषा हमाललाई बुझाईयो ।

**वधाई तथा शुभकामना :**

मिति २०७९ भदौ १३ गते गत स्थानीय निर्वाचनमा उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका वडा नं. ४ को वडाध्यक्षमा निर्वाचित हुनुहुने किरात बायुङ राई सुम्निखिम संगठन विभाग सचिव लुङ्गराज बायुङ राईलाई सुम्निखिम केन्द्रीय कार्यालय काठमाडौमा वधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरी संस्थाको ब्याज र सम्मान पत्र पदान गरियो ।

**सहभागिताः**

- मिति २०७९/०४/२२ गते किरात राई यायोक्खाको ३५ औं स्थापना दिवसको अवसरमा संघिय मामिला तथा स्थानीय विकास मन्त्री माननीय राजेन्द्र प्रसाद श्रेष्ठको प्रमुख आतिथ्यता कृष्टल वैंक्वेट ललितपुरमा आयोजित कार्यक्रममा अतिथिको रूपमा सहभागीता ।
- किरात समन्वय समितिले तयार पारी मिति २०७९ साउन ७–१७ गते सम्म किरात राई यायोक्खाले सञ्चालन गरेको किरात सिरिजङ्गा लिपि प्रशिक्षण कार्यक्रम(जुम वेबिनार) मा उपाध्यक्ष दिपक कुमार बायुङ राई र कोषाध्यक्ष पार्वती बायुङ राई सहभागी ।
- मिति २०७९/०४/०८ गते १ नम्वर प्रदेशको नाम किरात प्रदेश राख्नु पर्ने माग सहित किरातजन्य जातीय भाषिक संस्थाहरूले संयुक्तरूपमा आयोजना गरेको मोटरसाईकल न्यालि, जनप्रदर्शन तथा प्रदेश सभा भवन (विराटनगर) घेराउ कार्यक्रममा सुम्निखिम उदयपुर र सुनसरी जिल्ला समितिको सहभागिता ।

– मिति २०७९/०६/०८ गते काठमाडौ स्थित राष्ट्रिय सभागृहमा आयोजित किरात राई यायोक्खाको ११ औं राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहमा किरात बायुङ राई सुम्निखिमको तर्फबाट सचिवालय सदस्य लोक बहादुर बायुङ राई अतिथिको रूपमा सहभागी ।
– मिति २०७९/०५/१८ शनिवारका दिन काठमाडौंमा आयोजित जिमि (राई) उत्थान समाज, सोलुको २४औं स्थापना दिवस तथा बार्षिक साधारण सभामाको अवसरमा सुम्निखिम अध्यक्ष ज्ञान बहादुर बायुङ राई अतिथिको रूपमा उपस्थित भई समाजको संस्थागत उन्नति प्रगतिको शुभकामना सहित राई जाति र मौलिक बायुङ भाषा बारे स्पस्ट ।

● **प्रकाशनः**

- विक्रम सम्वत २०७९ (यले थोचे ५०८१/८२) को अवसरमा किरात बायुङ राई सुम्निखिम केन्द्रीय समितिले संस्थाको आधिकारीक विचार, सूचना र शुभकामना सन्देश सहितको भित्तेपात्रो ३००० थान प्रकाशन गरी वितरण गरिएको ।
- मिति २०७९/०४/११ गते देश तथा विदेशमा रहनुहुने बायुङ राईहरूको नाम, ठेगाना, उमेर, लिङग, धर्म, शैक्षिक/आर्थिक/सामाजिक अवस्था, नोकरी तथा व्यवसाय र सम्पर्क नम्बर समेत खुलाउन मिल्नेगरी तथ्याङ्क संकलन फारम १५०० थान छपाई गरी वितरण गरिएको र तथ्याङ्क संकलनको काम जारी रहेको । साथै गत वैशाख(२०७९) मा सम्पन्न स्थानीय तह निर्वाचनमा बायुङ समुदायबाट निर्वाचित व्यक्तित्वहरूलाई सम्मानका निम्ति सम्मान पत्र छपाई गरिएको ।
- मिति २०७९/०९/१७ गते किरात बायुङ राई सुम्निखिमको आधिकारिक धारणा, गतिविधि, किरात सभ्यता, सम्पदा, इतिहास, बायुङ तुम्लो(मुन्दुम), भाषा, संस्कार, कथा,

कविता, जीवनी सूचना र संस्थागत धारणा समेटिएको विचार प्रधान प्रकाशनको रूपमा मुखपत्र 'चासुवा' ५०० थान प्रकाशन गरिएको ।

- फुटकर लेख रचनाहरू पत्रपत्रिका र अनलाईन संस्करणहरूमा छापिएको ।
- नक्सो/तुम्लोचा तेजलाल बायुङ राईको बायुङ तुम्लो छपाईको चरणमा रहेको ।

## आगामी कार्यदिशा

१) बायुङ भाषाको सिकाई कक्षा तत्काल शुरूवात गर्ने ।

२) दस्तावेजिकरण (पाठ्यपुस्तक, शब्दकोष, तुम्लो, इतिहास, दर्शन साहित्य) को कामलाई मुख्य प्राथमिकतामा राखेर अघि बढ्ने ।

३) क्षेत्रगत सामूहिक चुलाघर तथा सांस्कृतिक संग्रहालयको निर्माण गरी त्यसलाई विषयगत अध्ययन-अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने र गठित कार्यसमितिहरूलाई चलायमान बनाउने ।

४) दिगो आर्थिक व्यवस्थापन गर्ने ।

५) मौलिकता र एकता बचाउन कानूनी कदम चाल्ने ।

## साझा दृष्टिकोणको सवाल

हामी अधिकार र पहिचान प्राप्तिको लडाइमा छौं । आफ्नो मौलिक पहिचानप्रति वर्तमान युवापुस्ता गम्भीर बन्नु पर्दछ र गहिरो चिन्तनका साथ अधिकार प्राप्तिको निम्ति आफु भित्र बलियो इच्छा शक्ति विकसित गर्नै पर्दछ, किनकी यस मामलामा हामी नैं सिमान्त पुस्ता हौं । मेरो र तपाईको बारेमा हामी बेलैमा सचेत नहुने हो भने भोली हामीलाई शुन्य बाहेक केही हात लाग्नेवाला छैन भाषिक, धार्मिक, सांस्कृतिक, सामाजिक सबै हिसाबले । हज्जारौ लाखौं वर्ष पुरानो हामी बायुङ

राईहरूको इतिहास सदाका लागी मेटिनेछन् । श्रुति परम्परामा आज सम्म बाँच्दै आएका भाषा, ज्ञान सिप, मुन्दुम साहित्य र संस्कार संस्कृतिको सन्दर्भ श्रोतहरू हराउने छन् । किरात सभ्यता प्रतिको गर्व क्रमशः मर्दै जानेछ । हाम्रो आत्मसम्मान गिर्नेछ र अन्ततः हामी आफ्नै पुर्खौली भूमिमा पराया हुनेछौं । तसर्थ यो सत्यलाई मनन गरी सबैजना किरात बायुङ राई सुम्निखिमको अभियानमा गोलबद्ध हुन हार्दिक अपिल गर्न चाहन्छु । सुम्निखिम सबैको साझा संस्था हो । हामी लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै सहभागीतामुलक नेतृत्वका साथ अघि बढिरहेका छौं ।  अल्पमत वा फरक मतलाई संस्था र समुदायको हितगर्ने सर्तमा उचित स्थान दिनु पर्दछ । तर भाषिक मौलिकता तोडमोड गर्ने र जातीय एकतालाई खण्डित गर्ने छुट कोहि कसैलाई दिन सकिन्न । पहिलो कुरा संसारमा एक जाति एकभाषा, एक जाति बहुभाषा र एक भाषा बहुजाति भएका मानव समुदाय छौं । यो तथ्यलाई केलाएर सबैले बुझ्न जरूरी छ । दोश्रो कुरा कुनै चिजवस्तुलाई सिमान्त अंशमा विभक्त गर्दा प्रतिकृया स्वरूप शक्ति पैदा हुन्छ भन्ने भौतिक विज्ञानको नियम समाज विज्ञान र राजनितीक विज्ञानमा हुबहु लागु हुंदैन । जातीय, भाषिक र सांस्कृतिक अनेकता नैं हाम्रो सम्पत्ति हो र ती विविधता भित्रको एकता हाम्रो शक्ति । तर अल्पसंख्या नैं भएपनि अगल अलग जातीय/भाषिक पहिचान बनाऊ तब मात्रै कल्याणकारी राज्यको दायित्व सृजना हुन्छ र तत् तत् समुदायको विकास, आर्थिक प्रगति र राज्यमा प्रतिनिधित्व सुनिश्चित हुन्छ भन्ने नश्लीय राज्यको विभाजनकारी भाष्यलाई गम्भीरताका साथ मनन गरौं । हाम्रो जातीय/भाषिक पहिचानको परिभाषा र एकताको सीमा हामी आफ्नैं सापेक्षतामा कोरौं र त्यसलाई मजबुत पारौं । आईएलओ (ILO) १६९ र त्यसको प्रबन्ध एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय  दस्तावेज हो तर सार्वकालिक र सर्वमान्य अकाट्य संहिता होइन । तसर्थ

ती तमाम फरक मतधारी व्यक्ति र समुहलाई पनि समुदायको हितप्रति जिम्मेवार भई प्रस्तुत हुन सचेत गराउन चाहन्छु । बायुङ राई लगायत सिङ्गो आदिवासी जनजाति माथि भईरहेको विभेद र उत्पीडनलाई थप बल मिल्नेगरी राज्य षड्यन्त्रको हिस्सेदार बन्नु किमार्थ बुद्धिमानी होइन । सबै मिलेर अघि बढौं ।

अन्त्यमा, आगामी दिनहरूमा पनि संस्थालाई देश तथा विदेशमा बस्नुहुने तपाई सम्पूर्ण बायुङ राई आमाबुवा, दाजुभाई दिदीबहिनी र अग्रजहरूको साथ सहयोग एवम् सुझाव सल्लाह प्राप्त हुने अपेक्षा गर्दछु । साथै सोहि बमोजिम समुदायको हितमा परिचालित हुने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद, सेवा ।

जि.प्र.का.द.नं. १०६५/०७७/०७८

# किरात बायुङ राई सुम्निखिम
## केन्द्रीय कार्यसमिति, काठमाडौं

पत्र संख्या: ०७९/८०
चलानी नं. ०२४

मिति: २०७९/०८/२१

श्री महानिर्देशक ज्यू

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथलि, काठमाडौ ।

**विषय: पुनःध्यानाकर्षण पत्र ।**

उपरोत्त ्विषयमा प्रकृति र पित्रिपूजक हामी बायुङ भाषी राईहरुको साझा संस्था किरात बायुङ राई सुम्निखिमले यसै कार्यालय बाट सम्पन्न गरिएको १२औं राष्ट्रिय जनगणनाको नतिजालाई ज्यादै चासो र चिन्ताका साथ पर्खिरहेका छौं जो अहिले प्रसोधनको अन्तिम चरणमा छ । हामी किरात सभ्यता अन्तर्गत वहुभाषी राई जातिभित्रका **बायुङ (Bayung)** भाषी आदिवासी हौं । हामी प्रकृतिमा आधारित र तुम्लो (मुन्दुम) द्वारा निर्देशित किरात धर्म मान्दछौं । करिव ५० हजारको संख्यामा रहेका हामी नेपालको २४ जिल्लामा छरिएर बसेका छौं । भोट बर्मेली भाषा पपरिवार भित्र पर्ने हाम्रो भाषाको मौलिक नाम **बायुङ** हो जस्को शाब्दिक अर्थ 'पुरानो सभ्यता' भन्ने लाग्दछ । स्थानान्तर र पुस्तान्तर हुदै जाने क्रममा मौलिक बायुङ शब्द अपभ्रंस भई बायिङ, बाईङ, वनुङ, बाहिङ तथा व्यक्ति वा स्थानको नाम जोडि कतै रुम्दाली, नेचाली, पाई लो, प्रोचालो र रदु लो समेत भन्ने गरेको पाईन्छ । तर हाम्रो तुम्लो (मुन्दुम), मिथक र प्रयोगको आधारले बायुङ नैं शुद्ध हो भन्ने प्रमाण्ति भईसकेको छ । उल्लेखित विषयलाई पुष्टि गर्ने तथ्य प्रमाण, लिखत, पुस्तक, तस्वीर र अन्य सन्दर्भ सामग्रीहरु सहित हाम्रो संस्थाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, भाषा आयोग, आदिवासी जनजाति आयोग र यस राष्ट्रिय तथ्याङ्क कार्यालयमा आज सम्म ४ पटक ज्ञापन पत्र (ध्यानाकर्षण/स्मरण पत्र) बुझाईसकिएको पुन: स्मरण गराउन चाहन्छौं ।

गत १२औं राष्ट्रिय जनगणनाको क्रममा ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ लगायतका आदिम बायुङ थातथलोका अग्रजहरुले हामी राई जाति हौं, हाम्रो भाषा बायुङ हो र हामी किरात धर्म मान्दछौ भनेर गणक सामु बोलेका अडियो भिडियो रेकर्डिङ र सोहि मुताविक गणकहरुले फारम भरेको प्रमाणहरु हाम्रो संस्थासंग पनि सुरक्षित छ । यसरी संकलित जनगणना सम्वन्धि बायुङ भाषी राईहरुको तथ्याङ्क जस्ताको तस्तै सरकारी दस्तावेजमा आउनेछ भन्नेमा आसावादी छौं । हाम्रो जोडदार माग यो छ की भाषाको महलमा **बायुङ** बाहेक माथि उल्लेखित अपभ्रंसित अन्य जे नामहरु लेखिआएको भएता पनि बायुङ मै गणना गरियोस र अविलम्ब बायुङ भाषालाई कोड प्रदान गरियोस । यदि हाम्रो अनुरोध र बास्तविक सत्यलाई वेवास्ता गरी जनगणनाको तथ्याङ्क सार्वजनिक गरिए त्यो किरात बायुङ राई सुम्निखिमलाई मान्य हुनेछैन । जुनकारण कुनै अप्रिय स्थितिको सृजना नहोस भन्ने हामी चाहन्छौं ।

युवराज बायुङ राई
महासचिव

............
ज्ञान वहादुरबायुङ राई
अध्यक्ष

जि.प्र.का.द.नं. १०६५/०७७/०७८

# किरात बायुङ राई सुम्निखिम

## केन्द्रीय कार्यसमिति, काठमाडौं

पत्र संख्या: ०७९/८०

चलानी नं. ०२२

मिति: २०७९/०८/२५

माननीय अध्यक्ष ज्यू

भाषा आयोग

शंखमुल, काठमाडौ ।

**विषय: बायुङ भाषा अभिलेखन गरिदिन पुनः ध्यानाकर्षण पत्र ।**

उपरोक्त विषयमा प्रकृति र पित्रिपूजक हामी बायुङ भाषी राईहरु ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङमा आदिम कालदेखि भौगोलिक निरन्तरता सहित र बसाईसराईको क्रममा नेपालका अन्य २१ भन्दा बढि जिल्लाहरुमा करिव ५० हजारको संख्यामा छरिएर बसेका छौं । हामी हाम्रो भाषाको संरक्षण र विकासको निम्ति किरात बायुङ राई सुम्निखिम नामको साझा संस्था (दर्ता नं. १०६५, जिल्ला प्रसाशन कार्यालय काठमाडौ) मातहत संगठित र क्रियाशील छौं । **बायुङ** भाषा किरात सभ्यता अन्तर्गतको राई जातिले बोल्ने हालसम्म जिवित २६ वटा भाषा मध्येको एक हो जो भोट बर्मेली भाषा परिवार भित्र पर्दछ । संकटापन्न अवस्थामा रहेको हाम्रो भाषाको मौलिक नाम **बायुङ (Bayung)** हो जस्को शाब्दिक अर्थ 'पुरानो सभ्यता' भन्ने लाग्दछ । तर स्थानान्तर र पुस्तान्तर हुदै जानेक्रममा मौलिक बायुङ शब्द अपभ्रंस भई कतै बायिङ, बाईङ, वनुङ, बाहिङ तथा कहिं व्यक्ति वा स्थानको नाम जोडि रुम्दाली, नेचाली, पाई लो, प्रोचा लो र रदु लो समेत भन्नेगरेको पाईन्छ । जहाँ जसरी जे भन्ने गरिएता पनि हाम्रो तुम्लो(मुन्दुम), मिथक र प्रयोगको आधारले बायुङ नैं शुद्ध हो भन्ने प्रमाणित भईसकेको छ । उल्लेखित विषयलाई पुष्टि गर्ने तथ्य प्रमाण, लिखत, पुस्तक, तस्वीर र अन्य सन्दर्भ सामग्रीहरु सहित हाम्रो संस्थाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्टान, आदिवासी जाजाति आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालयमा र यस भाषा आयोगमा समेत ज्ञापन पत्र (ध्यानाकर्षण/स्मरण पत्र) बुझाईसकिएको पुनः स्मरण गराउन चाहन्छौं ।

देशको जनसंख्या संगै आर्थीक समाजिक अवस्था र देशवासीले बोल्ने भाषा, मान्ने धर्म लगायतके विविध विषयको बास्तविक तथ्याङ्क गणना गर्न गतबर्ष सम्पन्न १२औं राष्ट्रिय जनगणनाको नतिजालाई हामीले ज्यादै चासो र चिन्ताका साथ पर्खिरहेका छौं जो अहिले प्रसोधनको अन्तिम चरणमा छ । जनगणनाको क्रममा ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ लगायतका आदिम बायुङ थातथलोका अग्रजहरुले हामी राई जाति हौं, हाम्रो भाषा बायुङ हो र हामी किरात धर्म मान्दछौं भनेर गणकसामु बोलेको अडियो भिडियो रेकर्डिङ र सोहि मुताविक गणकहरुले फारम भरेको प्रमाणहरु हाम्रो संस्थासंग पनि सुरक्षित छ । यसरी संकलित जनगणना सम्बन्धि बायुङ भाषी राईहरुको तथ्याङ्क जस्ताको तस्तै सरकारी दस्तावेजमा आउनेछ भन्ने आसा लिएका छौं तर राष्ट्रिय तथ्याङ्क कार्यालयको जवाफ विस्वासयोग्य छैन । भाषा आयोगसंग हाम्रो जोडदार माग यो छ की हामीले बोल्ने भाषाको मौलिक र शुद्ध नाम **बायुङ** नैं हो भन्ने प्रमाणित गरी अभिलेखनका लागी राष्ट्रिय तथ्याङ्क कार्यालय लगायत भाषासंग सरोकार राख्ने सवै सरकारी निकायहरुमा लेखि पठाईयोस । जसका लागी कम्तिमा ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङ जिल्लाका सघन बायुङ वस्तिहरुमा पुनः भाषिक तथ्याङ्क गणना गरी बायुङ भाषाको सत्यतथ्य पत्ता लगाईयोस ।

युवराज बायुङ राई
महासचिव

ज्ञान वहादुर बायुङ राई
अध्यक्ष

# किसन राई र किरात बायुङ राई सुम्निखिम हङकङ



– ज्ञान बहादुर बायुङ राई
धरान-१५, सुनसरी, हाल हङकङ

सन् २०१८ साल सम्ममा हङहङमा बायुङ राईहरूको कुनै पनि संस्था गठन भएको थिएन तर नेपालमा २०६१ (2004 AD) सालमा नै बाहिङ किरात मुलुखिम नेपालको स्थापना भई सकेको थियो । नेपालमा बाहिङ किरात मुलुखिम गठन भई सके पछि त्यसका शाखाको रूपमा अन्य देशहरूमा पनि बायुङका शाखा संस्थाहरू खोल्ने क्रममा थिए । हङकङ पनि त्यसमा अछुतो रहन सकेन । २०१८ सालमा मात्र आदरणीय दाइ किसन राई, हरि कुमार राई, लोक राज राई, विष्णु कुमार राईहरूको पहलमा बाहिङ किरात राई मुलुखिम हङकङको गठन भयो । त्यो नेपालको बाहिङ किरात मुलुखिम कै शाखाको रूपमा थियो ।

हङकङमा यो संस्था स्थापना गर्दा सम्ममा मैले धेरै बायुङ्गे दाजुभाइहरूलाई चिनेको र चिन्ने मौका पाएको थिईन । भेटघाट चिनापर्ची थिएन । सबै आ-आफ्ना काममा नै व्यस्त भईन्थ्यो/हुन्थ्यौं । वर्षको २ पल्ट हुने उधौली र उभौलीमा भेटघाट त कति भईन्थ्यो रहेछ तर नजिकबाट चिन्ने मौका जुरेको थिएन ।

किसन दाइलाई धरान देखि नै चिनेको । आउजाउ बाक्लै हुने गर्थ्यो । हङकङमा पनि भेटघाट नहुने कुरै भएन । कामको दैारान भेट भएका र चिनजान भएका अन्य बायुङ्गे साथीहरूमा हरि कुमार राई २००६ साल देखि Brinks company मा संगै काम गर्दा चिनजान भएको र पदम बहादुर राई र युवराज राईद्वय सोलुका साथीहरूलाई १९९८ सालमा म भर्खर हङकङ आएको बेला यामाताईको डांडामा संगै काम गर्ने क्रममा बायुङ राई हुनुहुन्छ भनेर चिनेको हुं ।

हरि कुमार राई दाइले २००७/२००८ तिर पहिलो पल्ट सबैको हङहङमा संस्था छ हाम्रो मात्र छैन । हाम्रो पनि गठन गर्नु पर्छ है भाइ भन्नु हुन्थ्यो मैले हुन्छ गरौं न भन्थे । संस्था गठन सम्बन्धी उहाँको र किसन दाइको त्यो वेला पनि कुरा भएको मलाई थाहा छ तर किन हो त्यो वेला संस्था गठन गर्न सकिएन । २०१८ सालमा आएर मात्र हङकङमा बायुङहरूको संस्था गठन भयो । त्यो वेला सम्ममा हङकङमा सबै भाषिक राईहरूका संस्थाहरू गठन भई सकेका थिए । हामीले कान्छो संस्थाको रूपमा गठन भएका थियौँ ।

संस्था गठन हुनु भन्दा केही दिन अगाडी किसन दाइले मलाई फोन गरेर साईला १८ तारिख जोर्डनमा भेला हौं है । हाम्रो पनि संस्था गठन गर्नु पर्छ । सबैको छ हाम्रो मात्रै छैन भन्नु भयो । मैले सहर्ष हुन्छ भने र १८ तारिख जोर्डनको गैर आवासिय नेपाली संघको कार्यालयमा भेला भयौँ । त्यस दिन हामी किसन राई, हरि कुमार राई, लोकराज राई, विष्णु कुमार राई, पदम बहादुर राई, भिम कुमार राई र म गरी जम्मा ७ जना भेला भएका थियौँ । त्यही ७ जनाले संस्थाको नाम बाहिङ किरात राई मुलुखिम हङकङ राख्ने निर्णय गरियो र प्रथम बायुङ भेला गराउन १२ जनाको प्रथम भेला आयोजक कमिटीको पनि त्यसै दिन गठन गरियो ।

जसमा संरक्षकमा किसन राई, संयोजकमा लोकराज राई, सचिवमा म र अन्यलाई सदस्यमा राखियो । म सचिवमा बस्दिन भनेर नाम काट्दा समेत किसन दाइले मलाई धर दिनु भएन । विस्तारै सिकिन्छ, तिमी सक्छौ भनेर मलाई नै राख्नु भयो ।

त्यो वेला अरू कोही पनि तयार हुनु हुन्थेन । अरू नै बसुन्, अरूले नै गरून भन्ने पक्षमै सबै हुनुहुन्थ्यो । म पनि सदस्यमा मात्र वस्छु भन्ने मनस्थिति मै थिएँ ।

८ जुलाई २०१८ का दिन हङकङ किरात राईहरूको सामुहिक चुलाघरमा बायुङ राईहरूको बृहत जमघटका बिच लोक राज र

राईको अध्यक्षतामा १३ सदस्यीय कार्य समिती गठन गरियो । किसन राई सल्लाहकारका साथै संरक्षकमा बस्नु भयो भने हरि कुमार राई र सुनिता राई पनि सल्लाहकारमा रहनु भयो । सचिवमा मलाई नै राखियो । अध्यक्ष ज्यूले पनि तपाई नै बस्नु होस् भन्नु भयो । उम्कने चान्स पाईएन । उपाध्यक्षमा टंक प्रसाद राई, सह सचिवमा भिम कुमार राई, कोषाध्यक्षमा पदम बहादुर राई र सदस्यहरूमा वालिका राई, विष्णु कुमार राई, मणिराज राई, निर्मल राई, तिर्थ कुमारी राई, सुरेश राई, रोहित राई र डिक कुमार राई रहनु भयो ।

संस्था गठन भए पश्चात किरात राई यायोख्खा हङकङको भातृ संस्थाको रूपमा यायोख्खाले आयोजना गर्ने हरेक कार्यक्रमहरूमा संस्थाले सक्रिय सहभागिता जनाउने प्रयास गर्‍यो । हरेक कार्यक्रमहरूमा किसन दाइ कहिल्यै छुटनु हुन्थेन । केही कार्यक्रमहरूमा संस्थाको प्रतिनीधिको रूपमा हामी छुटे पनि किसन दाइ त्यंहा पुगेकै हुनुहुन्थ्यो । मलाई याद भए सम्म दुई वटा कार्यक्रमलाई हामीले छुटायौँ । त्यस्तो वेलामा किसन दाइले हामीलाई खबरदारी गर्नु हुन्थ्यो । खै त बायुङको तर्फबाट प्रतिनीधि भन्नु हुन्थ्यो । हामी कोही नपुगे पनि किसन दाइको उपस्थिति देखेर हामी ढुक्क हुन्थ्यौँ र हाम्रो पनि त्यहाँ उपस्थिति छ भन्ने ठान्थ्यौँ ।

किसन दाइले यायोख्खा हङकङ र बाहिङ मुलुखिम बिच पुलको काम गर्नु भएको थियो । कलिलो वामे सर्दै गरेको संस्थालाई अघि बढाउन उहाँको ठुलो हात थियो । हामीलाई सल्लाह सुझाव दिई रहनु हुन्थ्यो । बेलाबखत मलाई फोन गरेर साईला अध्यक्षसंग सल्लाह गरेर बैठक बोलाउनु है भन्नु हुन्थ्यो । उहांको सुझाव र निर्देशन पश्चात बैठक वसिन्थ्यो । संस्था गठन हुनमा पनि उहाँको ठूलो हात छ । उहाँले पहल नगर्नु भएको भए हाम्रो संस्था गठन हुन्थ्यो वा हुंदैन थियो भन्न सक्दिन ।

हङकङमा संस्था स्थापना गर्दा हामीले बाहिङ किरात मुलुखिम नेपालको शाखाकै रूपमा गठन गरेका थियौं । तर समय क्रम सँगै मुलुखिम नेपालले हामी राई नै होईनौं र हामी भनेको छुट्टै बाहिङ जाती हौं भनेर आवाज चर्काउन थाले पछि विवाद शुरू भयो । बायुङ र बाहिङ एउटै हो भन्नेमा सहमती जुटे पनि राईमा सहमती जुट्न सकेन । हङकङका पनि त्यसको वहस शुरू भयो । हङकङमा रहेका बायुङ्गेहरूले हामी राई नै हौं भन्ने निचोड निकाल्यो । हामी राई होईनौं भन्न थाल्यौं भने हामी त्यसै हराउँछौं विलाउँछौं भन्ने निष्कर्ष निकाल्दै ३ जुलाई २०२१ का दिन युनलुङमा बसेको वैठकले बाहिङ किरात राई मुलुखिम हङकङलाई नाम परिवर्तन गरेर किरात बायुङ राई सुम्निखिम हङहङ राख्ने निर्णय गरियो । त्यसमा किसन दाईको भने अलिक भिन्न राय थियो ।

नेपालमा राई हौं र होईनौ भन्ने विषयमा सहमती जुट्न नसके पछि २०७७ सालमा नै किरात बायुङ राई सुम्निखिम नेपाल गठन भई सकेको थियो । त्यसै संस्थाको शाखाको रूपमा हामीले पनि हङकङमा किरात बायुङ राई सुम्निखिम हङकङ गठन गरेका थियौं । किसन दाईको विचारमा हामी दुवै एकै हौ त्यही भएर दुवैको नामवाट मिलाएर नाम राखौं न भन्ने थियो तर वहुमतले त्यो मानेन । तर उहां २०२१ को अक्टोवर महिनामा नेपाल जानु भन्दा अघि सम्ममा कन्भिन्स भई सक्नु भएको थियो । नेपाल जानु अघि अध्यक्ष ज्यूलाई फोन गरेर ठिकै छ बहुमतले भने पछि मलाई पनि स्विकार्य नै छ भनेर भन्नु भएको रहेछ । तर अक्टोवर महिना २०२१ को उहांको त्यो नेपाल भ्रमण उहाँको लागि अन्तिम र कहिल्यै नफर्किने नेपाल भ्रमण वन्यो । समाचारहरूका अनुसार उहाँ खोटाङ हलेसीवाट भोजपुर तर्फ जाँदै गर्दा सौच गर्ने क्रममा खोटाङको चिउरीडाँडाको भिरबाट पंखु खोलामा खसी सदाका लागि पितृ पूर्खाहरूको शरणमा पुग्नु भयो जो हामी सबै हङकङेली

नेपाली समाजका लागि र किरात बायुङ राई सुम्निखिमका लागि अपुरणीय क्षति हो जसको पुर्ताल कहिल्यै हुन सक्दैन ।

तपाईको अभाव सधै हामीलाई खट्की रहने छ किसन दाई । तपाई बिकनाको बायुङ राई सुम्निखिम हङकङ जसोतसो घस्री रहेको छ ।

किसन दाई पश्चात हाम्रो संस्थाको महत्वपूर्ण दोश्रो व्याक्ति अध्यक्ष लोक राज राई हुनुहुन्छ । उहाँ बायुङ भाषा, संस्कार र संस्कृतीमा विशेष दक्खल राख्नु हुन्छ । उहाँ पनि नहुनुहुंदो हो त हाम्रो के गति हुन्छ अहिलेलाई कल्पना मात्र गरौं ।

किरात बायुङ राई सुम्निखिम हङकङको तर्फबाट र मेरो व्याक्तिगत तर्फबाट फेरि पनि हार्दिक श्रद्धान्जली छ किसन दाइ ।

तपाईको आत्माले शान्ति पाओस् । तीन चुलामा सधै तपाईको बास होस् ।

तपाईको साईला,

डिसेम्वर २०२२

(लेखक किरात बायुङ राई सुम्निखिम हङकङ शाखाका सचिव हुन्)

# बायुङ रदु (राई) को उत्पत्ति र झाम्चा (सेलेमि) र नक्सोको भुमिका



– नरभक्त बायुङ राई
बर्नालु ओखलढुङ्गा, हाल यू.के.

पृथ्वीको उत्पत्तिपछि धर्ति माता निनिरेङमाको र सृष्टिको बारेमा लेख पहिलो पाठ-१ मा छ । आजको लेख पाठ-२ मा चाही झाम्चा सेलेमी (धामी) र नक्सो रदु (राईको) पितृको बारेमा पुर्खाहरू यो चाही थुथुरी वेद है सुनिराख भन्दै सुनाएको मिथक हो । सायद फरक-फरक गाउँ ठाँउमा भनाइ पनि फरक नै हुन सक्छ ।

माता निनिरेङ्माले यो सुन्दर पृथ्वीमा सृष्टिको कल्पना गरे । आमालाई चुनिमो पनि भनिन्थ्यो र उहाँको पवित्र आत्माबाटै निनियानियामा छोरिको जन्म भयो । उहाँको सपनाबाटै पाएको बृहस्पति (रूवापा सिलापो) उनिहरूको मैथुनबाट गुप्सा (बाघ), भालु (वाम), सोक्से (बाँदर) र मिनी(मानव) को जन्म भयो । यसरी पशु र मानवको जन्म भयो । सुरूमा निनियानियामाले सोक्से (बाँदर) जन्माईन् । उसलाई मानव ठानेर शक्तिसाली चिचिमाला दिएर यो पृथ्वीको सृष्टि गर भनी आर्शिवाद दिए । तर बादरले हुन्छ भनेन । जति बढ्दे गयो उति काम बिगार्ने र उपद्रो मात्रै गऱ्यो । यसकारण आमा निरास भईन् । उनीले अझै एउटा जन्माउने निर्णय गरे । छोराको नाम मिनी (मानव) राखे । ऊ दिन प्रति दिन हुर्कदै गयो । ऊ अनुशासित र सहनशिल देखेर आमा अति नै खुसि भईन् । बादरलाई फकाई फुलाई गरेर जुन शक्ति चिचिमाला मागेर भाई मिनीलाई दिनु लगाईन् । आमाले सारा जगतको हेरचाह गर्ने जिम्मा मिनीलाई दिईन् । जिबिको पार्जन गर्नको लागि सिकार खेल्नमा मिनीको ध्यान

गयो । शिकार खेल्ने क्रममा एक दिन ढुकुर मारेर घरमा ल्याए । ढुकुरको गाँडबाट निस्केको कोदो, मकै, कागुनिलाई घुऱ्यानमा फालि दिए । सबै उम्रियो । फुल अनि फल्यो । मिनीले बिचार गऱ्यो चराले खाएको हामीले पनि खान हुन्छ भनेर जोगाई राखे तर बादरले एकदिन सबै लुचलाच पारि बिगार गऱ्यो । त्यसै कारण त्यसो नगर । पाक्यो भने सबैले खान पाइन्छ भनेर गाली गरेछ । तर बाँदर त रिसाउँदै चिचि भन्दै भागेछ । चिचि भनेको चाहिं मेरो चिचिमालाले भनेको रे । त्यहाँ देखि कहिलै फर्केर आएन रे र आज पनि बिगार गरेर खेदाउदा चिचि भन्दै भाग्छ रे । आमाले बाँदर नदेखे पछि मिनीलाई सोध्यो, वृतान्त बतायो र चिचि भन्दै हिंड्यो । क्रमश दैनिक जीवनयापन यसरी नै चलिरहेको थियो । एक दिन सिकार जाने क्रममा मिनीले नदेखि बाघले मिनीलाई पच्छ्याउँदै गयो रे । जंगलको बिच भागमा एउटा चौरको एक छेउमा ठुलो घ्रुक्सी (रूख/सिमलको) थियो । त्यो सिमलको रूखको हाँगै हाँगा थियो । सिमल रूखको मिथक पनि हाम्रो मुन्दुमसँग जोडिएको छ । त्यहि रूखको पहिलो खुड्किलोमा खाना राखेर मिनी सिकार गर्न जंगल पस्यो । लुकेर बसेको बाघ निस्केर मिनीको खानेकुरा एउटै नराखि खाएर घर फर्केछ । मिनी सिकार खोज्दा खोज्दा थाकेर लखन्तरान भएर खाना राखेको ठाउँमा आउँदा खाना छैन । दायाँ बायाँ हेऱ्यो कोही केही छैन । घर फर्केर वृतान्त आमालाई सुनायो । अर्को दिन पनि खाना त्यही राखेर सिकार गर्न जंगलतिर पसे । त्यस्तै भयो । यसरी एक दिन चाहिं सधै राख्ने ठाउँमै खाना राखेर मिनी चाहिं त्यही सिमलको रूखमा चढेर बस्यो । खस्रेङ खुस्रुङ गर्दै जंगलबाट बाघ निस्केर मिनीले राखेको खानेकुरा तानेर खान थाल्यो । बाघले झम्टीयो भने त मलाई नि बाँकी राख्दैन भनेर अझै माथि उक्लियो । यहि बेला हावा चल्यो । हावाले रूख हल्लीयो । घामको टकले मिनीको छायाँ जमिनमा यता उता हल्लेको देख्यो र बाघले त्यो छायाँलाई जता छायाँ जान्छ त्यतै झम्टिन थाल्यो । मिनीले सोच्यो मेरो छायाँ देख्दा त मारेर खाउला जतिकै गर्छ

भने मलाई भेट्यो भने बाँकी राख्दैन । रूखबाट धनु बाण तयारी बनाई 'ए बुच्चे मेरो छायाँलाई किन झम्टिन्छस् तेरो दम छ भने म यहाँ माथि रूखमा छु आइज भनेछ । बाघले पनि रूख माथि हेरेर एक्कासी माथिनै झम्ट्यो । त्यति खेरै  बाघले 'हाङ' गरेको बेला मुखैमा मिनीले बाण हानि दियो । बाघ ढल्यो । मिनी हतार हतार झरेर बाघलाई उठायो तर बाघ मरीसकेको थियो । मिनी आतिदै घर फर्के । वृतान्त आमालाई सुनाए । आमा आतिलिदै तैले त साम्से गरिस हिंड कहाँ छ? भनेर बाघ मरेको ठाउँमा दुबै जना गए । आमाले शक्ति प्रयोग गरी फुकेर स्वास लगाएर बचाए । आज पनि कोही बिहोस भएमा मुखबाट फुक्ने चलन छ । होसमा आएपछि बाघले आमालाई यसो भने 'मेरो' गल्ति हो अब देखि म जंगलमै बस्छु तपाईलाई भोग लाग्छ भने म मधेशतिर गर्जदा तपाईहरू लेकतिर जानुस र लेकतिर गर्जिदा मधेशतिर जानुहोस । त्यसपछि बाघ जंगलमै बस्न थाल्यो । घरमा आमा पनि बाघलाई नै पच्छ्याउदै जंगलमा गईन । बाघले बोले जस्तो सिकार मार्न नसक्दा भोकको सुरमा आमाको घोक्रो फुटाएर मार्‍यो । आमा मारेपछि छक्क पर्‍यो । आमाको लाश के गर्ने भनि सोच्दै गर्दा जंगलबाट भालु निस्कीयो । आमाको लाश भालुले म लगेर गाड्छु भनि बोकेर हिंड्यो । खाल्डो खनेर गाड्ने बेलामा भोकले लखतरान भएर  भोक खप्न नसकि केही समय सोच्छ अनि आमालाई गाडे भने पनि सडेरै जाने हो बरू खाए भने मेरो भोक त टर्छ भनेर आमालाई खाए । हड्डी खुड्डी गाडेर घर फर्किए । यसरी धेरै समय लगाएपछि बाघले प्रश्न गर्‍यो किन यति ढिलो गर्‍यौ ? भालुः- खाल्डो खन्दा ढिलो भयो । बाघलाई शंका लागेर खैं आँ गर तेरो मुख हेर्छु भनि सोध्यो । आँ... गर्दा आमाको केश भालुको दाँतभरि अल्झेको देखेर बाघले भालुलाई तेरीमा फटाहा आमालाई खाईस ? भनेर भालुलाई ढुङ्गाले टाउकोमा हिर्कायो । त्यसपछि भालुले सत्यतथ्य बाघलाई सुनाए । आमा बिरामि परेपछि राम्रोसँग केही खान पाएकै थिएन । त्यसैले निकै भोक लागेर खाएँ अनि हड्डि कुड्डी गाडेको छु भन्यो ।

त्यसपछि अब आमा पनि छैन दाई भाई पनि कता गए अब हामी पनि एक साथ बसेमा झगडा गर्छौं बरू हामी पनि छुटौ भनेर भालु र मिनी छुटेछन् । यसरी बाघ, भालु, बाँदर र मिनी छुट्टाछुट्टै बसेका हुन । मिनीले पृथ्वीको राजा सृष्टि गर्न थाल्यो । मिनीको वंश किरात निनिनाप्चा वलिङ शिवजि र यलुङ सम्मको पाठ-१ मा गरेको छु । यही निनिनाप्चाको सन्तान रदुङ (राई) खम्बु, मेल्नाहाङ (लिम्बु), लाङ्लेवा (सुनुवार) र मेराति (मधेशी) भएको हो । नक्सो, रदुङ(राई) को जेठा पतालक्राशी र नामनामी थारीहाङमा (वेर्आ) भए । माईला पातिहाङ : पातिहाङको सन्तान जाउमा ल्खिउमा र कोक्तीसाला र खोचिलिपा । कोक्तीसालाको धेरै सन्तानहरू मध्ये एक भाई चाहिं बायुङ राई (रदु) हो । राईहरूको प्रथम पुर्खा कोक्तीसालानै हुन् । होङ बचाउने कोक्तीसाला नै हुन् । त्यहाँभन्दा अगाडी पुर्वजहरूको होङ बचाएको नाम छैन । अब शिवजीको पाठ -१ पनि सन्तानको वर्णन गरेको छैन । कारण शिवजी पनि कोक्तीसालाकै सन्तान थिए जुन कुरा ब्राम्हणहरूको वेदमा पनि उल्लेख छ ।

शिवजी किरातीको सन्तानको माईलो सन्तानमा पर्दछन् । ऊ सँग तन्त्र मन्त्र र अद्भुत शक्ति थिए । उसलाई जलमो, झाम्चा (सेलेमी), बिजुवा वेदमा चाहिं अघोर पनि भनिएको छ । शिवजी निशन्तान भएको कारण भाङ धतुरो सेवन गर्दथे । मुन्दुम अनुसार उसको श्रीमती जलमा (पार्वती) मात्रै हुन् तर वेद अनुसार तिन ओटा श्रीमती छ । १ सत्य देवी, २. पार्वती, ३. गोमा हुन् । मुन्दुम कथा अनुसार सेलेमी थिए । भाङ धतुरो खाइ पार्वतीलाई दुख दिए पछि पार्वतीले पनि झाक्रिनी ब न्ने इच्छा प्रकट गरिन र शिवजीले पार्वतीलाई तन्त्रमन्त्र पनी सिकाए । तर शिवजीले एउटा मन्त्र चाहिं सिकाएनन् । किनकि गुरू सँग एउटा मन्त्र बढि हुनु पर्छ र अरूलाई सिकाउँदा पनि एक मन्त्र कमि सिकाउनु भनि सम्झाए । त्यसपछि पार्वतीले आफुले पाएको विध्ये वरिपरि छरछिमेकमा प्रयोग गर्न थालिन् ।


शिवजीले उपचार गरेको ठाउँमा पनि पार्वती आफैले झारफुक गर्न थालिन तर एउटा उकार गर्न पार्वतीले सकिनन् र शिवजीलाई बोलाइयो । शिवजीले जोखना हेऱ्यो । खास शिवजीले तन्त्र मन्त्र पार्वतीलाई सो कामको लागि सिकाएका थिएनन् । यस्तो नगर्न भनी पार्वतीलाई सम्झायो । अनि पार्वतीले भनिन् । महादेव मैले यो गर्नु नै तपाईंको लागी हो । किनभने तपाईँ भाङ धतुरो खानुहुन्छ । मैले घरमा दिएर सम्भव हुँदैन । गाउँमा मैले झारफुक गरिन भने झारफुक गर्न जानुहुन्छ जाँड, रक्सि, भाङ, धतुरो खानुहुन्छ अनी घर फर्कनु हुन्न । त्यसैले मैले यसो गरेकी हुँ । भनेपछि शिवजी चुपचाप बसेछ । त्यसो हुदाँ आज पनि धामी र धमीनीको बिचको सम्बन्ध कस्ले बिगाऱ्यो भनेर भन्दैनन् । त्यसपछी शिवजी १२ वर्षको लागी अन्तर ध्यान गर्न कैलाश हिमाल जानुभयो । त्यही मौका उचित ठानी पार्वतीले अनाथ बच्चा घरमा पालेका थिए । घर भित्र पार्वती स्नान गर्दै छु बाहिरबाट कोही आएमा प्रवेश निषेध गर्नु भनेर पार्वतीले छोरालाई ढोकामा राखीन् तर त्यही समयमा १२ वर्षको अन्तर ध्यान सकेर शिवजी कैलाशबाट फर्केर घर आइपुग्यो । ढोकाबाट छिर्न नदिए पछि जबरजस्ती गरेर घरमा प्रवेश गऱ्यो । अचानक शिवजी घर भित्र पसेपछि पार्वतीले भनिन् महादेव तपाई कसरी यहाँ म स्नान गर्दै छु । ढोकामा छोरा राखेको थिए ! भन्दा शिवजी आतिदै छोरा/पार्वती ! शिवजीले तुरून्तै चारै दिशामा चेलाहरूलाई पठाए जे भेट्छौ त्यसैको टाउको काटेर ल्याउनु । दक्षिणमा जानेले हात्तीको बच्चा भेटे छ । टाउको काटेर ल्याए र शिवजीलाई दिए । त्यही टाउको जोडेर पूर्ण जिवित पारेर नाम गणेश राखेर गणेश भने । फेरी पछि अर्को दोस्रो छोराको रूपमा पाले र नाम टिके राख्छन् । यी कथाले पनि सन्तान नभएको प्रस्ट हुन्छ । यी हिन्दु ग्रन्थ वेदमा उल्लेख छ ।

यही कारण शिवजीको सन्तान हामी भन्नु र बाहुनहरूले ब्रम्हको सन्तान हामी भन्नु लाजपस्द कुरा मात्रै हो । कारण पुराणमा यसो भनेको छ । ब्रम्हाणीहरू सन्तान फैलाउने भनेर ब्रम्हाले अर्शिवाद

दिए तर सन्तान नभए पछि ब्रम्हाणीहरू ब्रम्ह कहाँ सन्तान माग्न पुग्छन् । भन्छन् “हे ब्रम्हा हामीबाट सन्तान भएन अब हामी के गरौं ? ब्रम्हाले यसो भने” हेर ब्रम्हाणी हो म ब्रम्हचारी हुँ बरू तपाईहरू यहाँबाट उत्तरमा नेपाल खाल्डो छ । त्यहाँ कैलाशपति किरातेश्वर शिवजीको पुजा आरधना गर, सन्तान लाभ हुन्छ भने । यतिभने पछि ब्रम्हाणीहरू त्यहाँ आइपुग्छन् । तर किरातेश्वर शिवजीले ब्रम्हणीहरू आउदैं गरेको देख्छन् । शिवजी, चर्दै गरेको पशुहरूको बथानमा गएर लुक्छन् । तर ब्रम्हणीहरू त्यतै गएर भन्छन हे पशुपतिनाथ हामी किरातेश्वर शिवजी (महादेव) खोज्दै पाठ पुजा र दर्शन गर्न यहाँ आएका हौ हजुरलाई थाहा छ भने हामीलाई देखाएर सहयोग गरिदिनुसन भने । शिवजीले भने छ “उहाँ त कैलाश गै सक्नु भयो र उहाको दशर्न र पाठ पुजा गर्नु हुन्छ भने ऊ त्यहाँ पशुपतिनाथमा शिवलिङ्ग छ त्यँहा पुजा आरधना गरे इच्छा मनोकांक्षा पुरा हुन्छ भने” । त्यहाँ देखि नै पशुपति भनेर पशुपतिमा शिवलिङ्गको पुजा आरधना सुरू गरे । यसरी सन्तान प्राप्तीको लागि ब्रम्हाणीहरूले शिवलिङ्गको पुजा आरधना सुरू गरे । यसरी सन्तान प्राप्तीको लागी ब्रम्हाणीहरूले शिवलिङ्गको पुजा आरधना गर्न पशुपतिनाथ भनेर त्यहाँ आउन शुरू गरेको कथा पुर्खाहरूले अझै सुनाउँछन् । तर हामीले पुज्ने ठाउँ भने पशुपति मन्दिरको उत्तर पट्टि रहेको किरातेश्वर मन्दिर हो । त्यहाँ तितेपाति, अदुवा र चोखो मर्चाले पुजाआजा गर्न सके राम्रो हुन्छ भनेर थुथुरी वेदको मिथकमा सुनाएको पाईन्छ ।

**नोटः लेखकले सुनेर मनन गरेको मिथक हुनाले आधिकारीक प्रमाणीकण गर्ने विशेषाधिकार निजि रहनेछ ।**

# बल बहादुर राईको संक्षिप्त चिनारी



किरात बायुङ राई समुदाय संगै नेपाली जनमानसमा सुपरिचित नाम हो बल बहादुर राई । ओखलढुङ्गाको मोलि हाल मानेभञ्ज्याङ गाउँपालिका-१ जस्तो विकट गाउँमा जन्मेर पनि आफूलाई सामाजिक, सांस्कृतिक र राजनीतिक रूपान्तरणको अथक योद्धा सावित गराए । ०७ सालको क्रान्तिका मुक्ति सेनानी स्व. राई संघर्षको भट्टी र इमानको कसीमा खरो उत्रिएकाहरू मध्ये गिन्तिको अग्रपंतिमा आउने नाम हो । उतार चढावपूर्ण जीवनको अनेक भूमिका निर्वाह गर्दै देशको १९ पटक सम्म कार्यवाहक प्रधानमन्त्री भई इतिहासको पानामा आफ्नो नाम सुनौंलो अक्षरमा लेखाए ।

बाल्यकाल देखि नैं खरो, स्पस्ट, मिलनसार र आफ्नो कुरामा अडिग रहने स्वाभावका धनी राई जीवनको उत्तरार्द्धमा पुग्दा पनि ती कुराहरूमा कतै विचलन देखिएन । सत्ता, सम्पत्ति र परिवार मोह त्यागेर समाज परिवर्तन र मुक्तिको यात्रामा अविराम हिंडिरहे । अनेकौं चुनौतिहरू खुशिले सामना गरे तर लोभ र अवसरमा आफूलाई कहिल्यै विसर्जन गरेनन । अन्तरआत्माको इमानलाई सुनेर देश र जनताको हितमा आफूलाई समर्पण गर्ने उनै बल बहादुर राई निष्ठाको अर्को नाम पनि हो । यहाँ बल बहादुर राई स्मृति प्रतिष्ठानको मुखपत्र साम्थी अर्थात निष्ठा (२०६७) मा प्रकाशित उनको संक्षिप्त चिनारी साभार गरी प्रस्तुत गरिएको छ ।

नाम : बल बहादुर बायुङ राई
जन्म मिति : १९७७/११/०६
जन्मस्थान : साविक मोली गाविस हाल मानेभञ्ज्याङ गा.पा वडा नं., ओखलढुङ्गा
श्रीमती : पद्मशोभा राई
पिता : नवलसिं राई
छोरा : प्रेमराज राई, भूपराज राई
छोरी : मा. प्रमिला राई, उर्मिला राई
नाति : ६ जना, नातिनीः ५ जना
पनाति : ३ जना, पनातिनीः ३ जना
शिक्षा : स्वअध्ययन

## सरकारी सेवा

१) सिपाहीः श्री विष्णुल पल्टन, ओखलढुङ्गा (१९९५-१९९७)
२) सिपाहीः श्रीजंग पल्टन, धनकुटा (१९९८-१९९९)
३) हवल्दारः धनकुटा तेह्रथुम माल अड्डा (१९९९-२००२)
४) वहिदारः पल्लो किरात तेह्रथुम माल (२००२-२००७)
५) मन्त्रीः आवास तथा भौतिक योजना मन्त्रालय (२०४८-२०५१)
६) मन्त्रीः श्रम मन्त्रालय (२०५२-२०५४)
७) का.मु. प्रधानमन्त्रीः १९ पटक

## राजनीतिक अनुभव

१) राजनीति प्रवेशः भारत छोडो आन्दोलनमा वीपी कोइरालाको प्रभाववाट राणा शासन विरोधी आन्दोलनमा पर्चा बाँड्दै हिंडेको, त्यसपछि मुलुकभित्र भूमिगत आन्दोलनमा सक्रिय भएको (२००४)
२) २००७ सालको जनक्रान्तिमा सक्रिय सहभागी भई काम गरेको ।
३) मनोनित सदस्यः श्री ५ त्रिभूवनबाट २०१० मा केन्द्रीय सल्लाहकार सभामा मनोनित ।
४) सभापतिः ने.का.जि.का.स. ओखलढ्ङ्गा (२००९-२०४५)
५) सभापतिः ने.का.जि.का.स. ओखलढुङ्गा तदर्थ समिति (२०५६)

६) केन्द्रीय सदस्यः नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति (२०१६-२०६७)
७) सभापतिः ने.का.जि.का.स. ओखलढ्ङ्गा (२०५६-२०६२)
८) सांसदः प्रतिनिधि सभा, ने.का.का तर्फबाट (२०१५-२०१७)
९) सांसदः प्रतिनिधि सभा, ने.का.का तर्फबाट (२०४८-२०५१)
१०) सांसदः प्रतिनिधि सभा, ने.का.का तर्फबाट (२०५१-२०५५)
११) सांसदः राष्ट्रिय सभा, ने.का.का तर्फबाट (२०५६-२०६०)
१२) सांसदः राष्ट्रिय सभा, ने.का.का तर्फबाट (संसद पुनर्स्थापना पछि)
१३) सभामुखः संसद पुनर्स्थापना पछि जेष्ठ सदस्यको हैसियतले वैठक संचालन ।

## जेल जीवन

१) २०१७-२०१८ सम्म प्रजातन्त्रको समाप्ति पछि ।
२) २०१८-२०२५ सम्म भारत निर्वासित (त्यसै वेला सर्वस्वहरण)
३) २०२९ सालमा संघसंस्था नियन्त्रण ऐन अन्तर्गत थुनामा ।
४) २०३१-२०३२ सम्म ओखलढुङ्गा सोलुखुम्बु टिम्बुरवोटे काण्डमा राजकाज अपराध ऐन अन्तर्गत जेल चलान ।
५) भद्र अवज्ञा आन्दोलनमा सहभागी, २०४१ साल ।
६) २०४६ को जनआन्दोलनमा फागुन ५ देखि चैत्र २६ सम्म ओखलढुङ्गा बाट सिराहा जेल चलान ।
७) २०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनमा पटक पटक पत्राउ परी प्रहरी नियन्त्रणमा ।

## समाज सेवा

१) संरक्षकः ने.का. भवन निर्माण सहयोग समिति, ओखलढुङ्गा (२०५३)
२) सदस्यः ने.का.जि.का.स., ओखलढुङ्गा (२०५३)
३) संरक्षक सदस्यः जेपी प्रतिष्ठान (२०५१)
४) सदस्यःविकास तथा सञ्चार समिति, प्रतिनिधि सभा (२०५२)
५) संस्थापक सदस्यः उदासी (२०५२)
६) आजीवन सदस्यः शान्ति आश्रम (२०५२ देखि)

**भ्रमण**

१) स्वदेशः नेपाल अधिराज्यका अधिकांश जिल्लाहरू ।
२) विदेशः थाईल्याण्ड, सिंगापुर, फ्रान्स, वेलायत, स्विट्जरल्याण्ड, संयुक्त अरव इमिरेट्स र भारत ।

**सम्मान/अभिनन्दन**

- कृष्ण प्रणामी सेवा समिति काठमाडौले अभिनन्दन (२०५३/०१/२२)
- प्रजातान्त्रिक विचार समाज काठमाडौले अभिनन्दन (२०५७/०१/०१)
- गणेशमान सिंह अध्ययन प्रतिष्ठानले अभिनन्दन (२०६१/१२/२६)
- पोकलि झरना सेवा समाजले अभिनन्दन (२०६४/०२/०२)
- जुद्ध बहादुर राईवाट अभिनन्दन (२०६२/०६/०२)
- नारदमुनि थुलुङ स्मृति परिषदवाट सम्मान (२०६१/०५/२६)
- पुष्पलाल स्मृति प्रतिष्ठानवाट सम्मान ।
- सहिद थिरवम मल्ल मेमोरियल फाउण्डेसनवाट सम्मान (२०६६/०५/३०)
- नेपाल विद्यार्थी संघ, त्रिचन्द्र क्याम्पस इकाईवाट सम्मान ।

**देहान्त**

मृगौला सम्वन्धि समस्याबाट पीडित भई शिक्षण अस्पताल महाराजगञ्जमा उपचार गराउदा गराउँदै मिति २०६७ साल असार २० गते विहान ४ वजेर ३० मिनेट जांदा स्वर्गारोहण ।



**आइती बहादुर बायुङ राई**
शिशुमार्ग, इटहरी ६, सुनसरी
इटहरी-६ धरान रोड, सुनसरी



# गजल

**प्रशान एलुङ राई**
नेचासल्यान गाँउपालिका-५,
ल्वाङसे सोलुखुम्बु, नेपाल
हालः संयुक्त राज्य अमेरीका

सोक्सो मोमो पासी मानु, बमेम् सम्म साम रिमी
मुन्याम्पछि लाचो दुम्आ, जम्अके क्वाङ लाम रिमी

ङाचा रके सिलो दाम्लो, साम्सी मानु जाम्सी मानु
नाग्ले पाया, सेग्रो पाया, माप्लेन्दिया ताम रिमी

रेङना माबो आफाके खोङ, ईक्के खना माराई माबो
गुई खनाङ् मिम्सियाखा, तिल्ने तिङ्ने झाम रिमी

चेईसी जुल्या तुम्लो यालो, बमे नाङा जोक्बा तुआ
माआखाडा वाखा-वाखा, नोथा चिङ्ला जाम रिमी

*(पहिलो पल्ट प्रकाशित, निप्सुङ् २०६२)*

किरात बायुङ राईहरूको तुम्लो यालो (मुन्दुम), इतिहास, भाषा, संस्कार, संस्कृति, पुरातात्विक एवं ऐतिहासिक गढी, मौलिक ज्ञान, शिप, कला, संगित, भेषभुषा लगायतका विषयहरूमा लेख रचनाहरू पाठ्यपुस्तक र चासुवामा प्रकाशन गरिने भएकाले निम्न इमेल वा संस्थाको कार्यालयमा पठाई दिनुहुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

Email: bayungsumnikhim@gmail.com

**सम्पादन मण्डल**

# मुक्तकहरू:



- युम्बुमि अलिम्चा
ओखलढुंगा

जिन्दगीलाई मुस्किलमा, कहिल्यै नपार्नु
ती आँखाबाट मोतीदाना, कहिल्यै नझार्नु
तिमीसँगै तर्नु छ जिन्दगीका, कैयौं भङ्गालोहरू
थमाएको हात छोडी, पाइला अन्तै नसार्नु ॥ १ ॥

म गर्छु नुनको कुरा
तिमी गर्छौ सुनको कुरा
भो गर्न छाडिदेऊ अब
त्यो नभेटिने जुनको कुरा ॥ २ ॥

नजरमा नजर जुधायौ, र त आत्तिएँ
यौवनको नसा चढायौं, र त मात्तिएँ
पुषको ठण्डी जिउनै, कठ्याङ्ग्रिने
न्यानो मफलर ओढायौ, र त तात्तिएँ ॥ ३ ॥

मायामा भेट्नै पर्छ, भन्ने कहाँ छ र
हरेक तिर्खा मेट्नै पर्छ, भन्ने कहाँ छ र
आफ्नो स्वार्थ पुरा, भएन भन्दैमा
माया गर्ने मुटु रेट्नै पर्छ, भन्ने कहाँ छ र ॥ ४ ॥

चिरबिर चिरबिर चराहरू, चिरबिराउन थाले
बाहिर सडकमा केही, गुनगुनमउन थाले
उठ नानी उठ बाबु, उठ मान्छेहरू हो
पुर्वी क्षितिजबाट कोही चिहाउन थाले ॥ ५ ॥





# गजल

– जे.बि. जिज्ञासु
नेचासल्यान २, दोदी, सोलुखुम्बु

आदिम सभ्यता हो संस्कृति हो किरात
मानव सभ्यता, रीतिथिती हो किरात
मुन्दुम जलाइए, यलम्बरको देशमा
र भ्रम फैलाईयो कुरीति हो किरात

गर्छन् सम्मान सबै धर्मको यिनले
सहिष्णुताको परिमिति हो किरात
न राम न रावण मात्र हुन्छ प्रकृति
मानव जाति, धर्मको नीति हो किरात

पितृ सदा मान्ने प्रकृति पुजक हामी
ग्रन्थको पनि ग्रन्थ इतिवृत्ति हो किरात



# आमा (कविता)

**– सुष्मा बायुङ राई,**
नेचासल्यान–१, सोलुखुम्बु

हरेक दु:ख कष्टसँग सामना गर्ने
सामर्थ्य छ तिमीसँग आमा
कहिले उदास कहिले फुरूङ्गै
कहिले आनन्दले जिउँछौ तिम्रो जीवन ।

कहाँ कहाँ छन् सारा सृष्टि
सबै तिर छ तिम्रो बास
मानभरी शान्त, सन्तुष्टले भरिपूर्ण
सुशिल सुन्दर ती तिम्रा अटुट मुहार ।

सारा दुनियाँ चकित पार्ने
ती तिम्रा अपार महिमा
खैंक कसरी खोलौं कसरी बयान गरौं
त्यो तिम्रो चम्किला निस्वार्थ भावना।

दु:ख सुखसँग मितेरी साइनो गाँसी
सहजै नयाँ पथको यात्रा तय गर्नु छ
हजारौं सपनाको भारी मनमा बोकी
भीडबाट नयाँ जीवनको पाटो आरम्भ गर्नु छ ।

# आर्थिक प्रतिवेदन



**पार्वती (रिम्वाफुङ) राई**
कोषाध्यक्ष

आदरणिय अध्यक्ष,

किरात बायुङ राई सुम्निखिम केन्द्रिय कार्यालय काठमाण्डौं

प्रमुख अतिथि विशिष्ट अतिथि अतिथिगढ सल्लाहकार नक्सो झाम्चा/जाम्चा, मुलुमी मसिमी, लगाएत सम्पूर्ण आमाबुवा, दिदिबहिनी, दाजुभाई तथा नरनाता, इष्टमित्र शुभचिन्तक साथै अग्रज बुद्धिजिवीहरू,

सर्वप्रथम सुम्निखिमको उन्नति र प्रगति होस, सबैको मन मुटुमा बस्न सफल होस भनी स्वइच्छाले अमूल्य आर्थिक सहयोग गर्नु भएकोमा सम्पुर्ण सहयोगीहरूलाई हार्दिक आभार साथै धन्यवाद व्यक्त गर्दछु । हाम्रो तुम्लोयालो संरक्षण र संवर्द्धनका निम्ती आगामी दिनमा पनि यसै गरी साथ सहयोग गर्न हुने नै छ भन्ने पूर्ण आशा र विश्वास लिएकी छु ।

कुनै पनि संस्थालाई जीवन्त दिनलाई आर्थिक पक्षको महत्वपुर्ण भूमिका रहन्छ । किरात बायुङ राई सुम्निखिम सिमित श्रोत साधनबाट बायुङ समुदायको हितको लागि क्रियाशिल छ । तपाईहरूले ठूलो मन बनाएर दिनु भएको आर्थिक सहयोगलाई पारदर्शिता, इमान्दारपुर्वक र मितव्ययिताको साथ उचित शिर्षकमा खर्च गर्न सक्दो कोसिस गरेका छौ र गर्ने छौ भन्ने प्रतिबद्धता व्यक्त गर्दछु । सुम्निखिमको प्रचार प्रसार गर्न हामी सबैको दायित्व र जिम्मेवारी हो । यस विषयमा सम्पूर्ण बायुङ राई समुदायमा हार्दिक अपिल पनि गर्दछु ।

यदि कही कतै कमि कम्जोरी भएमा सुधार गर्ने अवसरको लागि सल्लाह सुझाव र अपेक्षा तपाईहरूबाट नै आशा गर्दछौ । (सुझाव

सल्लाह र सहयोगको लागि हाम्रो *(Email: bayungsumnikhim@gmail.com)*

किरात बायुङ राई सुम्निखिमको आ. ब. २०७८/७९ आय/व्यय निम्न अनुसार छन् ।

**Dwaraka & Co.**
**Regd Auditors**
**Org. No. 202**

**Pan No. 500008430**

**INDEPENDENT AUDITOR REPORT**
**ON**
**FINANCIAL STATEMENT**

We have audited the attached Balance sheet of, **Kirat Bayung Rai Sumnikhim ., Sukedhara - 4 , Kathmandu ( Pan.No.615292809 )** as on 32nd Ashadh 2079, and the related statements of income for year then ended These financial statements are the responsibility of the Association's. Our responsibility is to express an opinion on these financial statements based on our audit.

**We report that**

a) We have obtained all the information and explanation which to the best of my knowledge and beliefs were necessary for the purpose of my audit
b) In our opinion, the Association has kept proper books of account so far appears from our examination of these documents.
c) The Balance Sheet and Profit and Loss Account dealt with by the report are in agreement with the books of accounts.
d) In our opinion and to the best of my information and according to the explanation given to us the said accounts give a true and fair views:
e)
   I. In the case of Balance Sheet of the state of affairs of the firm as on 32nd Ashadh 2079 and,
   II. In the case of Profit and Loss account, actual result of the transaction during the year.
f) In our opinion and to the best of my information, it is not noticed that any employees of the Association has acted contrary to the legal provision relating to the account or committed any misappropriation or caused loss or damage.

**Dwarika Chaulagain**
Regd. Auditor
For : Dwaraka & Co
Date : 2079/06/12
Place : Kathmandu

UDIN Number:221215RA03376coN24

# Kirat Bayung Rai Sumnikhim
## Sukedhara - 4 , Kathmandu
## Balance Sheet
As on 32nd Ashadh 2079

**Amount in Rs**

| **Sources of Fund** | Schedule | Current Year | | Previous Year |
|---|---|---|---|---|
| Saving Fund | | | | |
| Lifetime Membership Fund | | 65,000.00 | | - |
| Accumulated Fund | | (1,798.00) | | - |
| (Excess of Income Over Exp.) | | (2,933.00) | | (1,798.00) |
| **Total:** | | **60,269.00** | | **(1,798.00)** |
| | | | | |
| **Application of Fund** | | | | |
| **Fixed Assets** | 2 | | | |
| Gross Block | | 9,375.00 | | - |
| Depreciation | | 3,125.00 | | - |
| **Net Block** | | **6,250.00** | | - |
| **Current Assets** | | | | |
| Cash & Bank Balance | 1 | 55,894.00 | | 3,202.00 |
| Advance & deposit | 3 | - | | - |
| **Total Current Assets** | | 55,894.00 | | 3,202.00 |
| **Less Current Liabilities** | 4 | 5,000.00 | | 5,000.00 |
| **Net Working Capital** | | 50,894.00 | | (1,798.00) |
| **Profit & Loss A/C** | | - | | - |
| **Total:** | | **57,144.00** | | **(1,798.00)** |

Treasurer

chairman

Auditor

Dwaraka & Company Registered Auditors Cop No: 2173 Kathmandu, Nepal

किरात बायुङ राई सुम्निखिम केन्द्रीय कार्यसमिति

## Kirat Bayung Rai Sumnikhim

**Sukedhara - 4 , Kathmandu**

**Cash Flow Statement**

As at end of Ashadh 2079

| | Particulars | Amounts In NRS |
|---|---|---|
| A. | **Cash flow from Operating Activities** | |
| | Profit (Loss ) During the year | (2,933.00) |
| | **Adjustment** | |
| | Depreciation | 3,125.00 |
| | (Increase)/Decrease Closing Balance | - |
| | (Increase)/Decrease Advance & Deposit | - |
| | Increase/ ( Decrease ) Current Liabilities | - |
| | **Net Cash from Operating Activities** | **192.00** |
| | | |
| B. | **Funds from investing Activities** | |
| | Investment in Fixed Assets | (12,500.00) |
| | | |
| C. | **Cash from Financing Activities** | |
| | Lifetime Membership Fund | 65,000.00 |
| | Increase / ( Decrease) Fund | - |
| | **Total Cash from financing Activities** | **65,000.00** |
| | **Total Cash Flow during the Year (A+B+C)** | **52,692.00** |
| | **Cash & Bank Balance begining of the year** | **3,202.00** |
| | **Cash & Bank Balance end of the year** | **55,894.00** |

Treasurer

chairman

**Kirat Bayung Rai Sumnikhim**
**Sukedhara - 4 , Kathmandu**
**Profit & loss Account**
For the year ended 32nd Ashadh 2079

**Amount in Rs**

| **Particulars** | **Schedule** | **Current Year** | **Previous Year** |
|---|---|---|---|
| Total Received | 5 | 727,662.00 | 157,701.00 |
| | | - | - |
| **Total:** | | **727,662.00** | **157,701.00** |
| Administration Overhead | 6 | 727,470.00 | 159,499.00 |
| Operating Profit & ( Loss) | | 192.00 | (1,798.00) |
| Miscellanceous Income | | - | - |
| Depreciation | 2 | 3,125.00 | - |
| **Excess Of Income Over Expenditure** | | **(2,933.00)** | **(1,798.00)** |
| **Saving** | | | |
| Previous Year Saving | | - | - |
| Current Year Saving | | (2,933.00) | (1,798.00) |
| **Saving transferred to B/S** | | **(2,933.00)** | **(1,798.00)** |

Treasurer

chairman

Auditor

**Kirat Bayung Rai Sumnikhim**
**Sukedhara - 4 , Kathmandu**

**Schedule : 2**
**Fixed Assets Details**

| Group | A | B | C | D | |
|---|---|---|---|---|---|
| Particulars (Pool) | Building | Office Equipments | Vehicle | Others | Total |
| Original cost as on 31-03-078 | - | - | - | - | - |
| Depreciation up to 31-03-078 | - | - | | - | - |
| Balance up to 01-04-078 | - | - | - | - | - |
| Adding During the year | - | 12,500.00 | - | - | 12,500.00 |
| Disposal/sales during the year | - | - | - | - | - |
| Total Amount | - | 12,500.00 | - | - | 12,500.00 |
| Depreciation Rate | 5% | 25% | 20% | 15% | - |
| **Depreciation During The Year** | **-** | **3,125.00** | **-** | **-** | **3,125.00** |
| **WDV as on 32-03-079** | **-** | **9,375.00** | **-** | **-** | **9,375.00** |

Treasurer

chairman

Auditor

**Kirat Bayung Rai Sumnikhim**
**Sukedhara - 4 , Kathmandu**
**Fiscal Year 2078 - 079**

*Schedule - 1* **Amounts In Rs**

| Cash & Bank Balance | Current Year | Previous Year |
|---|---|---|
| Cash Balance | 29,232.00 | - |
| Bank Balance | 26,662.00 | 3,202.00 |
| **Total :** | **55,894.00** | **3,202.00** |

*Schedule - 3* **Amounts In Rs**

| Advance & Deposit | Current Year | Previous Year |
|---|---|---|
| | - | - |
| **Total :** | - | - |

*Schedule - 4* **Amounts In Rs**

| Current Liabilities | Current Year | Previous Year |
|---|---|---|
| Parbati Rai | - | - |
| Audit Fee Payable | 4,925.00 | 4,925.00 |
| TDS on Audit Fee | 75.00 | 75.00 |
| **Total :** | **5,000.00** | **5,000.00** |

Treasurer

chairman

Auditor

# Kirat Bayung Rai Sumnikhim
## Sukedhara - 4 , Kathmandu
## Fiscal Year 2078 - 079

*Schedule - 5*

| Programme Income | Amounts In Rs | |
|---|---|---|
| **Particulars** | **Current Year** | **Previous Year** |
| Member Income | 4,400.00 | 45,550.00 |
| Other Income | 491,298.00 | 52,386.00 |
| Deusi Bailo Income | 110,664.00 | 59,765.00 |
| Picnic Income | 121,300.00 | - |
| **Total :** | **727,662.00** | **157,701.00** |

*Schedule - 6*

| Administration Expenses | Amounts In Rs | |
|---|---|---|
| **Particulars** | **Current year** | **Previous Year** |
| Printing & Stationery | 66,350.00 | 39,589.00 |
| AGM Expenses | 57,454.00 | - |
| Calender & Booklate Publication | 246,400.00 | 66,000.00 |
| Picnic Expenses | 159,495.00 | - |
| Audit Fee | 5,000.00 | 5,000.00 |
| Tea & Khaja Expenses | 70,750.00 | 22,810.00 |
| Office Exp. | 76,590.00 | 5,000.00 |
| Miscellaneous Expenses | 29,000.00 | 6,100.00 |
| Local Conveyance | - | - |
| Organization Regd Exp. | 16,431.00 | 15,000.00 |
| **Total :** | **727,470.00** | **159,499.00** |

Treasurer

chairman

Auditor

**Kirat Bayung Rai Sumnikhim .,**
**Sukedhara - 4 , Kathmandu**
***Financial Year 2078/079(2021/2022)***

**Schedule 7**

**Significant Accounting Policy and Notes to Account**

**A. Basis of Accounting**
Financial statements have been prepared under historical cost convention and accrual accounting concept (except as specifically stated in this schedule) following Nepal Accounting Standards .

**B. Revenue Recognition**
Revenue has been recognized as and when the services are confirmed to deliver to customers (Groups) unless there is uncertainty as to the realization of amount.

**C. Fixed Assets**
Fixed Assets have been valued at Cost. All expenses incurred for bringing the assets to their present location and conditions have been capitalized.

**D. Depreciation**
Depreciation on fixed assets has been provided on Diminishing Balance Method at the following rates provided in Income Tax Act 2058

| | |
|---|---|
| A. Building | 5% |
| B. Office Equipment and Furniture & Fixtures | 25% |
| C. Automobiles | 20% |
| D. Machinery and Other Fixed Assets | 15% |

Depreciation on additions made or allocated to the fixed assets during the financial year has been provided as per Income Tax Act, 2058 by applying following proportions.

| | |
|---|---|
| A. Fixed Assets acquired up to Poush End | Full Depreciation |
| B. Fixed Assets acquired between Magh and Chait End | 2/3 Depreciation |
| C. Fixed Assets acquired between Baisakh and Asar End | 1/3 Depreciation |

**D. Income Tax Provision**
Income Tax provision was made as per the provision of Income tax Act and it may be differing when tax audit is done.




प्रथम वार्षिकोत्सव कार्यक्रम-२०७८ पौष २० गते, ओखलढुङ्गा




प्रथम वार्षिकोत्सव कार्यक्रम-२०७८ पौष २० गते, ओखलढुङ्गा




बायुङ मातृभाषाको पाठ्यपुस्तक तर्जुमा सम्बन्धि प्राज्ञिक गोष्ठी, २०७९।०५।२५



सामूहिक देउसी-भैलो कार्यक्रम (बलिहाङ चार्ड), २०७९।०७।०८



राष्ट्रिय तथ्याङ्क कार्यालयमा ज्ञापन-पत्र बुझाउदै, २०७९।०८।२१



वनभोज कार्यक्रम-२०७८, गोकर्णेश्वर, काठमाडौं




किरात बायुङ राई सुम्निखिम जिल्ला कार्य समिति गठन (उदयपुर), २०७७/११/१८



केन्द्रिय उपाध्यक्ष दिपक बायुङ राईबाट सपथ ग्रहण (उदयपुर), २०७७/११/१८



केन्द्रीय कोषाध्यक्ष रिम्वाफुङ (पार्वती) बायुङ राईको उपस्थितिमा पाँचथर हिलिहाङ गा.पा.- ७ टारि राई द्याल कमिटी गठन, २०७९/०५/१३



सोल्मा डाँडागाउँ द्याल समिति गठनको क्रममा ८७ वर्षिय नक्सो जसबहादुर बायुङ राई चासुवा अध्ययन गर्दै, खोटाङ




राष्ट्रिय तथ्याङ कार्यालयमा आफ्नो माग सहित धर्ना कार्यक्रम, २०७९/०९/११



धर्ना कार्यक्रम पछि राष्ट्रिय तथ्याङमा किरात राईहरूको थरगत भाषिक संस्थाका प्रतिनिधिहरूसँगको सामूहिक छलफल